काठमाडौं, नेपालगन्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक

दैनिक

**आर्थिक**

सम्भावित डेपुटी गभर्नरको खोजीमा अर्थमन्त्री र बैंकका निर्देशकहरूबिच छलफल

**समाचार**

दोषीमाथि कारबाही र मृतकलाई सहिद घोषणा नगरे आन्दोलन



**टोटेनहमको संकट उकास्ने आशामा डे जेर्बी**

उथलपुथलपूर्ण सिजन (२०२५-०२६) को अपमानजनक अवस्थाबाट क्लबलाई माथि उठाउन ४७ वर्षे प्रशिक्षक डे जर्बी आफू सक्षम रहेको विश्वास गर्छन् ।

वर्ष १८, अंक ९०, पृष्ठ ८, बिहीबार, २१ साउन २०८३, श्रावण कृष्णपक्ष अष्टमी, Thursday, 6 August 2026, नेपाल संवत् ११४६, मूल्य- १०/- nagariknews.com

# स्वार्थले संकटमा कांग्रेस

## आआफ्नै दोकान खोल्ने तयारीमा नेताहरू

बालकृष्ण अधिकारी

*काठमाडौं, साउन २०*

'देशमा स्वार्थ परायणता, साम्प्रदायित्व, व्यक्तिवादी मनोवृत्ति र विदेशपट्टि आमुख हुने प्रवृत्तिको बोलवाला छ। यस्तो परिस्थितिमा सबभन्दा पहिले हत्या राष्ट्रियताको हुन्छ। हिजोसम्म हाम्रो संघर्ष जनताको प्रजातान्त्रिक अधिकारका निम्ति मात्र थियो। त्यसो हुनाले हामीले प्रजातान्त्रिक पक्षमा मात्र बढी जोड

> नेताहरूको मनोग्रन्थी देश, जनता होइन, पार्टी कब्जा गरेर भविष्य बनाउनेतर्फ उद्वेलित छ। नेताहरूको अहंकार र आत्मकेन्द्रित स्वार्थका कारण कांग्रेस विभाजनको डिलमा पुगेको छ।



दियौं। आज यसमा एउटा नयाँ आयाम थपिएको छ। त्यो हो, देशको अस्तित्वको रक्षा गर्नु।'

नेपाली कांग्रेसका संस्थापकमध्येका एक बिपी कोइरालाले राष्ट्रिय एकता र मेलमिलापको नीति लिएर २०३३ सालमा स्वदेश फर्कनुअघि गरेको अपिलको एक अंश हो यो। एक साताअघि सुनसरीको देवानगन्ज-३ कप्तानगन्जमा भएको दुई पक्षीय विवाद बढ्दै जाँदा बिपीले त्यतिबेला भने जस्तै मुलुक धार्मिक र सामाजिक रूपमा अप्ठेरोतर्फ उन्मुख थियो। सरकार, राजनीतिक दलहरूसहित सबै पक्षको संयमले विविधतामा एकता चरित्रमा आँच ल्याउने प्रयास असफल भएको छ। तर त्यही एकता र सहअस्तित्वको आह्वान गर्ने बिपीसहितका नेताहरूले स्थापना गरेको नेपाली कांग्रेस भने अहिले सबैभन्दा अप्ठेरो र संकटमा छ। नीति, कार्यक्रम र वैचारिक मतभेद, देश, जनता, पार्टीको चिन्ता र चिन्तनले यो संकट आएको होइन। नेताहरूको अहंकार र आत्मकेन्द्रित स्वार्थका कारण कांग्रेस विग्रह र विभाजनको डिलमा छ।

२००३ सालमा बिपीसहितका नेताहरूले राणाशासन अन्त्यका लागि स्थापना गरेको कांग्रेस पार्टी जनताको माग र समयको आवश्यकताअनुसार निर्णय लिँदै अघि बढ्दा झन्डै ८० वर्ष मुलुकको मियो बन्न पुगेको इतिहास छ। राणाशासन हटाउन कांग्रेसभन्दा पहिला प्रजा परिषद् पहिला नै स्थापना भएको थियो तर नीतिभन्दा नेता प्रधान हुँदा प्रजापरिषद्सहितका धेरै दल इतिहासका पानामा सीमित भए।

नेपालमा मात्र होइन, छिमेकी मुलुक भारतमा केही वर्षअघिसम्म सत्ताको राइँदाइँ गरेको कांग्रेस आई अहिले कुन अवस्थामा छ? विश्वका अन्य लोकतान्त्रिक मुलुकमा पनि लामो समय शासन गरेका दलहरू कसरी विलय भए भन्ने कांग्रेसका नेताले नबुझेका होइनन्। तर गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनले रोपेको असन्तोष विशेष महाधिवेशन हुँदै अहिलेसम्म आइपुग्दा कांग्रेस सबैभन्दा ठुलो संकटमा छ। विशेष महाधिवेशनबाट निर्वाचित नेतृत्वलाई निर्वाचन आयोग र सर्वोच्च अदालतले वैधता दिएपछि विवाद थप पेचिलो बन्न पुगेको छ।

एकातिर वैधता पाएको विशेष महाधिवेशनबाट निर्वाचित नेतृत्व उदारतासहित त्यसमा छुटेका नेताहरूलाई समेटेर अघि बढ्न तयार देखिएको छैन भने अर्को पक्ष पनि लोकतान्त्रिक विधि र प्रक्रिया आत्मसात् गर्न तयार देखिँदैन। विशेष महाधिवेशनबाट निर्वाचित नेतृत्वसँग वैधानिकताको बल छ तर त्यहाँ लिगेसी र पुराना नेताहरूको अभाव छ। अर्को पक्षसँग लिगेसीसहित अनुभव छ तर वैधता छैन र युवा शक्ति आश्वस्त हुनु सकेको छैन।

*बाँकी पृष्ठ २*

# एमाले किचलोले प्रदेश सरकार गठनमा अन्योल

नागरिक संवाददाता

*चितवन, साउन २०*

नेकपा एमालेको आन्तरिक किचलोले प्रदेशमा नयाँ सरकार गठन र विस्तारमा झमेला देखिएको छ। एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बिचको सहमतिअनुसार प्रदेशमा नयाँ सरकार गठनमा एमालेभित्र मत मिल्न सकेको छैन। जसका कारण कोसी, बागमती प्रदेशमा नयाँ सरकार गठन अन्योलमा परेको छ। अन्य प्रदेशमा मन्त्रिपरिषद् विस्तार हुन सकेको छैन। एमालेभित्रको विवाद प्रदेशमा समाधान हुन नसकेपछि एमाले अध्यक्ष केपी शर्मा ओलीले कोसी र बागमतीका नेतालाई काठमाडौंमै बोलाएर छलफल गरेका छन्। ओलीले बुधबार मुख्यमन्त्री हिक्मत कार्की, पार्टीका कोसीका अध्यक्ष घनश्याम खतिवडा, सचिव राजकुमार भण्डारीसहितका नेताहरूसँग छलफल गरेका हुन्।

बागमती प्रदेश सरकारबाट एमाले बाहिरिएको १५ दिन पुग्यो। अहिलेसम्म बागमतीमा कुनै दलले आफ्नो पक्षमा बहुमत देखाउन सकेको छैन। नेकपासँग मिलेर सरकार बनाउने निर्णयसहित सरकारबाट बाहिरिएको एमालेलाई समेत बहुमत पुर्‍याउन सकस परिरहेको छ। बागमतीमा सबैभन्दा ठुलो दल कांग्रेसका इन्द्रबहादुर बानियाँ नेतृत्वको सरकार अल्पमतमा परेको छ। कांग्रेस र एमाले यतिखेर संख्या पुर्‍याउन लागिपरेका छन्।

कांग्रेसले प्रदेशसभामा दुई सिट भएको हामी नेपाली पार्टीलाई सरकारमा ल्याएर ३८ सिट पुर्‍याएको छ भने एमाले र नेकपासँग सिट संख्या ५१ छ। यद्यपि कार्यवाहक सभामुख एमालेका तर्फबाट हुँदा ५० मत मात्र हुन्छ। मुख्यमन्त्री बन्न ५३ मत आवश्यक पर्छ। यतिखेर एमाले र नेकपालाई सरकार बनाउन राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) वा नेपाल मजदुर किसान पार्टी (नेमकिपा) को साथ अनिवार्य हुन्छ। कांग्रेसलाई एमाले र नेकपाबाहेक सबै पार्टीको समर्थन चाहिन्छ।

> बागमती प्रदेशमा मुख्यमन्त्री बन्न ५३ मत आवश्यक पर्छ। यतिखेर एमाले र नेकपालाई सरकार बनाउन राप्रपा वा नेमकिपाको साथ अनिवार्य हुन्छ। कांग्रेसलाई एमाले र नेकपाबाहेक सबै पार्टीको समर्थन चाहिन्छ।

बागमती प्रदेशमा सरकार गठनका लागि एमालेले राप्रपासँग अनौपचारिक छलफल अघि बढाएको जनाइएको छ। बागमतीमा एमालेबाट निर्वाचित सांसद जयराम थापाले सरकार गठनका विषयमा राप्रपाका संसदीय दलका नेतासँग निरन्तर संवाद भइरहेको बताए। 'राप्रपालाई औपचारिक पत्र भने पठाइएको छैन। राप्रपाका संसदीय दलका नेतासँग छलफलमा छौं,' उनले भने 'उहाँले आफ्ना पार्टी अध्यक्षसँग थप छलफल गर्नुहुन्छ।'

अर्कातर्फ संसदीय दलको नेतासमेत परिवर्तन गर्ने तयारीमा एमाले छ। थापाले वर्तमान संसदीय दलका नेताको भूमिकामा धेरै सांसदले प्रश्नसमेत उठाएको बताए। 'उहाँको कार्यशैलीका कारण २० सांसद असन्तुष्ट देखिनुहुन्छ,' उनले भने, 'अहिले पार्टी नेतृत्वले परिवर्तन नगर्न आग्रह गरेर हो। आवश्यक परे संसदीय दलको नेता तत्काल परिवर्तन हुन सक्छ।' उनले संसदीय दलको नेतामा किरण थापालाई ल्याउने तयारी रहेको समेत बताए। 'हामीलाई सरकार बनाउन नेकपासहित राप्रपा पनि आवश्यक पर्छ। राप्रपासँग उहाँको समन्वयकारी भूमिका प्रभावकारी देखिएन,' उनले भने, 'राप्रपाले समर्थन गर्ने व्यक्तिलाई संसदीय दलको नेता बनाउनुपर्छ।'

बागमती प्रदेश सरकार गठनको प्रक्रिया अझै पनि अंकगणितीय जोडघटाउमै अल्झिएको छ। नेकपा सांसद कृष्णप्रसाद खनालले बागमतीमा सरकार गठनका लागि राप्रपाको निर्णय आवश्यक पर्ने बताए। 'हामीलाई बहुमत पुर्‍याउन अझै तीन सिट आवश्यक पर्छ,' उनले भने, 'त्यसका लागि नेमकिपा वा राप्रपाले समर्थन गर्नुपर्ने हुन्छ।'

राप्रपाले भने तत्काल प्रदेश सरकारमा सामेल नहुने निर्णय गरेको छ। राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले आफ्नो पार्टी सरकारमा सहभागी हुने विषयमा कुनै औपचारिक छलफल वा निर्णय नभएको बताए। उनले नागरिकसँगको कुराकानीमा राप्रपा आफैं सरकारमा जान पहल गर्ने पक्षमा नरहेको स्पष्ट पारे। उनले हालसम्म कुनै दलसँग औपचारिक संवाद नभएको र कुनै दलले सहयोगका लागि अनुरोधसमेत नगरेको उनको भनाइ थियो। 'हामीले अहिले कुनै हिसाबकिताब लगाएका छैनौं। कुनै दलसँग औपचारिक कुराकानी पनि भएको छैन। कुनै दलले अनुरोध पनि गरेको छैन,' उनले भने, 'हाम्रो नीति आफैं खोज्दै जाने नीति छैन। हाम्रो इच्छा भएको भए हामी आफैं कुरा गर्न जान्थ्यौं होला।'

उनले सरकार गठनका लागि राप्रपाको सहयोग आवश्यक ठाने सम्बन्धित दलहरू नै वार्ताका लागि आउनुपर्ने धारणा राखे। 'अरूलाई इच्छा छ र हाम्रो सहयोग चाहिने हो भने उनीहरू हामीसँग कुरा गर्न आउनुपर्छ,' उनले भने। लिङ्देनले केही राजनीतिक दलले राप्रपाका सांसदहरूसँग छुट्टाछुट्टै रूपमा सम्पर्क र छलफल गरिरहेको सूचना आएको उल्लेख गर्दै त्यसलाई पार्टीले गम्भीरतापूर्वक लिएको बताए।

*बाँकी पृष्ठ २*

# धवल र दुर्गाको 'जय नेपाल पार्टी'





काठमाडौं, साउन २० (नागरिक)- राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) त्यागेका धवलशम्शेर राणा र मेडिकल व्यवसायी दुर्गा प्रसाईं नयाँ राजनीतिक दल गठनको अन्तिम तयारीमा जुटेका छन् । दुवैले साउन २८ गते 'जय नेपाल पार्टी' घोषणा गर्दै निर्वाचन आयोगमा दर्ताका लागि निवेदन दिने तयारी गरेका छन्। पार्टीको अध्यक्षमा राणा रहने छन्। प्रसाईंलाई सर्वोच्च नेता बनाउने सहमति भइसकेको छ। पार्टीको संगठनात्मक संरचना र अन्य अजेन्डा भने घोषणाकै दिन सार्वजनिक गरिने जनाइएको छ। राणाले गत जेठ १७ गते राप्रपा परित्याग गरेका थिए। त्यसपछि जेठ २२ गते प्रसाईंसँग नयाँ राजनीतिक दल गठन गर्ने सहमति भएको थियो। त्यसयता दुवै जना नयाँ दलको तयारीमा जुटेका थिए।



**राजधानीमै यो चाला, अन्यत्र के होला ?** मर्मतको पर्खाइमा काठमाडौं महानगरपालिका-७ कालोपुलस्थित सडक। केही दिनअघिको वर्षाले भासिएको सडक मर्मत नहुँदा सवारी आवागमनमा कठिनाइ भएको छ। *तस्बिर : रासस*

# चिकित्सा स्नातक प्रवेश परीक्षा कहिले ?

रूबी रौनियार

*काठमाडौं, साउन २०*

राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को नतिजा सार्वजनिक गरेको करिब डेढ महिना बितिसक्दा पनि चिकित्सा शिक्षा स्नातक तह (एमबिबिएस, बिडिएस, बिएस्सी नर्सिङ, बिपिएच, बिफार्मलगायत) को एकीकृत प्रवेश परीक्षाको आवेदन खुल्न सकेको छैन। यसले चिकित्सा शिक्षा अध्ययनको तयारीमा रहेका हजारौं विद्यार्थीलाई अन्योलमा पारेको छ भने शैक्षिक क्यालेन्डरसमेत प्रभावित हुने निश्चित बनेको छ।

विभिन्न विश्वविद्यालयहरूले विभिन्न संकायमा स्नातक तहको प्रवेश परीक्षा लिई भर्ना प्रक्रियासमेत अगाडि बढाइसकेको अवस्थामा मेडिकलतर्फका विद्यार्थीहरूको भर्नाका लागि हुने एकीकृत प्रवेश परीक्षा अझै सुरु हुन सकेको छैन। राष्ट्रिय चिकित्सा शिक्षा आयोगले स्वीकृत गरेको शैक्षिक क्यालेन्डरअनुसार साउनको सुरुतिर नै प्रवेश परीक्षाको सूचना प्रकाशित गरी आवेदन प्रक्रिया अघि बढिसकेको हुनुपर्थ्यो तर निर्धारित समयसीमाभित्र कुनै प्रक्रिया सुरु हुन नसक्दा आयोगको कार्यसम्पादन क्षमतामाथि प्रश्न उठेको छ।

आयोगका अधिकारीहरूका अनुसार लामो समययता आयोगमा आवश्यक पदाधिकारी रिक्त रहनु र निर्देशकसहितका पदमा नियुक्ति प्रक्रियामा ढिलाइ हुनु नै प्रवेश परीक्षाको प्रक्रिया अघि बढ्न नसक्नुको प्रमुख कारण हो। निर्णय गर्ने निकाय पूर्ण रूपमा सक्रिय हुन नसक्दा परीक्षा तालिका, आवेदन र भर्नासम्बन्धी निर्णयहरू अघि बढ्न सकेका छैनन्। आयोगको योजना तथा प्राज्ञिक उन्नयन निर्देशनालयका पूर्वनिर्देशक प्राध्यापक डा. रमेशप्रसाद आचार्यका अनुसार चिकित्सा शिक्षाजस्तो संवेदनशील क्षेत्रमा शैक्षिक क्यालेन्डरको पालना अत्यन्त महत्त्वपूर्ण मानिन्छ। उनले प्रवेश परीक्षामा भएको ढिलाइले केवल परीक्षा मात्र नभई भर्ना, म्याचिङ, कक्षा सञ्चालन, इन्टर्नसिप र आगामी शैक्षिक सत्रसम्म प्रभाव पार्ने सम्भावना देखिएको बताए।

'हालको सरकारद्वारा खारेज गरिएका १६ सय पदमा अझै धेरै नियुक्ति हुन बाँकी छ। त्यसैमध्ये आयोगका परीक्षा, योजना, मापदण्ड र नेसनल बोर्ड निर्देशनालय गरी चार निर्देशनालयका निर्देशक पद रिक्त छन्,' प्राध्यापक डा. आचार्यले नागरिकसँग भने, 'मेडिकल शिक्षामै करिअर बनाउँछु भनेर बसेका विद्यार्थीका लागि एकीकृत प्रवेश परीक्षा निकै महत्त्वपूर्ण हुन्छ। सरकार यसबारे संवेदनशील भएर निर्देशकहरू तत्काल नियुक्त गरी विद्यार्थीलाई मेडिकल प्रवेश परीक्षाको बाटो खोलिदिनुपर्छ।' उनले एकीकृत प्रवेश परीक्षाअघि कलेज अनुगमन, सिट संख्या तोक्नेलगायत काम पनि गर्नुपर्ने र त्यसका लागि पनि समय लाग्ने बताए। यसले विद्यार्थीको शैक्षिक योजना र देशको स्वास्थ्य जनशक्ति उत्पादन दुवैमा दीर्घकालीन असर पार्न सक्ने भएकाले आयोगले प्रशासनिक ढिलाइ अन्त्य गर्दै यथाशीघ्र स्पष्ट कार्यतालिका सार्वजनिक गर्नुपर्नेमा प्राध्यापक डा. आचार्यको जोड छ।

> पदाधिकारी नियुक्तिमा ढिलाइका कारण चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा प्रभावित हुँदा हजारौं विद्यार्थी अन्योलमा परेका छन्। प्रवेश परीक्षा ढिलो हुँदा भर्ना, म्याचिङ र कक्षा सञ्चालनसमेत पछाडि धकेलिने जोखिम बढेको छ। चिकित्सा शिक्षा आयोगले भने छिट्टै तालिका सार्वजनिक गर्ने बताएको छ।

त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय तथा अन्य विश्वविद्यालयले अधिकांश स्नातक कार्यक्रमका लागि भर्ना प्रक्रिया अघि बढाइसकेका छन्। कतिपयले प्रवेश परीक्षा सञ्चालन गरेर कक्षासमेत सुरु गर्ने तयारी गरेका छन्।

*बाँकी पृष्ठ २*

# नागरिकता नहुँदा सुविधाबाट वञ्चित

वसन्त ढुंगाना

*चितवन, साउन २०*

चितवनको खैरहनी नगरपालिका-१० स्थित कठारमा सरकारले बनाइदिएको घरमा बस्छिन् छेउरी माझी। उनका दुई छोरा र तीन छोरी छन्। छोराछोरीको विवाह भएर नातिनातिना जन्मिसकेका छन्। तर तिनीहरूले पढ्न पाएका छैनन्। किनभने उनीहरूको जन्मदर्ता नै छैन। 'कक्षा ५ सम्म त पढे, त्यसभन्दा माथि गएपछि जन्मदर्ता चाहिने रहेछ,' माझीले भनिन्, 'हामीले त पढेको छैन, उनीहरूले पनि पढ्न पाएनन्।'



चितवनको खैरहनी नगरपालिका-१० स्थित कठारमा बस्दै आएको माझी परिवार। *तस्बिर : नागरिक*

बालबच्चाको जन्मदर्ता नबन्नुको कारण हो- छेउरीको नागरिकता नहुनु। चितवन आएर बसेको चार पुस्ता भए पनि ससुराले नागरिकता नबनाउँदा आफूहरू नागरिकता लिनबाट वञ्चित भएको उनी बताउँछिन्। 'हामी चितवनमा आएर बसेको चार पुस्ता भयो। २०५७ सालमा सरकारले हामीलाई फोटोसहितको मतदाता परिचयपत्रसमेत दिएको थियो। त्यही आधारमा २०६७ सालसम्म भोटसमेत हालेका थियौं,' उनले भनिन्, 'यसपालि भोट हाल्न पनि पाएनौं।'

छेउरीलाई आफ्नो उमेर ठ्याक्कै थाहा छैन। उनका गाला चाउरी परिसकेका छन्। बुढेसकालमा भए पनि नागरिकता पाउने आशा छ उनलाई। 'मर्ने बेलासम्म पनि नागरिकता भएन। छोराछोरीको पनि बनाइदिन पाइनँ,' उनले भनिन्, 'मेरो नागरिकता बनेपछि छोराछोरीको बनाउन हुन्थ्यो।'

जितन माझीलाई पनि आफ्नो उमेर थाहा छैन। हेर्दा २६/२७ का जस्ता देखिन्छन् उनी। विदेश जाने उमेरमा घरमा त्यतिकै बस्नुपरेको उनी बताउँछन्। 'साथीहरू कति विदेश गइसके, म भने नागरिकता नहुँदा भारतसमेत जान पाएको छैनँ,' उनले भने, 'बाआमाको नागरिकता बन्यो भने मेरो पनि बनाएर विदेश जाने योजना छ।' उनले पढ्न पनि पाएनन्। छेउरी र जितन मात्र होइन, खैरहनी-१० कठारका १० देखि १२ परिवारको अझै पनि नागरिकता नभएको उनीहरू बताउँछन्। राज्यका आधारभूत सेवा, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, बैंकिङ सेवा र रोजगारीका अवसरमा नागरिकता अत्यावश्यक हुन्छ।

*बाँकी पृष्ठ २*



काठमाडौं महानगरपालिका-२२ सुन्धारास्थित धरहरा चढ्न बुधबार टिकट काट्न लामबद्ध सर्वसाधारण। *तस्बिर : रासस*

# जानकी मन्दिरको महन्त बन्न दौडधुप

## आफूलाई हटाएर रामरोशनलाई महन्त बनाउन लागेको कुरा थाहा पाएपछि रामतपेश्वरले समितिमार्फत मन्दिर सञ्चालन गर्न नागरिक समाजलाई आग्रह गर्न थालेका छन्।

**सुरेन्द्र यादव**

*जनकपुरधाम, साउन २०*



२० वर्षदेखि जानकी मन्दिरको महन्तको गद्दीमा विराजमान रामतपेश्वर दास वैष्णवले मन्दिरलाई 'ट्रस्ट'मा लाने अभिव्यक्ति दिएपछि नयाँ बहस सुरु भएको छ। मन्दिरको आम्दानी र खर्चमा महन्त दासको एकलौटी अधिकार हुँदाहुँदै आखिर उनले किन गरे 'ट्रस्ट'मा लैजाने प्रस्ताव ? आफू महन्तबाट हट्न लागेपछि 'ट्रस्ट'बाट सञ्चालन होस् भन्ने चाहेको हो ? त्यो बुझ्न गुठी संस्थानले केही दिनअघि जानकी मन्दिरमा महन्त नियुक्तिका लागि अगाडि बढाएको प्रक्रिया र उत्तराधिकारी महन्त रामरोशन दासको दौडधुपबारे बुझ्नुपर्छ।

गुठी ऐन २०३३ अनुसार महन्तको कार्यकाल पाँच वर्षको हुन्छ। महन्त दासको कार्यकाल पूरा भइसकेको छ। दास गुरु-शिष्य परम्पराअनुसार महन्तमा नियुक्त भएका थिए। तर गुठीले यसपटक पुजारी तथा जनशक्ति व्यवस्थापन निर्देशिकाबमोजिम नियुक्त गर्न लागेको हो।

निर्देशिकाअनुसार महन्त बन्न उत्तराधिकारी महन्त हुनैपर्ने जरुरी छैन। गुठी सञ्चालक समितिले सम्बन्धित धर्म सम्प्रदायको दर्शनसम्बन्धी ज्ञान भएको व्यक्तिलाई महन्त नियुक्त गर्न सक्छ। महन्त बन्न मुख्य महन्तको साथभन्दा गुठी संस्थानका पदाधिकारीको निर्णयमा निर्भर हुन्छ। संस्थानको निर्णय आफ्नो पक्षमा पार्न रामरोशन लागिपरेका छन्। गुठी संस्थानले महन्त नियुक्ति प्रक्रिया अगाडि बढाएसँगै उत्तराधिकारी महन्त रामरोशन जानकी मन्दिरको मुख्य महन्त बन्न सक्रिय भएका छन्। आफूलाई हटाएर महन्त बन्न रामरोशन गुठी संस्थानको केन्द्रीय कार्यालय काठमाडौंमा दौडधुप सुरु गरेपछि रामतपेश्वर आक्रोशित बनेका छन्। आफूलाई हटाएर रामरोशनलाई महन्त बनाउन लागेको कुरा थाहा पाएपछि रामतपेश्वरले समितिमार्फत मन्दिर सञ्चालन गराउन यहाँका नागरिक समाजलाई आग्रह गर्न थालेका छन्।

२० वर्षदेखि मन्दिरमा एकछत्र राज गरेका रामतपेश्वरको महन्त पद खुस्किन लागेपछि उनले 'ट्रस्ट'को कुरा उठाएको आरोप लागेको छ। तर रामरोशन 'ट्रस्ट'को पक्षमा छैनन्। रामरोशन मुख्य महन्त बन्न गत शुक्रबार गुठी संस्थानको केन्द्रीय कार्यालय काठमाडौं पुगेका थिए। स्रोतका अनुसार उनकै पहलमा संस्थानले महन्त नियुक्तिका लागि अग्रसरता देखाएको छ। आर्थिक लेनदेनकै कुरा गर्न उनी अहिले काठमाडौं पुगेको स्रोतको दाबी छ।

रामरोशनले आफूलाई मुख्य महन्त बन्ने इच्छा रहेको स्वीकार गरे। उनले नागरिकसँग भने, 'महन्तजी उमेरको हिसाबले ७५ कटिसक्नुभएको छ। अब उहाँले आफ्नै शरीर सम्हाल्न सकिरहनुभएको छैन, मन्दिर कसरी सम्हाल्न सक्नुहुन्छ ? उहाँलाई उठ्न-बस्न पनि अन्य मान्छेको सहारा लिनुपरेको छ, अब उहाँले महन्तको जिम्मेवारी छोड्नुपर्छ।' महन्त दासले आफूलाई रामरोशनले मन्दिरबाट हटाउन लागिपरेको आरोप लगाएका छन्। उनी भन्छन्, 'जसरी जेन-जी आन्दोलनले केपी शर्मा ओली र शेरबहादुर देउवालाई सत्ताबाट बाहिर गर्‍यो, त्यसरी नै आफूलाई जानकी मन्दिरबाट बाहिर गर्न लागेको छ।'

उनले रामरोशनबाट आफ्नो ज्यानको खतरा रहेको भन्दै प्रशासनसँग शान्तिसुरक्षाको माग गरेका छन्। शक्ति र स्रोतका लागि प्रतिस्पर्धा गरिरहेका रामतपेश्वर र रामरोशन नाता मामा-भान्जा पर्छन्। महन्त रामतपेश्वर दास वैष्णवले आफ्नो फर्जी हस्ताक्षर गरेर रामरोशन दासले गुठी संस्थानबाट उत्तराधिकारी महन्तको नियुक्ति लिएको आरोप लगाएका थिए। उनले आफ्नो ज्येष्ठ शिष्य रामरोशन नभई मनोज दास रहेको बताएपछि शिष्यसम्बन्धी विवाद जिल्ला अदालत धनुषा पुगेको थियो।

अदालतले हस्ताक्षर कीर्ते नभएको ठहर गरेपछि उत्तराधिकारी र ज्येष्ठ शिष्यसम्बन्धी विवाद साम्य भएको थियो। अदालतको फैसला आफ्नो पक्षमा आएपछि उनले नै गुठी संस्थानलाई महन्त नियुक्तिका लागि प्रक्रिया अगाडि बढाउन जोडबल गरेका हुन्। अदालतको फैसला आएपछि मात्रै संस्थानले महन्त नियुक्तिमा सक्रियता देखाउनुले पनि उनकै पहलमा संस्थानले महन्त नियुक्ति गर्न लागेको संकेत गर्छ। उनीनिकट स्रोतका अनुसार अदालतको फैसला पहिले आएको भए रामरोशन महन्त बनिसकेका हुन्थे। बल्ल केही महिनाअघि मात्रै उनी त्यो विवादबाट बाहिर निस्किएका छन्। अब उनी आफ्नो मुख्य लक्ष्यतर्फ अगाडि बढेको स्रोतको दाबी छ।

२०७० माघ १७ गते रामतपेश्वर दासलाई हटाएर संस्थानले जगदीश दास वैष्णवलाई महन्त नियुक्त गरेको थियो। रामतपेश्वर दासले गुठीको जग्गा अतिक्रमण गरेको र नियुक्तिको सर्तबमोजिम आय-व्यय विवरण नबुझाएको भन्दै उनलाई हटाएर संस्थानले जगदीश दास वैष्णवलाई महन्त नियुक्त गरेको थियो। महन्तबाट हटाएपछि महन्त दासले जानकी मन्दिरमा महन्त गुरु-शिष्य परम्पराबाट नियुक्त हुने भन्दै सर्वोच्च अदालतमा नियुक्तिविरुद्ध मुद्दा दायर गरेका थिए। उनले अदालतमा मुद्दा र सडकमा आफ्ना पक्षधरलाई आन्दोलनमा उतारेर गुठी संस्थान जनकपुरमा तालाबन्दीसमेत गराएका थिए। जनकपुरका तत्कालीन गुठी प्रमुख दीपक पाण्डेलाई कालोमोसो दलेको अभियोगमा जिल्ला अदालतले रामतपेश्वरलाई दोषी ठहर गर्दै पाँच हजार रुपैयाँ जरिबानाको फैसला सुनाएको थियो।

तत्कालीन गुठी प्रमुखलाई कालोमोसो दलेको आरोपमा जिल्ला अदालतबाट दोषी ठहर भए पनि सर्वोच्चको फैसला उनकै पक्षमा आएको थियो। सर्वोच्चले रामतपेश्वरलाई महन्तमा सदर गरेपछि जगदीश दास महन्त पदबाट हटेका थिए। त्यसयता रामतपेश्वर नै मुख्य महन्त छन्। त्यतिबेला महन्त नियुक्तिसम्बन्धी निर्देशिका नआइसकेकाले गुठी संस्थानले उनलाई निरन्तरता दिएको थियो। तर सर्वोच्चले निर्देशिका आइसकेकाले सोहीबमोजिम महन्त नियुक्ति गर्न आदेश दिएपछि गुठी संस्थान जनकपुरले महन्त नियुक्तिका लागि केन्द्रीय कार्यालयमा सिफारिस गरेको छ।

स्रोतका अनुसार गुठी संस्थान जनकपुरका प्रमुख किशोरकुमार झा पनि रामरोशनलाई नै महन्त बनाउन चाहना राखेका छन्। तर गुठी संस्थान जनकपुरका प्रमुख झाले आफूले कुनै व्यक्तिको नाम तोकेर सिफारिस नगरेको बताए। उनले नागरिकसँग भने, 'यसअघि २०७० माघ १७ गते रामतपेश्वर दासलाई हटाएर संस्थानले जगदीश दास वैष्णवलाई महन्त नियुक्त गरेपछि रामतपेश्वरले सर्वोच्च अदालतमा मुद्दा हालेका थिए। सर्वोच्चले रामतपेश्वरको पक्षमा फैसला गरेपछि हालसम्म उनी महन्तका रूपमा छन्।'

'२०८०-८१ मा पुनः सर्वोच्च अदालतले पुजारीलगायत जनशक्ति व्यवस्थापन निर्देशिकाबमोजिम गर्न आदेश गरेपछि त्यहीअनुसार प्रक्रिया अगाडि बढाइएको छ,' गुठी संस्थान जनकपुर शाखा प्रमुख झाले भने, 'रामतपेश्वर दास पुनः महन्त बन्न आफैं निवेदन हाल्नुहुन्छ कि रामरोशन बन्नुहुन्छ, त्यो उहाँहरूलाई थाहा होला। हामीले गुठी ऐनअनुसार प्रक्रिया मात्रै अगाडि बढाइरहेका छौं।'

# नागरिकता...

तर नागरिकताको अभावले उनीहरू सबै कुराबाट वञ्चित हुनुपरेको छ।

२०२८ सालमा जन्मिएकी मेयरखुनिया माझी अहिले हिँडडुल गर्नसमेत कठिन हुने अवस्थामा पुगेकी छन्। मजदुरी गरेर जीवन चलाउँदै आएकी उनी वृद्धावस्थामा घरमै सीमित छन्। 'एक वर्षअघि लडेर खुट्टामा समस्या देखियो। हिँड्डुल गर्न सक्दिनँ,' उनले भनिन्। उनका पतिको निधन भइसकेको छ। नागरिकता नभएकै कारण सरकारले दिने सामाजिक सुरक्षा भत्तासमेत उनले पाउन सकेकी छैनन्। मेयरखुनियाका अनुसार उनको परिवार पनि चार पुस्तादेखि चितवनमै बसोबास गर्दै आएको छ। २०५७ सालमा निर्वाचन आयोगले दिएको मतदाता परिचयपत्रका आधारमा उनले लामो समय मतदान गरिन्। यसपटक भने मतदाता नामावलीबाट नाम हटेपछि उनले मतदान गर्न पाइनन्। उनीहरूसँग

पृष्ठ १ बाट

अहिले पनि तत्कालीन निर्वाचन अधिकारी टीकाराम अर्यालले हस्ताक्षर गरेको मतदाता परिचयपत्र सुरक्षित छ। त्यसमा चितवन जिल्ला, तत्कालीन कठार गाविस-३ को घर नम्बरसमेत लेखिएको छ।

स्थानीय जनप्रतिनिधिका अनुसार यो समस्या नयाँ होइन। वडा सदस्य जयन्तीकुमारी पासवानका अनुसार माझीहरूका अघिल्ला पुस्ताले नागरिकता नबनाउँदा अहिलेका पुस्ताले त्यसको मूल्य चुकाइरहेका छन्। 'हामीले पहल गरेर केहीको नागरिकता बनाइदिएका छौं,' उनले भनिन्, 'तर आवश्यक कागजात जुटाउन नसक्दा अझै धेरैको बन्न सकेको छैन। उहाँहरू नागरिकता पाउनयोग्य हुनुहुन्छ। प्रशासनले विशेष पहल गर्नुपर्छ।'

खैरहनी-१० कठारमा सरकारले मुसहरका लागि आवास बनाइदिएको छ। त्यही आवासमा माझीहरू बस्दै आएका छन् तर त्यहाँ बस्ने १० देखि १२ घरपरिवारको नागरिकता नभएको वडा सदस्य पासवानले बताइन्। वडाध्यक्ष चन्द्रविक्रम चौधरीका अनुसार पनि केही व्यक्तिको नागरिकता वडा कार्यालयको सनाखतका आधारमा बनाइएको छ तर कतिपयको हकमा बसोबास र आवश्यक प्रमाण जुटाउने प्रक्रिया जटिल हुँदा काम अघि बढ्न सकेको छैन। 'त्यहाँ कतिपय भारतबाट आएका र छोरीज्वाइँहरू बसेको भन्ने छ,' उनले भने 'त्यतिकै आधारमा हामीलाई दिन पनि कठिन भएको छ। कतिलाई सनाखत गरेर दिएका पनि छौं।'

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना**

पहिलो पटक प्रकाशन मिति २०८३/०४/२१

यस बैदा सामुदायिक वन उपभोक्ता समुह बारबर्दिया न. पा. १०,वैदा, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा उत्पादन भएको विभिन्न प्रजातिको काठ ३६८४.५९ घ.फि.तथा दाउरा १३.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरि संचालनमा रहेको उद्योगहरुले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनको १२:००बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि बिस्तृत जानकारीको लागी यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सुचना यस समुहको सुचना पाटीमा टाँस गरिएको छ।

श्री वैदा सामुदायिक वन उपभोक्ता समुह, बारबर्दिया न.पा. १०,वैदा, बर्दिया।
मो.नं. ९८५८०२५८३६

# नेताको अहंकार र स्वार्थले संकटमा कांग्रेस

पृष्ठ १ बाट

दुवै पक्षले आफूसँग भएको शक्तिलाई अहंकार र स्वार्थमा प्रयोग गर्न खोज्दा विगतमा पटक पटक मुलुकको राजनीतिक, सामाजिक र आर्थिक परिवर्तनको अगुवाइ गरेको कांग्रेस इतिहास बन्ने त होइन भन्ने विश्लेषण गर्न थालिएको छ।

कानुनी रुपमा वैधता पाएको नेतृत्व विशेष महाधिवेशनमा सहभागी नभएको समूहलाई सँगै लिएर हिँड्न तयार नभएपछि अर्को पक्ष बिपीका छोरा तथा पूर्वमहामन्त्री शशांक कोइरालालाई अघि सारेर राष्ट्रिय भेलाको तयारीमा जुटेको छ। विमलेन्द्र निधि, प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, पूर्णबहादुर खड्का, शेखर कोइराला, प्रकाशशरण महत, एनपी साउदसहितका नेताहरू शशांकको पछाडि रहेको जनाइएको छ। शेखरसँग निकट नेताहरू भने अझै दुविधामा छन्। संस्थापन पक्षले साउन २९ गतेसम्म १४औं महाधिवेशनबाट निर्वाचितमध्ये छुटेका १११ जनालाई केन्द्रीय समितिमा समावेश नगरे नयाँ पार्टी गठनको तयारीमा इतर पक्षका नेता छन्। संस्थापन पक्ष भने १११ जनालाई केन्द्रीय सदस्यमा मनोनीत गर्न नसकिने अडानमा छ। संस्थापनले पार्टी विधानअनुसार केन्द्रीय सदस्यमा मनोनीत गर्न बाँकी ४० जनाभित्र १११ मध्येकालाई समेटेर जान सकिने भन्दै आएको छ। विधानविपरित १११ जना मनोनीत गर्दा उनीहरूको ४० प्रतिशत पुग्ने र वैधानिकरुपमा पार्टी विभाजन गर्नसक्ने आशंकामा संस्थापन छ। इतर पक्ष जसरी पनि १११ जनालाई मनोनीत गर्नुपर्ने अडानमा छ।

नेता शेखरले केन्द्रीय समिति समायोजनमा सहमति जुट्न नसके पार्टी एकताका लागि १५औं महाधिवेशन तयारी समिति गठन गरेर जान सकिने प्रस्ताव राखेका थिए। तर इतर पक्षका नेताले उक्त प्रस्ताव कार्यान्वयन हुनेमा आशंका व्यक्त गर्दै अस्वीकार गरेका छन्। इतर पक्षले मुलुक जटिल अवस्थामा पुगेका बेला संस्थापन पक्षले पार्टी र देशलाई नै थप संकटतिर धकल्न खोजेको आरोप लगाउँदै आएको छ। यसले 'भाइ फुटे गवार लुटे' भने जस्तै दुवै पक्ष आआफ्ना दोकान खोल्ने अवस्थामा पुगेका छन्। तर अलअलग दोकान चल्ने देखिँदैन।

जेनजी आन्दोलनपछि फागुन २१ गते भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा कांग्रेसले परम्परागत समर्थक र मतदाता गुमाइसकेको छ। कांग्रेस न युवाको समर्थन प्राप्त गर्ने अवस्थामा छ न पाकाहरूको विश्वास आर्जन वा संरक्षण गर्ने अवस्थामा। तन्नेरीसँग सम्पर्क विच्छेद गरेको कांग्रेस सहरिया मतदाताको मन जित्न र दूरदराजका जनताको भरोसा बन्न पनि सकेको छैन।

> कानुनी रुपमा वैधता पाएको नेतृत्व विशेष महाधिवेशनमा सहभागी नभएको समूहलाई सँगै लिएर हिँड्न तयार नभएपछि अर्को पक्ष बिपीका छोरा तथा पूर्वमहामन्त्री शशांक कोइरालालाई अघि सारेर राष्ट्रिय भेलाको तयारीमा जुटेको छ।

देशभित्र र बाहिर सबैको विश्वास कांग्रेसले गुमाएको छ। जनताले एउटा व्यक्ति होइन, राजनीतिक दलहरूको प्रवृत्तिमाथि नै प्रश्न उठाएका छन्। दुईचार नेता वा व्यक्ति मात्र होइन, एउटा प्रवृत्तिको अन्त्यसहित समग्रमा देश र जनताले रूपान्तरण खोजेका छन्। कांग्रेस कार्यकर्ता, जनता र समयको पदचापअनुसार फेरिने आशा धेरैले गरेका थिए र छन्। तर नेताहरूको मनोग्रन्थी देश, जनता होइन, पार्टी कब्जा गरेर भविष्य बनाउनेतर्फ उद्वेलित छ। जसले कांग्रेस थप संकटमा पर्ने देखिन्छ।

कांग्रेसभित्रको गुट विवाद र विभाजनले पार्टी मात्र होइन, पटक पटक लोकतान्त्रिक शासन व्यवस्था नै अप्ठेरोमा नपरेको पनि होइन। कांग्रेस स्थापनासँगै नेता को बन्ने भन्ने विवाद पटक पटक नभएको होइन। २००८ सालमा बिपी र मातृकाप्रसाद कोइरालाबिच देखिएको विवादले संविधानसभाबाट संविधान लेख्ने नेपाली जनताको चाहना २०७२ सालमा मात्र आएर पूरा भयो। २०१५ सालमा बिपी र सुवर्णशमशेर राणा, २०४८-५० मा कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइराला, २०५९ मा शेरबहादुर देउवा र गिरिजाप्रसाद कोइरालाबिच विवाद र संघर्ष भए। बिपी, सुवर्ण, कृष्णप्रसादले व्यक्तिगत स्वार्थभन्दा पार्टी बृहत्तर हितलाई केन्द्रमा राखेका थिए। उनीहरूले नेताभन्दा नीतिलाई प्राथमिकतामा राखेर देशलाई निकास दिएका थिए, मुलुक र पार्टीलाई अघि बढाएका थिए।

विभाजित भएका गिरिजाप्रसाद, शेरबहादुरहरूले विगत महसुस गरेर पार्टी एकता गरेका थिए। कांग्रेसले हिंसात्मक आन्दोलनमा रहेको माओवादीलाई शान्तिपूर्ण राजनीतिमा ल्याएर दुई सय ४० वर्ष लामो राजतन्त्रलाई हटाउने आन्दोलनको नेतृत्व गरेको थियो। संविधानसभाबाट संविधान निर्माण हुन नसक्दा मुलुक अन्योलमा फस्दै गएका बेला सुशील कोइराला र शेरबहादुर एक ठाउँमा दृढतापूर्वक उभिँदा दोस्रो संविधानसभा निर्वाचन भएको थियो। र, कांग्रेसकै नेतृत्वमा २०७२ सालमा संविधान जारी भयो। देउवा र रामचन्द्र पौडेलले एकै ठाउँमा उभिएर नयाँ संविधानअनुसार २०७४ सालमा संघ, प्रदेश र स्थानीय तहको निर्वाचन गराए र मुलुकलाई एउटा गति दिएका थिए।

अहिले पनि कांग्रेसलाई संकटबाट उकास्न पार्टीका विभिन्न तहका नेताले शीर्ष नेतालाई दबाब दिइरहेका छन्। पूर्वकेन्द्रीय सदस्य नैनसिंह महरले पार्टी मिलाउन आफूहरू पद त्याग गर्न पनि तयार रहेको बताए। राजधानीमा बुधबार आयोजित एक कार्यक्रममा उनले भने, 'बाँकी साथीहरूलाई विधानभित्रै मिलाउनुपर्छ। साउन २४ गतेको बैठकबाट समस्या समाधान गर्नेगरी सभापतिले पहल लिनुपर्छ।' त्यस्तै राष्ट्रियसभा सदस्यसमेत रहेका कांग्रेस नेता रञ्जित कर्णले दुवै पक्ष एकएक कदम पछि हटेर पार्टीलाई एकढिक्का बनाउनुपर्नेमा जोड दिए।

# एमाले किचलोले प्रदेश सरकार गठनमा अन्योल

पृष्ठ १ बाट

बागमती प्रदेश सरकारको समीकरणबारे बोल्दै उनले त्यहाँ सरकार गठनका लागि अन्य विकल्प रहेको बताए। 'बागमतीमा सरकार चलाउन नेमकिपा छ, अरू दल छन्। फेरि कांग्रेससँग मिले त सक्किगो नि। मिलेर भागबन्डा लगाएर बाँकी रहेको ६ महिना चलाए भइहाल्यो,' उनले व्यंग्य गरे। उनले राप्रपा प्रदेश सरकारको अंकगणितमा सहभागी नहुने स्पष्ट पार्दै बागमती प्रदेश सरकारमा सहभागी हुने वा नहुने अन्तिम निर्णय गर्ने जिम्मेवारी पार्टीले अध्यक्षलाई नै दिएको जानकारी दिए।

हाल बागमती प्रदेशसभामा १०४ सांसद छन्। प्रदेशसभामा कांग्रेस ३६, एमाले २५, तत्कालीन नेकपा (माओवादी केन्द्र) २०, राप्रपा १३, तत्कालीन नेकपा (एकीकृत समाजवादी) ६, नेमकिपा तीन र हामी नेपाल पार्टी दुई सिटसहित प्रतिनिधित्व छ। एमालेका दुई, तत्कालीन माओवादी केन्द्रका एक, कांग्रेसका एक, एकीकृत समाजवादीका एक सांसदले प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार हुन राजीनामा दिइसकेका छन्। कांग्रेसका सांसद रामकृष्ण चित्रकारले कांग्रेसको नेतृत्वमा सरकार गठनका लागि अन्य दललाई साथमा ल्याउन प्रयासरत रहेको जानकारी दिए। सरकार गठनका लागि बहुमत पुर्‍याउन नसके कांग्रेस संविधानको धारा १६८ (३) अनुसार अगाडि बढ्ने उनले बताए। सो धारामा सबैभन्दा ठुलो दलको नेताले सरकार सञ्चालन गर्ने व्यवस्था उल्लेख छ।

समर्थन दिएको दलले फिर्ता लिएको ३० दिनभित्र सरकार प्रमुखले विश्वासको मत लिनुपर्ने हुन्छ। विश्वासको मत लिन नसके प्रदेश प्रमुखले बहुमतको सरकारका लागि १६८ (२) अनुसार आह्वान गर्ने व्यवस्था छ। बहुमत कसैले पुर्‍याउन नसके सबैभन्दा ठुलो दलका आधारमा १६८ (३) अनुसार प्रदेश प्रमुखले सरकार नियुक्त गर्छन्। यो धाराअनुसार नेपाली कांग्रेसले सरकार बनाउन पाउँछ। त्यसपछि ३० दिनभित्र सरकार गठनका लागि फेरि प्रदेश प्रमुखले बहुमत पुर्‍याउन आह्वान गर्छन्। त्यसपछि पनि बहुमत नपुगेपछि संविधानको धारा १६८ (५) अनुसार मुख्यमन्त्री बन्न अनुरोध गर्छन्। यस धारामा पार्टीको ह्विप लाग्दैन। सांसदले स्वतन्त्र रूपमा मत हाल्न पाउने व्यवस्था छ। यही प्रक्रियाका आधारमा कोसी प्रदेशमा मुख्यमन्त्री चयन भएका हुन्।

बागमती प्रदेशमा केन्द्रको सत्ता समीकरणका कारण २०८१ साउनबाट कांग्रेस र एमालेको गबन्धनले सत्ता सञ्चालन गरेको थियो। दुई दलबिच २०/२० महिना सत्ता सञ्चालन हुने भनेपछि कांग्रेसभित्र विवादका कारण कार्यान्वयन हुन सकेको थिएन। दुई दलको सहमतिअनुसार चैत ८ गते कांग्रेसले एमालेलाई सत्ता हस्तान्तरण गर्नुपर्ने थियो।

# चिकित्सा स्नातक प्रवेश परीक्षा कहिले ?

पृष्ठ १ बाट




तर चिकित्सा शिक्षामा भने प्रवेश परीक्षाकै सूचना नआउँदा सम्पूर्ण प्रक्रिया रोकिएको हो।

**हजारौं विद्यार्थीको भविष्य अन्योलमा**

गत वर्ष चिकित्सा शिक्षाअन्तर्गत त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत कुल ९३ वटा शैक्षिक संस्थामा १६ वटा कार्यक्रमका लागि करिब नौ हजार २७५ सिटका लागि झन्डै ५८ हजार विद्यार्थीले एकीकृत प्रवेश परीक्षा दिएका थिए। यस वर्ष कक्षा १२ मा उत्तीर्ण हुने विद्यार्थीको संख्या बढेकाले परीक्षार्थीको संख्या अझ बढी हुने अनुमान गरिएको छ। यस वर्ष कक्षा १२ को परीक्षा सकिएको ३५ दिनमै नतिजा सार्वजनिक भएको थियो। तर परीक्षा तालिका नै सार्वजनिक नभएकाले विद्यार्थीहरू तयारी, वैदेशिक अध्ययन र वैकल्पिक शैक्षिक योजनाबारे अन्योलमा छन्।

विद्यार्थी तथा अभिभावकहरूले प्रवेश परीक्षामा हुने यस किसिमको ढिलाइका कारण अध्ययन अवधि छोटिने, शैक्षिक सत्र पछाडि धकेलिने र विदेश अध्ययनतर्फ आकर्षण बढ्न सक्ने भन्दै चिन्ता व्यक्त गरेका छन्। उनीहरूले एकीकृत परीक्षाको तालिका छिटोभन्दा छिटो सार्वजनिक गर्न माग गरेका छन्।

**शैक्षिक क्यालेन्डरमै असर**

विश्वविद्यालय अनुदान आयोगले सबै विश्वविद्यालयका लागि एकीकृत शैक्षिक क्यालेन्डर लागु गर्दै भदौबाट नियमित पठनपाठन सुरु गर्ने लक्ष्य राखेको छ। अनुदान आयोगका निर्देशक केदार आचार्यले चिकित्सा शिक्षामा प्रवेश परीक्षादेखि भर्ना, म्याचिङ र कक्षा सञ्चालनसम्मका सबै चरण ढिलो हुने अवस्था देखिएकाले समग्र शैक्षिक तालिका प्रभावित हुने जोखिम बढेको बताए। 'गत वर्षदेखि मेडिकलको प्रवेश परीक्षा विभिन्न कारणले चिकित्सा शिक्षा आयोगले ६ महिना ढिला गर्दै आएको छ,' निर्देशक आचार्यले नागरिकसँग भने, 'यस वर्ष कक्षा १२ को नतिजा ३५ दिन छिटो प्रकाशित भयो तर मेडिकलको एकीकृत प्रवेश परीक्षा अझै सुरु भएको छैन जबकि अन्य विद्यार्थीको पहिलो प्राथमिकता मेडिकल हो। नाम ननिस्किए मात्र अन्य विधामा जान्छन्।' उनले थपे, 'इन्जिनियरिङ प्रवेश परीक्षा भयो, भर्ना प्रक्रिया सुरु भयो, मेडिकलको ढिलो भयो। यसले चिकित्सातर्फ विद्यार्थीको समय एक वर्ष पछाडि धकेलिन्छ।'

आयोगका सदस्य सचिव वसन्त कोइरालाले आयोगले एकीकृत प्रवेश परीक्षाका लागि आन्तरिक तयारी सम्पन्न गरिसकेको दाबी गरे। उनले आयोगमा पदाधिकारी नियुक्तिमा ढिलाइले प्रवेश परीक्षामा केही ढिलाइ हुन गएको स्विकारेका छन्। 'आयोगले शैक्षिक क्यालेन्डर तयार गरिसकेको छ। कतिपय कुरा निर्देशनालयगत हुन्छ,' सदस्य सचिव कोइरालाले भने, 'चार वटै निर्देशनालयका निर्देशकज्यूहरूको नियुक्ति भएको छैन। निर्देशकज्यूहरूको उपस्थितिमा प्रक्रियाहरू छिटोछरितो तरिकाले अगाडि बढ्ने भएकाले कुरेका हौं।' उनले थपे, 'परीक्षाअगावैको आन्तरिक तयारी केही बाँकी छ। सम्भवतः छिटै प्रवेश परीक्षाको तालिका सार्वजनिक गर्छौं।'




स्वतन्त्र चालक फाउन्डेसन नेपालको आह्वानमा बुधबार ललितपुरमा राइडरहरूले विदेशी एपमार्फत श्रम शोषण भएको भन्दै प्लेकार्डसहित प्रदर्शन गरेका छन्। *तस्बिर : नागरिक*

## महाभियोगको संवैधानिक मर्म

# प्रतिशोध कि सुशासन ?

**ईश्वरी सुवेदी**

*काठमाडौं, साउन २०*

प्रतिनिधिसभामा झन्डै दुईतिहाइ मत रहेको राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको सरकारले सर्वोच्च अदालतका केही वरिष्ठ न्यायाधीशलाई महाभियोग लगाउन सक्ने भन्दै राजीनामा दिन दबाब दिएको भन्ने अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाको आरोपको सरकार र सत्तापक्षका सांसदले खण्डन गरेका छन्। बुधबार बसेको कानुन न्याय तथा मानवअधिकार समितिको बैठकमा सत्तापक्षका सांसद र सरकारले कडा आपत्ति जनाए। त्यसपछि समितिले ती मानवअधिकारवादी संस्थालाई स्पष्टीकरण सोध्न सरकारलाई निर्देशन दिएको छ।

एमनेस्टी इन्टरनेसनल, ह्युमन राइट्स वाच र इन्टरनेसनल कमिसन अफ जुरिस्ट्स (आइसिजे) ले नेपालमा न्यायिक स्वतन्त्रतामाथि हस्तक्षेप भएको दाबी गरेपछि प्रतिनिधिसभाको कानुन, न्याय तथा मानव अधिकार समितिले उनीहरूलाई छलफलका लागि बोलाएको थियो। ती संस्थाले संयुक्त विज्ञप्ति जारी गरी सर्वोच्चका बहालवाला वरिष्ठ न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी र हरि फुयालमाथि राजीनामा दिन राजनीतिक दबाब दिइएको र नदिए महाभियोग लगाइने धम्की आएको बताएका थिए। त्यसको डेढ सातापछि समितिले ती संस्थाका प्रतिनिधिलाई समितिमा बोलाएको थियो, तर ती संस्थाका प्रतिनिधि समितिमा उपस्थित नभएपछि समितिले कडा आपत्ति जनाउनुका साथै बाह्य निकायबाट नेपालको सार्वभौम संसद्को विधायिकी अधिकारमा हस्तक्षेप भएको ठहर पनि गरेको छ। समितिले ती संस्थासँग आधिकारिक प्रमाणसहित स्पष्टीकरण लिन र समाज कल्याण परिषद्मार्फत आइएनजीओहरूका स्वीकृत परियोजनाहरूको अनुगमन कडा बनाउन सरकारलाई निर्देशन दिएको छ।

उक्त विषयमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले बाह्य संस्थाहरूले बिनातथ्य र प्रमाण संसद्लाई नै 'ओभर रुल' गर्ने गरी आक्षेप लगाउनु अनुचित रहेको बताइन्। सरकारका तर्फबाट न्यायाधीशहरूलाई कुनै दबाब नदिइएको स्पष्ट पार्दै उनले देशको सार्वभौमिकतामाथि कुनै पनि कूटनीतिक वा बाह्य सम्झौता हुन नसक्ने उल्लेख गरिन्।

यद्यपि, संसदीय समितिको यस कदमप्रति सांसदबिच मत विभाजन देखिएको छ। प्रमुख प्रतिपक्षी दल कांग्रेस सांसद गीता गुरुङले अन्तर्राष्ट्रिय संस्थाहरू संसद्प्रति प्रत्यक्ष जबाफदेही नहुने भएकाले उनीहरूलाई सोझै समितिमा डाक्नु कार्यविधिगत रूपमा अपरिपक्व रहेको र सरकारमार्फत नै सोधपुछ हुनुपर्ने तर्क गरिन्। अर्कातर्फ सत्तारूढ दल रास्वपाका सांसद यज्ञमणि न्यौपानेले भने राष्ट्रिय सार्वभौमिकताका सवालमा वैदेशिक संस्थाहरूको यस्तो व्यवहार स्वीकार्य नहुने बताए।

> महाभियोग संसद्को हातमा सुशासन कायम गर्ने र शक्ति सन्तुलन मिलाउने अन्तिम अस्त्र भए पनि नेपालमा यसको अभ्यास कतिपय अवस्थामा राजनीतिक प्रतिशोध वा अदालतलाई दबाबमा राख्ने हतियारका रूपमा हुने गरेको भन्दै गम्भीर आत्मसमीक्षाको आवश्यकता औंल्याइएको छ।

अहिले सम्पूर्ण विवादको केन्द्रमा संसद्को धारा १०१(२) बमोजिम रहेको महाभियोगको संवैधानिक अधिकार र अदालतको आन्तरिक स्वतन्त्रताबिचको शक्ति सन्तुलन रहेको छ। महाभियोग संसद्को हातमा सुशासन कायम गर्ने र शक्ति सन्तुलन मिलाउने अन्तिम अस्त्र भए पनि नेपालमा यसको अभ्यास कतिपय अवस्थामा राजनीतिक प्रतिशोध वा अदालतलाई दबाबमा राख्ने हतियारका रूपमा हुने गरेको भन्दै गम्भीर आत्मसमीक्षाको आवश्यकता औंल्याइएको छ।

संविधानको धारा १०१(२) ले सर्वोच्चका प्रधानन्यायाधीश वा न्यायाधीशहरूले संविधान र कानुनको गम्भीर उल्लंघन गरेमा, खराब आचरण देखाएमा वा कार्यक्षमताको अभाव भएमा संसद्लाई महाभियोगमार्फत पदमुक्त गर्ने स्पष्ट अधिकार दिएको छ। संविधानविद्का अनुसार लोकतान्त्रिक शासन व्यवस्थामा यो अधिकार केवल राजनीतिक शक्ति प्रदर्शनका लागि दिइएको होइन, बरु राज्यका कुनै पनि अंग निरंकुश नहोऊन् र शक्ति पृथकीकरणको सिद्धान्त कायम रहोस् भन्ने सुनिश्चित गर्न नियन्त्रण र सन्तुलन (चेक एन्ड ब्यालेन्स) को अन्तिम अस्त्रका रूपमा व्यवस्था गरिएको हो।

न्यायाधीशहरू कुनै पनि बाह्य वा राजनीतिक दबाबबाट मुक्त हुनुपर्छ भन्नेमा दुईमत छैन, तर स्वतन्त्रताको अर्थ निरपेक्ष गैरजबाफदेहिता भने होइन। न्यायाधीशको निष्ठा, कार्यदक्षता र इमानदारीको वास्तविक परीक्षण उनीहरूले गर्ने आदेश र फैसलाका आधारमा हुन्छ। यदि कुनै न्यायाधीशले आफ्ना फैसलामार्फत न्यायको साटो अन्याय गर्छ, कानुनी मर्यादा उल्लंघन गर्छ वा आफ्नो आचरण कायम राख्न सक्दैन भने त्यस्ता व्यक्तिमाथि संसदीय निगरानी र संवैधानिक कारबाही हुनु स्वाभाविक प्रक्रिया हो, एक संविधानविद्ले भने।

त्यसैले आफ्नो संवैधानिक दायित्व निष्ठापूर्वक पालन गर्ने र आचरणमा बस्ने इमानदार न्यायाधीशका लागि महाभियोग कहिल्यै त्रासको विषय बन्नु हुँदैन।

राजनीतिज्ञका अनुसार समस्या संवैधानिक व्यवस्थामा होइन, त्यसको राजनीतिक प्रयोग र नियतमा देखिन्छ। नेपालको हालसम्मको अभ्यास हेर्दा महाभियोगको संवैधानिक प्रावधानलाई कतिपय अवस्थामा राजनीतिक प्रतिशोध, विचाराधीन मुद्दाहरूलाई प्रभावित पार्ने माध्यम वा अदालतको संरचना आफूअनुकूल बनाउने हतियारका रूपमा प्रयोग गर्न खोजिएको छाप परेको छ। संविधानअनुसार महाभियोग प्रस्ताव दर्ता हुनासाथ सम्बन्धित न्यायाधीश स्वतः निलम्बनमा पर्ने प्रावधान छ। यही कानुनी छिद्र वा बाध्यताको फाइदा उठाउँदै ठोस प्रमाण र वस्तुनिष्ठ आधारविना केवल राजनीतिक तुष्टिका लागि महाभियोगको धम्की दिइँदा त्यसले सम्पूर्ण न्याय प्रणालीमै 'चिलिङ इफेक्ट' सिर्जना गर्छ। यसले निडर र निष्पक्ष न्यायाधीशहरूलाई समेत स्वतन्त्ररूपमा न्याय सम्पादन गर्न संकुचित बनाउँछ भन्ने विश्लेषण छ।

अन्तर्राष्ट्रिय संघसंस्थाले उठाएका कतिपय प्रश्न नेपालको आन्तरिक कूटनीतिक र कानुनी प्रक्रियाभन्दा बाहिर देखिए पनि उनीहरूले औंल्याएका मूल चिन्ता न्यायिक नियुक्तिमा राजनीतिक प्रभुत्व र महाभियोगको अस्त्रको सम्भावित दुरुपयोगमाथि गम्भीर आत्मसमीक्षा गर्नैपर्ने विश्लेषण छ।

संसद्ले आफ्नो अनुगमन र महाभियोगको सार्वभौम अधिकारलाई सुरक्षित राख्दै गर्दा यसको प्रयोग राजनीतिक गणित वा रिसइबीका आधारमा होइन, केवल संवैधानिक औचित्य र अकाट्य प्रमाणका आधारमा मात्र हुन्छ भन्ने विश्वास दिलाउन सक्नुपर्छ।

यसका लागि प्रतिनिधिसभाअन्तर्गतको महाभियोग सिफारिस समितिलाई दलीय प्रभावबाट मुक्त राखी वस्तुनिष्ठ मापदण्ड र तथ्यमा आधारित छानबिन गर्ने परिपाटी बसाल्न आवश्यक छ। संसद्को अधिकार क्षेत्रको रक्षा गर्नु जति महत्त्वपूर्ण छ, नागरिकको आस्थाको केन्द्र रहेको न्यायपालिकाको स्वतन्त्रता र मर्यादा जोगाउनु पनि त्यत्तिकै अपरिहार्य छ।

संवैधानिकविद्हरूका अनुसार महाभियोग संसद्को हातमा रहेको त्यस्तो संवैधानिक कबच हो, जसको प्रयोग न्यायको रक्षाका लागि गरिनुपर्छ, राजनीतिक प्रतिशोध वा न्यायालयलाई नियन्त्रण गर्ने नियतले होइन। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तत्कालीन प्रमुख लोकमानसिंह कार्की, सर्वोच्च अदालतकी तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्की र प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाविरुद्ध दर्ता भएका महाभियोगका प्रस्तावहरूले धेरै प्रश्न उठाएका छन्। विशेषगरी सुशीला कार्कीमाथि न्यायपालिकामार्फत राजनीतिक फैसला आफ्नोअनुकूल नआएपछि महाभियोग लगाइएको आरोप लाग्यो, जुन पछि फिर्ता हुनुपर्‍यो। यसले महाभियोग सुशासनका लागि नभई कार्यपालिका वा व्यवस्थापिकाले न्यायपालिकालाई दबाबमा राख्ने औजार बनाएको पुष्टि गर्छ। नेपालको कानुनी प्रावधानअनुसार महाभियोगको प्रस्ताव दर्ता हुनासाथ सम्बन्धित पदाधिकारी स्वतः निलम्बनमा पर्छन्। दलहरूले यसै प्रावधानको दुरुपयोग गर्दै कुनै पदाधिकारीलाई काम गर्न नदिने वा पदावधि सक्याउनेसम्मको नियतले महाभियोग दर्ता गर्ने तर संसद्मा त्यसलाई निर्णायक निष्कर्षमा नपुर्‍याउने प्रवृत्ति देखाएका छन्। चोलेन्द्रशमशेर राणाको केसमा संसद्को कार्यकाल सकिएर प्रस्ताव अलपत्र पर्नु यसको प्रत्यक्ष उदाहरण हो।

## कप्तानगन्ज घटना

# दोषीमाथि कारबाही र मृतकलाई सहिद घोषणा नगरे आन्दोलन

**अमर खड्का**

*इटहरी, साउन २०*

सुनसरीको देवानगन्ज- ३ को कप्तानगन्जमा भएको घटनामा संलग्न दोषीलाई तत्काल पक्राउ गरी कारबाही गर्नुपर्ने र मृतकलाई सहिद घोषणा नगरे नेपाली कांग्रेसले आन्दोलन चर्काउने घोषणा गरेको छ। कांग्रेसले प्रारम्भिक चरणमा परिवारको मागप्रति समर्थन रहेको र केही दिनभित्रै आन्दोलनको स्वरूप तय गर्ने जनायो।

कांग्रेस सुनसरीले बुधबार जिल्ला पार्टी कार्यालय इनरुवामा पत्रकार सम्मेलन गरी घटना भएको १० दिन बित्दा पनि दोषी पक्राउ नपरेको जनाउँदै कांग्रेसले आन्दोलन चर्काउने जनाएको हो। इनरुवा नगरपालिकाका प्रमुखसमेत रहेका कांग्रेस जिल्ला सभापति केदार भण्डारीले युवालाई गोली प्रहार गर्नेसहित घटनामा संलग्न सबैलाई कानुनी दायरामा अविलम्ब ल्याउनुपर्ने बताए। 'गोली हान्ने प्रहरी अधिकृतमाथि कारबाही हुनुपर्छ। त्यो बेला देवानगन्जको कमान्ड गर्ने प्रहरी निरीक्षक राकेश राईमाथि अहिलेसम्म अनुसन्धान भएको छैन। अरू गोली प्रहार गर्ने को-को हुन् ?', उनले भने, 'सरकारी नियमनकारी निकायका व्यक्तिसँगै अन्य को-को संलग्न छन्, सबैलाई कारबाही हुनुपर्छ।'

सरकारले घटना भएको भोलिपल्टै तत्कालीन प्रजिअ वासुदेव घिमिरेसहित सुरक्षा निकायका प्रमुखहरूलाई फिर्ता बोलाएको थियो। सरकारले कोसी प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक (डिआइजी) विनोद घिमिरे, सुनसरीका प्रहरी प्रमुख एसपी केशव थेवे र सशस्त्र प्रहरी बल नेपाल कप्तानगन्जमा कार्यरत प्रहरी नायब उपरीक्षक (डिएसपी) नन्दकिशोर महतोलाई पनि फिर्ता बोलाएको थियो। देवानगन्ज प्रहरीको कमान्ड गर्ने तत्कालीन प्रहरी निरीक्षक राकेश राईलाई पनि तत्कालै अन्यत्र सरुवा गरी प्रकाश पराजुलीलाई खटाइएको थियो।

'गृहमन्त्री सुदन गुरुङले मृतक र घाइतेका परिवारसँग यसअघि गरेको सहमतिसमेत कार्यान्वयन नगरेकाले अलमलमा पार्ने रणनीति मात्र भएको देखियो', भण्डारीले भने, 'मृतकको लास व्यवस्थापन गर्ने अनि चासो नदिने नियत देखियो।' सरकारले बुधबार मात्रै सुनसरी र सिरहामा प्रदर्शनका क्रममा मृत्यु भएका व्यक्तिका परिवारलाई क्षतिपूर्ति र राहत उपलब्ध गराउने निर्णय गरेको छ। देवानगन्जबाट सुरु भएको हिंसात्मक घटनाबाट अहिलेसम्म सुनसरीका तीन र सिरहाका एकजनाको मृत्यु भएको छ।



कांग्रेस सुनसरीले बुधबार गरेको पत्रकार सम्मेलन। कार्यक्रममा सुनसरी कप्तानगन्ज घटनाका मृतकलाई सहिद घोषणा र दोषीलाई कारबाही हुनुपर्ने माग गरेको छ। कांग्रेस जिल्ला कार्यसमितिले माग पूरा नभए आन्दोलन चर्काउने घोषणा पनि गरेको छ। *तस्बिर : अमर/नागरिक*

'गृहमन्त्री गुरुङ आफैं उपस्थित भएर गरेको सहमति कार्यान्वयन नगर्दा सरकारप्रतिको विश्वास गुमेको छ', उनले भने। उनका अनुसार दोषीलाई कारबाही, मृतकलाई सहिद घोषणासँगै न्यायिक समिति गठन गर्नुपर्ने बताए। 'गृहमन्त्रालयद्वारा गठित समितिको कार्यअवधि सात दिन भए पनि अहिलेसम्म प्रतिवेदन ल्याउन नसकेको र समितिले निष्पक्ष ढंगले काम गर्नेमा शंका भएकाले न्यायिक समिति गठन हुनुपर्छ', भण्डारीले भने, 'सरकारको नियत कतिसम्म खराब देखियो भने गृहमन्त्री गुरुङ सुनसरी आएर सहमति गर्दा राजनीतिक दल र देवानगन्ज गाउँपालिकाका अध्यक्ष बेचन मेहतालाई बाइपास गर्न खोज्नुले नियत ठीक छैन।'

> कांग्रेस सुनसरीले बुधबार जिल्ला पार्टी कार्यालय इनरुवामा पत्रकार सम्मेलन गरी घटना भएको १० दिन बित्दा पनि दोषी पक्राउ नपरेको जनाउँदै कांग्रेसले आन्दोलन चर्काउने जनाएको हो।

उनले गृहमन्त्रीले मृतकका परिवार र घाइतेका परिवारसमक्ष गरेको सहमति राहतसँगै क्षतिपूर्ति, परिवारका एकजना सदस्यलाई रोजगारी निर्णय तत्काल कार्यान्वयन गनुपर्ने र घाइतेको अवस्था सार्वजनिक गर्नुपर्ने पनि बताए। आफैंले गरेको सहमति कार्यान्वयन गर्न नसकेमा गृहमन्त्रीले नैतिकताका आधारमा राजीनामा दिनुपर्ने भण्डारीले बताए।

गृहमन्त्री गुरुङले साउन १५ गते राति मृतक ओमप्रकाश र जयप्रकाशका अभिभभावकसँग दुवैजनालाई सहिद घोषणा प्रक्रिया अघि बढाउने र दुवै परिवारलाई प्रतिपरिवार १० लाख रुपैयाँका दरले राहत उपलब्ध गराउने सहमति भएको थियो। साथै घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्ने तथा परिवारका एकएकजनालाई रोजगारीको अवसर दिने पनि सहमति भएको थियो। सहमति भएको भोलिपल्ट परिवारले शव जिम्मा लिएर दाहसंस्कार गरेका थिए। यही बिचमा साउन १९ गते अर्का घाइते रवीन्द्र मेहताको पनि मृत्यु भएको थियो।

घटनामा मृत्यु भएका रवीन्द्रका आफन्त र गृहमन्त्री गुरुङबिच मंगलबार राति (साउन १९ गते) भएको वार्ता बिनानिष्कर्ष टुंगियो। महाराजगन्जस्थित त्रिवि शिक्षण अस्पतालमा भएको वार्तामा घटनामा संलग्न दोषीलाई कारबाही गरेपछि मात्र शव बुझ्ने मृतक रवीन्द्रका आफन्तको अडानपछि वार्ता निष्कर्षमा पुग्न सकेन। बुधबार फेरि वार्ता बसेर टुंग्याउने भनिएको थियो, यद्यपि बुधबार साँझसम्म दुवै पक्षबिच वार्ता हुन सकेको छैन। 'मृतक रवीन्द्रका आफन्तले फेरि देवानगन्जमै गएर बाबुआमासँग कुरा गर्नुपर्ने माग राखेपछि अब कसरी अघि बढ्ने ठ्याक्कै टुंगो लाग्न सकेको छैन', सुनसरी- २ का सभासद् लालविक्रम थापाले भने।

कप्तानगन्जमा हिंसात्मक घटना भएको एक सातापछि साउन १८ देखि जनजीवन सामान्य हुन थालेको थियो। त्यही भएर जिल्ला प्रशासन कार्यालयले लगाउँदै आएको निषेधाज्ञा पनि हटाएको थियो। फेरि मंगलबार रवीन्द्रको मृत्युपछि स्थानीयले कप्तानगन्ज तथा आसपासका क्षेत्रमा सडकमा रूख ढालेर अवरोध पुर्‍याएका छन्। दोषीमाथि कारबाही हुनुपर्ने मुख्य माग राखेर स्थानीयबासी धर्नामा बसेका छन्। सुनसरीका प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले अहिलेसम्म कप्तानगन्ज शान्त रहेको र गृहमन्त्रीले मृतकका आफन्तले राखेका माग पूरा गर्न पहल भइहेको जानकारी आएको बताए।

# शव दाहसंस्कार गर्न नदिएर बाबु र सौतेनी आमा पक्राउ

**अमर खड्का**

*इटहरी, साउन २०*

इटहरीमा कक्षा ११ मा अध्ययनरत एक किशोरको शंकास्पद मृत्यु भएपछि दाहसंस्कार गर्न लैजान लागिएको शव रोकिएको छ। इटहरी- ९ मा १७ बर्से सरोज न्यौपाने मृत्यु घटनामा पोस्टमार्टमपछि बाबुले पुर्ख्यौली घर बुटबल लगेर दाहसंस्कार गर्ने तयारी गरेका बेला मृतकका साथीहरूले बुधबार दिउँसो विरोध गरी रोकेका हुन्।

प्रहरीले मृतक न्यौपानेका बाबु बुद्धिनारायण न्यौपाने उनकी सौतेनी आमा २८ बर्से मुना न्यौपाने र दुईजना काकालाई नियन्त्रणमा लिएको छ। मृतक किशोरले मृत्यु हुनु केही समयअघि आफ्ना साथीहरूसँग पारिवारिक तनाव सहन नसकेको बताएका थिए। साथीहरूले सरोजलाई सम्झाउने प्रयास गरे पनि त्यसको करिब एक घन्टापछि उनले आत्महत्या गरेको खबर साथीहहले पाएका थिए।

'हिजो हामी साथीको कोठामै गएर निकै बेर सम्झाएर फर्किएका थियौं। हामीले सम्झाउँदा त्यस्तो गर्दिनँ भनेका थिए', मृतक सरोजका साथी अविज्ञा पोखरेलले भने, 'हामी छुटेको झन्डै एक घन्टापछि नै दुःखद खबर सुन्यौं।' घटनापछि परिवारसँग मृतकका साथीहरूले संवाद गर्न खोजेका थिए, तर संवाद गर्न नचाहेपछि मृतक सरोजका साथीहरूको ठुलो समूह भेला भएर शव बुटवल लाने क्रममा अवरोध गरी प्रहरीलाई खबर गरेका थिए।

'हामीले सरोजसँग कुरा गर्दा आँखा र शरीरमा चोटपटक लागेका फेला पारेका थियौं', ती सबै प्रमाण प्रहरीलाई दिएका छौं', सरोजसँगै कक्षा ८ देखि मिल्ने साथी अविज्ञाले नागरिकसँग भने। मृतकका साथीहरूले घटनाको निष्पक्ष अनुसन्धान हुनुपर्ने माग राखेर अवरोध गर्दा केहीबेर स्थिति तनावग्रस्त भएको थियो। लगतै प्रहरीले बाबु, सैतेनी आमा र काकाहरूलाई पक्राउ गरेपछि स्थिति साम्य हुन पुग्यो।

इलाका प्रहरी कार्यालय इटहरीका डिएसपी सुभाष हमालका अनुसार मृतक सरोज झुन्डिएकै अवस्थामा भेटिए पनि अब पोस्टमार्टम रिपोर्ट र छानबिनबाट वास्तविकता पत्ता लाग्ने बताए।

# विश्वव्यापी तापक्रम र वर्षा प्रणाली प्रभावित पार्दै एल निनो

**श्रीराम सुवेदी**

*काठमाडौं, साउन २०*

विश्व मौसम विज्ञान संगठन (डब्लुएमओ) का अनुसार एल निनो क्रमशः तीव्र बन्दै गएको छ। यो वर्षको अगस्तदेखि अक्टोबरसम्म विश्वका अधिकांश भागमा औसतभन्दा बढी तापक्रम हुने र वर्षाको ढाँचामा पनि उल्लेखनीय परिवर्तन आउने प्रक्षेपण उक्त निकायद्वारा हालै सार्वजनिक एक रिपोर्टमा गरिएको छ।

संयुक्त राष्ट्रसंघीय निकाय डब्लुएमओका अनुसार एल निनोका कारण विश्वव्यापी जलवायु प्रणालीमा समेत महत्त्वपूर्ण प्रभाव पर्ने देखिएको छ। विशेषगरी, असाधारण रूपमा तातिएका विश्वका महासागर तथा भारतीय महासागरमा देखिने द्विध्रुवीयता (इन्डियन ओसियन डाइपोल) विकसित हुने सम्भावनासँगै झन् सशक्त बन्दै गएको एल निनोले आगामी महिनामा विश्वका धेरै क्षेत्रमा मौसमको स्वरूप निर्धारण गर्ने देखिएको छ। एल निनो भनेको मध्य र पूर्वी भूमध्यरेखीय प्रशान्त महासागरको सतहको पानी असामान्य रूपमा तात्दा विश्वभरको तापक्रम, वर्षा र मौसम प्रणालीमा व्यापक परिवर्तन ल्याउने प्राकृतिक जलवायु घटना हो।

डब्लुएमओद्वारा हालै सार्वजनिक 'मासिक विश्वव्यापी मौसमी जलवायु अद्यावधिक (ग्लोबल सिजनल क्लाइमेट अपडेट) नामक प्रतिवेदनका अनुसार अगस्टदेखि अक्टोबर २०२६ सम्म एल निनो निरन्तर सशक्त बन्दै जाने छ। विश्वका प्रमुख पूर्वानुमान केन्द्रहरूले तयार पारेका बहु-मोडेल संयुक्त विश्लेषणका अनुसार प्रशान्त महासागरको प्रमुख निगरानी क्षेत्रमा समुद्री सतहको तापक्रम औसतभन्दा २.९ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ।

**वर्षाको पूर्वानुमान**

पूर्वी अफ्रिकाको ग्रेटर हर्न क्षेत्र, मध्य एसियाका केही भाग, दक्षिणी युरोप, उत्तर अमेरिकाको पश्चिमी भाग (४५ डिग्री उत्तर अक्षांशभन्दा दक्षिण) तथा दक्षिणपूर्वी दक्षिण अमेरिकामा औसतभन्दा बढी वर्षा हुने सम्भावना छ।

यसविपरीत भारतीय उपमहाद्वीप, दक्षिणी तथा पूर्वी अस्ट्रेलिया, मध्य अमेरिकाको दक्षिणी भाग, क्यारिबियनका केही क्षेत्र, दक्षिण अमेरिकाको



> पश्चिमी हिन्द र पूर्वी हिन्द महासागरीय प्रणालीले विशेषगरी हिन्द महासागर आसपासमा खडेरी, बाढी र डढेलो जोखिमलाई अझ बढाउन सक्ने र उष्णकटिबन्धीय एटलान्टिक महासागरको सतहको तापक्रम पनि औसतभन्दा बढी रहने अपेक्षा गरिएको डब्लुएमओले जनाएको छ।

उत्तरपश्चिमी भाग तथा उत्तरी युरोपमा औसतभन्दा कम वर्षा हुने सम्भावना रहेको डब्लुएमओले जनाएको छ। डब्लुएमओले विश्वका सरकार, मानवीय सहायता निकाय, कृषि तथा स्वास्थ्यजस्ता जलवायु-संवेदनशील क्षेत्र र जोखिममा रहेका समुदायलाई सम्भावित असरको पूर्वतयारी गर्न सहयोग पुर्‍याउन समन्वय, जलवायु सूचना सेवा तथा पूर्वसूचना प्रणालीलाई थप सुदृढ बनाइरहेको जनाएको छ।

एल निनोसँगै हिन्द महासागरमा पनि द्विध्रुवीयता (इन्डियन ओसियन डाइपोल) पनि विकसित हुने पूर्वानुमान गरिएको छ। हिन्द महासागरको एक भागको समुद्र सामान्यभन्दा धेरै तात्ने र अर्को भाग सामान्यभन्दा चिसो हुने प्राकृतिक जलवायु अवस्थालाई 'इन्डियन ओसियन डाइपोल' भनिन्छ।

यस अवस्थामा पश्चिमी हिन्द महासागरको समुद्री सतह सामान्यभन्दा बढी तात्ने र पूर्वी हिन्द महासागर सामान्यभन्दा चिसो रहने गर्दछ। यी दुई महासागरीय प्रणालीले विशेषगरी हिन्द महासागर आसपासका क्षेत्रमा खडेरी, बाढी र डढेलो जोखिमलाई अझ बढाउन सक्ने डब्लुएमओले जनाएको छ। साथै उष्णकटिबन्धीय एटलान्टिक महासागरको सतहको तापक्रम पनि औसतभन्दा बढी रहने अपेक्षा गरिएको छ।

'एल निनो अब हाम्रो ढोकामा मात्र होइन, यो त घरघरमा पसिसकेको छ र तापक्रम झन् बढाइरहेको छ। यो त केवल प्रारम्भिक संकेत मात्र हो। एल निनो अझ सशक्त बन्दै छ र यसले भीषण गर्मी, विनाशकारी डढेलो तथा इतिहासकै ताता समुद्रको सामना गरिरहेको पृथ्वीमा थप इन्धन हालिरहेको छ', उक्त प्रतिवेदनप्रति आफ्ना धारणा राख्दै राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले भनेका छन्।

उनले जीवाश्म इन्धनको बढ्दो प्रयोगले यो संकट अझ भड्काइरहेको बताएका छन्। 'यदि हामीले मानिसको सुरक्षा र संकटको मूल कारण समाधान गर्न तत्काल कदम चालेनौं भने यसको खतरा अझ घातक बन्दै जानेछ। अब प्रारम्भिक चरण समाप्त भइसकेको छ। मुख्य संकटको प्रतीक्षा गर्ने सुविधा हामीसँग छैन', उनले भनेका छन्।

'एल निनो विश्वमा सबैभन्दा नजिकबाट निगरानी गरिने जलवायु घटनामध्ये एक हो। तर पूर्वानुमानले विपद् रोक्दैन। त्यसका लागि मानिसले नै समयमा कदम चाल्नुपर्छ', डब्लुएमओकी महासचिव सेलेस्टे साउलोले उक्त प्रतिवेदन सार्वजनिक गर्ने क्रममा भनिन्।

सामान्यतः एल निनो प्रत्येक दुईदेखि सात वर्षको अन्तरालमा देखा पर्छ र यसको अवधि नौदेखि बाह्र महिनासम्म रहन्छ।

बुद्धिमान मानिसले आफूले सोचेका सबै कुरा भन्दै हिंड्दैन, उसले बोलेका सबै कुराले अर्थ राख्छन् । – एरिस्टोटल

# नियुक्तिमा पूर्ववत् मनोमानी

आमनागरिकलाई परेको थियो- पुराना दलको नेतृत्वमा गठन भएका सरकारले राज्यका विभिन्न संरचनामा राम्रालाई होइन, हाम्रालाई नियुक्त गरिरहेका छन् । नागरिकको बुझाइ पूर्ण रूपमा गलत थिएन । जनस्तरमा त्यसले सरकार र पुराना दलहरूप्रति एकपछि अर्को गर्दै आक्रोश बढाउँदै लगेको थियो । त्यसकै परिणाम भदौ २३ र २४ गते जेनजीले विद्रोह गरे । पुराना दलको सत्ता मात्र गुमेन, फागुन २१ गते भएको आमनिर्वाचनमा जनमत पनि खुम्चियो र परिवर्तनको भोकसहित नागरिकले आफ्नो अभिमत राष्ट्रिय स्वतन्त्र पार्टीलाई प्रकट गरे । जनताको जनमत अनुसार चैत १३ गते रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह नेतृत्वमा नयाँ सरकार गठन भयो । सरकार गठनपूर्व नै नागरिक चाहना थियो, विगतका सरकारले गरेका राजनीतिक नियुक्ति खारेज होस् । जनतालाई मात्र होइन, रास्वपालाई पनि त्यही लागेको थियो । सरकारले राज्यका विभिन्न अंगमा नियुक्त गरेका सबै योग्यता वा क्षमताले आएका होइनन्, दलीय आस्थाका आधारमा पद पाएका हुन् । अर्थात् रास्वपा नेता तथा कार्यकर्ताको बुझाइमा ती 'झोले' हुन् । आमजनताको चाहना र सरकारको नेतृत्व गरेको दलको भावनाअनुसार सरकारले वैशाख १९ गते एक सय १० वटा ऐन अध्यादेशमार्फत संशोधन गरेर एक हजार पाँच सय ३४ जना सार्वजनिक पदाधिकारीलाई पदमुक्त गर्ने निर्णय गर्‍यो । जुन सामान्य प्रशासनिक निर्णय मात्र थिएन, यसले पुरानो संरचना, प्रक्रिया र योग्यता कामकाजी छैनन्, अब नयाँ सरकारले योग्यता, क्षमता, पारदर्शिता मात्र होइन, प्रतिस्पर्धाका आधारमा हाम्रालाई होइन राम्रालाई ल्याउनेछ भन्ने सन्देश प्रवाह गर्‍यो ।

तर तीन महिना पनि नबित्दै त्यही निर्णयको औचित्यमाथि सरकार आफैंले प्रश्न उठाएको छ । हटाइएकामध्ये केहीलाई फेरि उही संस्थामा नियुक्त गरिएको छ । कतिपय नियुक्ति मापदण्डसँग मात्र होइन, कानुनसँग बाझिएका छन् । विगतमा विवादमा परेका व्यक्तिहरूले पनि सार्वजनिक संस्थाको नेतृत्व पाएका छन् । यसले सुरुमै गरिएको सुधारको दाबीलाई कमजोर बनाएको मात्र छैन, हाम्रोलाई होइन राम्रोलाई भन्ने मान्यतालाई खण्डित गरेको छ ।

हो, सरकारले राज्यका विभिन्न निकायमा नियुक्ति प्रतिस्पर्धाका आधारमा गर्ने जनाएको मात्रै थिएन, सुरुवात पनि गरेको थियो । विज्ञापन नै प्रकाशित गरेर प्रतिस्पर्धाको सुरुवात गर्न खोजेजस्तो गरे पनि कतिपय नियुक्तिलाई हेर्दा भनेजस्तो देखिँदैन भने केही ठाउँमा आफूअनुकूलका व्यक्तिहरू प्रतिस्पर्धामा नआएपछि प्रक्रिया नै अवरुद्ध भएका छन् । अन्तिम निर्णय पहिले नै तय गरिएको हुन्छ भने अन्तर्वार्ता र आवेदन केवल औपचारिकता बन्छन् । त्यस्तो प्रतिस्पर्धाले कानुनी वैधता त दिन सक्छ तर नैतिक आधार भने निर्माण गर्न सक्दैन ।

> अघिल्ला सरकारले गरेका निर्णय र नियुक्ति सबै गलत हुन्छन् भन्ने होइन । ठिक व्यक्तिलाई ठिक जिम्मेवारी दिइएको छ कि छैन ? नातापाताका आधारमा जिम्मेवारी दिइएको छ कि योग्यता, क्षमता र अनुभवका आधारमा ? यसमा सरकारले ध्यान दिनुपर्थ्यो ।

सार्वजनिक पदाधिकारी नियुक्तिसम्बन्धी कार्यविधिले उमेर, योग्यता, अनुभव र नैतिक आचरणका स्पष्ट आधार तय गरेको छ । सोहीअनुसार ठिक ठाउँमा ठिक व्यक्तिलाई नियुक्ति गर्नुपर्छ । कानुन कार्यान्वयन गर्ने सरकारले नै हो । उसले नै त्यसको उल्लङ्घन गर्‍यो भने कानुनी शासन केवल कुरामा मात्र सीमित रहन्छ र आमनागरिकमा गलत सन्देश प्रवाह हुन्छ ।

सरकार परिवर्तनसँगै सार्वजनिक संस्थाका प्रमुखहरू फेरिने संस्कृतिले नेपालको प्रशासनिक प्रणालीलाई कमजोर बनाएको छ । अघिल्ला सरकारले गरेका निर्णय र नियुक्ति सबै गलत हुन्छन् भन्ने होइन । ठिक व्यक्तिलाई ठिक जिम्मेवारी दिइएको छ कि छैन ? नातापाताका आधारमा जिम्मेवारी दिइएको छ कि योग्यता, क्षमता र अनुभवका आधारमा ? यसमा सरकारले ध्यान दिनुपर्थ्यो ।

सरकारको कामलाई प्रभावकारी बनाउन राज्यका विभिन्न अंगमा पदाधिकारी नियुक्ति गर्ने परम्परा सुरु गरिएको हो । समस्या नियुक्तिमा होइन, त्यसलाई दुरुपयोग गरेर राजनीतिक अखडा बनाइयो भन्ने हो । यसको सबैभन्दा ठुलो असर विश्वविद्यालय, नियामक निकाय, सार्वजनिक संस्थानदेखि प्रतिष्ठानसम्म परेको छ । त्यो रोकिनुपर्छ तर सरकारले पूर्वकर्मचारी, राजनीतिक रूपमा निकट वा परिचित व्यक्तिलाई नियुक्त गर्नै नहुने भन्ने होइन । त्यो नियुक्तिको आधार योग्यता, अनुभव हो कि राजनीतिक सम्बन्ध वा पहुँच ? नागरिकले हिजो उठाएको प्रश्न यही हो ।

सरकारले वास्तवमै नयाँ राजनीतिक संस्कृति स्थापित गर्न चाहेको हो भने नियुक्ति प्रक्रियालाई अझै पारदर्शी बनाउनुपर्छ । उम्मेदवारको मूल्यांकन, अंक, छनोटको आधार र सिफारिस सार्वजनिक गर्नुपर्छ । यो नै लोकतान्त्रिक उत्तरदायित्वको न्यूनतम मापदण्ड हो ।

सार्वजनिक पदाधिकारीका काम र जिम्मेवारी छन् । तिनले सरकारको कामलाई गति प्रदान गर्ने इन्जिनको काम गर्छन् । अध्यादेशबाट ऐन संशोधन गरेर सार्वजनिक पदाधिकारी हटाएर राज्यका निकायलाई असरल्ल छाड्दा सरकारको नियतमाथि थप प्रश्न उठ्छ र पुरानै प्रवृत्तिले निरन्तरता पाउँछ । जनताले शासन गर्ने आसनमा पात्र मात्र होइन, प्रवृत्ति र व्यवहार परिवर्तन चाहेका छन् ।



शोभा ज्ञवाली

# रोजगारी खोज्ने होइन, दिने बनौं

आज विश्वका ठुला धेरै कम्पनी कुनै समय एउटा सानो स्टार्टअपकै रूपमा सुरु भएका थिए । त्यसैले स्टार्टअप भनेको व्यवसाय दर्ता मात्र होइन, यो समस्याको समाधान खोज्ने दृष्टिकोण, अनुसन्धानलाई उत्पादनमा रूपान्तरण गर्ने प्रक्रिया र अर्थतन्त्रलाई गतिशील बनाउने माध्यम हो ।




नेपाल आज एउटा निर्णायक मोडमा उभिएको छ । एकातिर विश्वविद्यालयहरूबाट हरेक वर्ष हजारौं स्नातक, स्नातकोत्तर, एमफिल र विद्यावारिधि (पिएचडी) गरेका दक्ष जनशक्ति उत्पादन भइरहेका छन् भने अर्कातिर त्यसमध्ये ठुलो हिस्सा आफ्नो भविष्य खोज्दै बिदेसिने क्रम निरन्तर बढिरहेको छ । यसले एउटा गम्भीर प्रश्न उठाएको छ- के नेपालले आफ्ना शिक्षित युवालाई आफ्नै देशमा अवसर दिन सकेको छ ?

नेपालले शिक्षामा गरेको लगानीको प्रतिफल नेपाली समाज र अर्थतन्त्रले पाउनुपर्ने हो । तर वास्तविकता फरक छ । विश्वविद्यालयबाट निस्किएका प्रतिभाशाली युवा अनुसन्धान, नवप्रवर्तन र उद्यममार्फत देश निर्माणमा लाग्नुको सट्टा रोजगारीको खोजीमा बिदेसिन बाध्य छन् । उनीहरूले विदेशमा सफलता प्राप्त गरिरहेका छन् तर नेपालले उनीहरूको ज्ञान, सिप र सिर्जनशीलताको प्रत्यक्ष लाभ गुमाइरहेको छ । यही अवस्थालाई परिवर्तन गर्नु आजको सबैभन्दा ठुलो राष्ट्रिय आवश्यकता हो ।

नेपाल सरकारले विगत केही वर्षयता स्टार्टअपलाई प्रोत्साहन गर्न २०८० सालदेखि स्टार्टअप योजना ल्याएको छ । हालसम्म करिब १७ सय जनाले नेपाल सरकारको स्टार्टअप कार्यक्रमबाट सहयोग प्राप्त गरेका छन् । यस योजनालाई बृहत् रूपमा लैजानुपर्ने आवश्यकता देखिन्छ ।

**स्टार्टअप किन ?**

विश्वका विकसित अर्थतन्त्रहरू केवल ठुला उद्योगले मात्र बनेका होइनन् । साना तर नवीन सोच भएका स्टार्टअपहरूले नै नयाँ उद्योग जन्माएका छन्, नयाँ बजार सिर्जना गरेका छन् र लाखौं रोजगारी दिएका छन् । आज विश्वका ठुला धेरै कम्पनी पनि कुनै समय एउटा सानो स्टार्टअपकै रूपमा सुरु भएका थिए । त्यसैले स्टार्टअप भनेको व्यवसाय दर्ता मात्र होइन, यो समस्याको समाधान खोज्ने दृष्टिकोण, अनुसन्धानलाई उत्पादनमा रूपान्तरण गर्ने प्रक्रिया र अर्थतन्त्रलाई गतिशील बनाउने माध्यम हो ।

नेपालमा पनि यही सोच आवश्यक छ । अब हाम्रो शिक्षा केवल प्रमाणपत्र प्राप्त गर्ने माध्यम बन्नुहुँदैन, त्यो नयाँ उद्योग, नयाँ प्रविधि र नयाँ सम्भावनाको आधार बन्नुपर्छ । शिक्षित युवाले जागिरको प्रतीक्षा गर्ने होइन, आफ्नै ज्ञान र सिपलाई उद्यममा रूपान्तरण गरेर अरूलाई समेत रोजगारी दिने क्षमता विकास गर्नुपर्छ ।

**नेपालमै किन सम्भावना छ ?**

नेपाल सम्भावनाले भरिएको देश हो तर धेरै युवाले नेपालमा अवसर छैन भन्ने निष्कर्ष निकाल्छन् । प्रश्न अवसरको अभाव होइन, अवसरलाई व्यवसायमा रूपान्तरण गर्ने प्रणालीको अभाव हो ।

हिमाल, पहाड र तराईको जैविक विविधता, कृषि उत्पादन, जडीबुटी, हिमाली पानी, जलविद्युत्, पर्यटन, संस्कृति, हस्तकला, सूचना प्रविधि, कृत्रिम बुद्धिमत्ता (एआई), डिजिटल सेवा, स्वास्थ्य प्रविधि, शिक्षा प्रविधि, हरित ऊर्जा, जलवायु प्रविधि, वित्तीय प्रविधि, ई-कमर्स, डिजिटल मिडिया, चलचित्र, डिजाइन, स्थानीय खाद्य उद्योग, फर्निचर, जैविक सौन्दर्य सामग्री, आयुर्वेदिक उत्पादन, चिया, कफी, मसला, मह, अल्लो, बाँस तथा वनजन्य उत्पादन, यी सबै विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने सम्भावना बोकेका क्षेत्र हुन् । यी क्षेत्रमा अनुसन्धान, प्रविधि, ब्रान्डिङ, मूल्य अभिवृद्धि र अन्तर्राष्ट्रिय बजारसँग जोड्न सकियो भने नेपालले कच्चा वस्तु होइन, उच्च मूल्यका उत्पादन र सेवा निर्यात गर्न सक्छ ।

> नेपाल सम्भावनाले भरिएको देश हो तर धेरै युवाले नेपालमा अवसर छैन भन्ने निष्कर्ष निकाल्छन् । प्रश्न अवसरको अभाव होइन, अवसरलाई व्यवसायमा रूपान्तरण गर्ने प्रणालीको अभाव हो ।

**मास्टर्स सकेका युवाका लागि स्टार्टअप किन उपयुक्त ?**

नेपालका विश्वविद्यालयहरूबाट व्यवस्थापन, इन्जिनियरिङ, कृषि, सूचना प्रविधि, चिकित्सा, वातावरण, विज्ञान, कानुन, समाजशास्त्र, अर्थशास्त्रलगायतका विषयमा मास्टर्स पूरा गरेका हजारौं विद्यार्थी प्रत्येक वर्ष बाहिरिने गर्छन् । उनीहरूसँग ज्ञान छ, अनुसन्धानको अनुभव छ र आधुनिक प्रविधिको बुझाइ पनि छ । यस्ता युवाले आफ्नै विषयसँग सम्बन्धित स्टार्टअप सुरु गरे भने नेपालले ठुलो परिवर्तन देख्न सक्छ ।

कृषि अध्ययन गरेका युवाले आधुनिक कृषि प्रविधि, एग्रिटेक वा खाद्य प्रशोधन उद्योग सुरु गर्न सक्छन् । सूचना प्रविधिका विद्यार्थीले सफ्टवेयर, एआई, साइबर सुरक्षा वा डिजिटल सेवा निर्यात गर्न सक्छन् । इन्जिनियरहरूले हरित ऊर्जा, उत्पादन प्रविधि वा स्मार्ट पूर्वाधारमा काम गर्न सक्छन् । स्वास्थ्य क्षेत्रमा अध्ययन गरेका युवाले डिजिटल स्वास्थ्य सेवा, टेलिमेडिसिन र मेडिकल नवप्रवर्तनमा योगदान दिन सक्छन् । यसरी विश्वविद्यालयको ज्ञान बजारसँग जोडिँदा अनुसन्धानले प्रत्यक्ष आर्थिक मूल्य सिर्जना गर्छ ।

**स्टार्टअपबाट रोजगारी मात्र होइन, आत्मनिर्भरता पनि प्राप्त हुन्छ**

नेपालको सबैभन्दा ठुलो चुनौती बेरोजगारी मात्र होइन, अवसरको अभावका कारण सिर्जिएको निराशा पनि हो । स्टार्टअपहरूले यही निराशालाई सम्भावनामा बदल्न सक्छन् । एउटा सफल स्टार्टअपले पाँच जनालाई रोजगारी दिन सक्छ । सयवटा सफल स्टार्टअपले हजारौं युवालाई अवसर दिन सक्छन् । हजारौं सफल स्टार्टअपले देशको अर्थतन्त्रको संरचनामै परिवर्तन ल्याउन सक्छन् । यसैले आजको राष्ट्रिय नारा हुनुपर्छ- रोजगारी खोज्ने होइन, रोजगारी दिने बनौं ।

**स्टार्टअप संस्कृति विकासका लागि के आवश्यक छ ?**

स्टार्टअप सफल बनाउन केवल युवाको इच्छाशक्ति पर्याप्त हुँदैन । त्यसका लागि सम्पूर्ण प्रणालीले साथ दिनुपर्छ । सरकारले व्यवसाय दर्ता सरल बनाउनुपर्छ, कर प्रणाली उद्यममैत्री बनाउनुपर्छ, प्रारम्भिक चरणका स्टार्टअपलाई सहुलियतपूर्ण वित्तीय पहुँच उपलब्ध गराउनुपर्छ । विश्वविद्यालयहरूले इन्क्युबेसन सेन्टर, अनुसन्धान प्रयोगशाला र उद्योगसँगको सहकार्यलाई प्राथमिकता दिनुपर्छ । बैंक तथा वित्तीय संस्थाले धितोभन्दा सम्भावनालाई आधार मानेर लगानी गर्ने संस्कृतिको विकास गर्नुपर्छ । निजी क्षेत्रले मार्गदर्शन, बजार र लगानी उपलब्ध गराउनुपर्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा, समाजले असफलतालाई अपराध होइन, सिकाइको प्रक्रिया भनेर स्वीकार गर्नुपर्छ । संसारका अधिकांश सफल उद्यमी पहिलो प्रयासमै सफल भएका थिएनन् ।

**स्टार्टअप समिट नेपाल २०२६ : कार्यक्रमभन्दा ठुलो अभियान**

यही सोचलाई राष्ट्रिय आन्दोलनका रूपमा अघि बढाउने उद्देश्यका साथ स्टार्टअप समिट नेपाल २०२६ आयोजना गरिएको हो । यो केवल सम्मेलन होइन, शिक्षित युवा, विश्वविद्यालय, उद्योग, सरकार, लगानीकर्ता र नीतिनिर्मातालाई एउटै मञ्चमा ल्याउने साझा प्रयास हो । यस समिटले युवालाई प्रेरणा, सिप, नेटवर्क, लगानी र अवसरसँग जोड्ने वातावरण निर्माण गर्ने लक्ष्य राखेको छ । यसले नेपालमा उद्यमशीलताको नयाँ संस्कृतिलाई गति दिने विश्वास लिइएको छ ।

हामीले अब युवालाई विदेश पठाउने होइन, नेपालमै अवसर सिर्जना गर्ने राष्ट्रिय अभियान सुरु गर्नुपर्छ । प्रतिभा पलायन होइन, प्रतिभा उपयोग नै समृद्ध नेपालको आधार हो ।

हाम्रो सामूहिक सन्देश स्पष्ट छ-
- नेपालमै बसौं, नेपालमै रमाऔं, स्टार्टअप गरौं, भविष्य बनाऔं ।
- रोजगारी खोज्ने होइन, रोजगारी दिने बनौं ।
- पढाइदेखि स्टार्टअपसम्म, स्टार्टअपदेखि समृद्धिसम्म ।
- युवाको शक्ति, स्टार्टअपको प्रगति, नेपालको समृद्धि ।
- स्टार्टअप नेपाल : आइडियाबाट उद्योग, उद्योगबाट समृद्धि ।

आजका शिक्षित युवा नेपालको सबैभन्दा ठुलो सम्पत्ति हुन् । हामीले उनीहरूलाई सही नीति, सही वातावरण, सही लगानी र सही अवसर दिन सक्यौं भने नेपाललाई समृद्ध बनाउन कुनै विदेशी चमत्कार आवश्यक पर्दैन । हाम्रो आफ्नै विश्वविद्यालयका कक्षा, प्रयोगशाला, अनुसन्धान केन्द्र र युवाको सिर्जनशील सोच नै नेपालको नयाँ आर्थिक क्रान्तिको आधार बन्न सक्छ ।

अब समय आएको छ । नेपालले आफ्ना प्रतिभाशाली युवालाई गुमाउने होइन, उनीहरूको सपना नेपालमै साकार बनाउने । 'स्टार्टअप समिट नेपाल २०२६' त्यही परिवर्तनको सुरुवात हो । यो केवल युवाको अभियान होइन, यो समृद्ध, आत्मनिर्भर र नवप्रवर्तनशील नेपालको साझा राष्ट्रिय संकल्प हो ।

# समृद्धिको मृगतृष्णा

जहाँ राजनीतिक र आर्थिक संस्था केही व्यक्ति वा समूहको प्रभावमा छन्, नागरिक स्वतन्त्रतामा बन्देज छ, न्यायपालिकामा कार्यपालिकाको छाया छ अर्थात् जहाँ लोकतन्त्र कमजोर छ, ती देश गरिब छन् ।



रेवतीप्रसाद भुसाल

नेपालको आर्थिक विकास भयो कि भएको छैन भन्ने प्रश्नको उत्तर 'भयो' वा 'भएन' भन्ने दुई शब्दमा दिनु उचित होइन । यसको उत्तर सापेक्षतामा खोज्नुपर्छ । सन् १९५० अघिको नेपाल र त्यो समयका नेपाली जनताको जीवनस्तरसँग तुलना गर्ने हो भने नेपालले धेरै विकास गरेको छ । आर्थिक, सामाजिक, राजनीतिक सबै क्षेत्रमा नेपाली सन् १९५० को तुलनामा धेरै विकसित भएका छन् । जीवनस्तर धेरै सुधारिएको छ । यही कालखण्डमा एसियाका समकालीन केही देशहरूसँग तुलना गर्ने हो भने नेपाल विकासको दृष्टिले धेरै पछाडि छ । सन् १९५० मा नेपाल जहानियाँ शासनबाट मुक्त भई प्रजातन्त्रको उज्यालो देख्यो । नेपाली जनताले आफ्नो भाग्य आफैं कोर्न सक्ने अवसर प्राप्त गरे । हामीभन्दा नौ वर्षपछि सन् १९५९ मा स्वशासनको अधिकार पाएको र त्यसको ६ वर्षपछि सन् १९६५ मा पूर्ण स्वतन्त्र भएको देश हो सिंगापुर । सन् १९४८ मा जापानी उपनिवेशबाट स्वतन्त्र भएको, सन् १९५० देखि उत्तर र दक्षिणबिचमा घातक युद्ध भई करिब ३० लाख कोरियालीहरू मारिएको, युद्धले अर्थतन्त्र ध्वस्त भएको तथा सन् १९५३ मा युद्धविराम भएको देश हो गणतन्त्र कोरिया, जसलाई दक्षिण कोरिया पनि भनिन्छ । मुख्यभूमि चीनबाट अलग भई सन् १९४९ देखि स्वशासन गरेको र हरदम युद्धको त्रासमा रहेको देश हो ताइवान । पूर्वी एसियाका यी तीन देशले गरेको आर्थिक विकाससँग नेपालको तुलना गर्ने हो भने धर्ती-आसमानको फरक देखिन्छ ।

सिंगापुरको जिडिपी नोमिनलमा सन् २०२६ मा ६६० अर्ब डलर पुगेको छ । यसको जिडिपी नोमिनलमा प्रतिव्यक्ति आय ९८ हजार ८१४ डलर (विश्व बैंक) छ । गणतन्त्र कोरियाको जिडिपी नोमिनलमा १.८७ ट्रिलियन डलर पुगेको छ भने जिडिपी नोमिनलमा प्रतिव्यक्ति आय ३६ हजार २२७ डलर (विश्व बैंक) छ । त्यस्तै ताइवानको जिडिपी नोमिनलमा ९७६.७१९ अर्ब डलर छ भने यसको प्रतिव्यक्ति आय नोमिनलमा ४२ हजार १०३ डलर (अन्तर्राष्ट्रिय मुद्रा कोष) छ । नेपालको जिडिपी नोमिनलमा ४९.१११ अर्ब डलर छ भने जिडिपी नोमिनलमा प्रतिव्यक्ति आय एक हजार ५३६ डलर मात्र छ । नेपालको सन् १९६० मा प्रतिव्यक्ति आय ५०.२१ डलर थियो । सन् १९९० मा १८५.७९ डलर पुग्यो । सन् १९९० देखि सन् २०२५ सम्म आउँदा एक हजार ५३६ डलर पुग्यो । यसरी हेर्दा सन् १९६० देखि १९९० सम्मको पञ्चायतकालमा प्रतिव्यक्ति आय ३.७ गुणाले बढेको छ भने बहुदलकालमा सन् १९९० पछि २०२५ सम्ममा ८.२ गुणाले बढेको छ । नेपालको अर्थतन्त्र र नेपाली जनताको जीवनस्तर सन् १९६० को तुलनामा सन् २०२५ मा धेरै सुधार भएको छ तर समकालीन देशहरूले गरेको उन्नतिसँग तुलना गर्दा हामी धेरै पछाडि छौं ।

नेपाल प्राकृतिक रूपमा सुन्दर छ । प्राकृतिक स्रोतमा पनि धनी छ । जनसंख्या परिश्रमी छन् तर पनि हामी समृद्ध किन बन्न सकेनौं ? यसको उत्तर खोज्न हामीलाई डारोन एसेमोग्लु र जेम्स ए रबिन्सनको खोजपूर्ण किताब 'ह्वाई नेसन्स फेल'को निष्कर्षले मद्दत गर्छ । लेखकद्वयको निष्कर्ष छ- धनी वा गरिब हुनुको कारण भूगोल होइन, प्राकृतिक स्रोत होइन, धर्म वा संस्कृति पनि होइन । धनी वा गरिब हुनुमा राजनीतिक र आर्थिक संस्थाहरू सबैभन्दा महत्त्वपूर्ण हुन्छन् । जहाँ समावेशी संस्थाहरू हुन्छन्, तिनीहरूले सबै नागरिकलाई समान अवसर दिन्छन्, निजी सम्पत्तिको सुरक्षा गर्छन्, स्वतन्त्र व्यवसाय र नवप्रवर्तनलाई प्रोत्साहन गर्छन् । कानुन सबैका लागि समान हुन्छ, सरकार जनताप्रति उत्तरदायी हुन्छ । यस्ता देशले प्रगति गर्छन्, धनी हुन्छन् ।

जहाँ शोषणकारी संस्थाहरू हुन्छन्, त्यहाँ सत्ता थोरै व्यक्तिको हातमा केन्द्रित हुन्छ । जनताभन्दा शासकले बढी लाभ उठाउँछन् । भ्रष्टाचार, पक्षपात र दमन हुन्छ । उद्यमशीलता र नवप्रवर्तनलाई अवरोध गरिन्छ । यस्ता देशले प्रगति गर्न सक्दैनन्, गरिब हुन्छन् ।

लेखकद्वयले आफ्ना निष्कर्षलाई धनी र गरिब देशका उदाहरणद्वारा पुष्टि गरेका छन् । पूर्व र पश्चिम युरोपको असमानता, उत्तर कोरिया र दक्षिण कोरियाको आर्थिक प्रगतिमा भिन्नता तथा पूर्वी एसिया, दक्षिण एसिया र अफ्रिकी मुलुकहरूमा पनि दक्षिण अफ्रिका, बोत्सवाना, मोरिसस र अन्य मुलुकको आर्थिक अवस्थाबिचको भिन्नतालाई देखाएका छन् । समग्रमा नेपाल १०४ वर्षसम्म राणाहरूको हुकुमी शासनअन्तर्गत रह्यो । २००७ सालमा प्रजातन्त्र आयो । राजनीतिक पार्टीहरू सक्रिय भए । २०१५ सालसम्म संविधानसभा कि संसद्‌को चुनाव भन्ने विवादमै बित्यो । २०१६ सालमा निर्वाचित प्रजातान्त्रिक सरकार बन्यो । उक्त सरकारले आर्थिक, सामाजिक क्षेत्रमा व्यापक परिवर्तनतर्फ अग्रसर भइरहेको थियो । २०१७ सालमा राजा महेन्द्रले सैनिक बल प्रयोग गरी प्रजातन्त्र अपहरण गरे । स्थापित राजनीतिक पार्टीहरू प्रतिबन्धित गरिए । फेरि ३० वर्षसम्म राजाको हुकुमी शासन चल्यो ।

२०४६ सालपछि देशमा प्रजातन्त्रको पुनःस्थापना भयो । २०४८ सालमा निर्वाचित सरकार गठन भयो । उक्त सरकारले राजनीतिक, आर्थिक, व्यावसायिक तथा सामाजिक क्षेत्रमा व्यापक परिवर्तन गर्‍यो । नियन्त्रणमुखी अर्थतन्त्रलाई उदारीकरण गर्‍यो । देशको अर्थतन्त्र विस्तार हुन लाग्यो । शिक्षा, स्वास्थ्यमा राज्यको लगानीमा वृद्धि भयो । पिउने पानी, यातायात लगायतका पूर्वाधार निर्माणमा तीव्रता आयो । उद्योग स्थापनाका लागि इजाजत लिनुपर्ने अवरोध हटाइयो । देश नवीन सकारात्मक परिवर्तनतर्फ अग्रसर भयो ।

केही आन्तरिक संगठनात्मक कारण र केही व्यक्तिगत महत्त्वाकांक्षाका कारण नेपाली कांग्रेसभित्रको कलहले मध्यावधि निर्वाचनको दुर्घटना भयो । फलस्वरूप अस्थिर सरकार, पार्टीहरूका सत्ता-लालायित अवाञ्छित क्रियाकलापका कारण देशको राजनीति विकृत बन्ने क्रम सुरु भयो । यस्तो विकृत स्वरूप २०५२ सालदेखि हालसम्म कायम छ । यसको विरोधमा जेनजीले आवाज उठाई २०८२ भदौ २३ मा प्रदर्शन गर्दा निहित स्वार्थ बोकेका मानिसले घुसपैठ गरी आन्दोलनलाई नै गलत दिशातर्फ परिवर्तन गरे । भदौ २४ गतेको अकल्पनीय राष्ट्रिय क्षतिबिच अन्तरिम सरकार गठन भयो । २०८२ फागुन २१ गते संघीय संसद् निर्वाचन भयो । यस निर्वाचनमा जनताले बालेन्द्र शाहलाई प्रधानमन्त्री घोषणा गरेको रास्वपालाई करिब दुईतिहाइ बहुमतसाथ विजयी बनाए ।




नेपाली जनताले रास्वपालाई सुशासन र समृद्धिका लागि मत दिएका हुन् । देश समृद्ध बनाउन र प्रशासन तथा राजनीतिमा सुशासन ल्याउन एक व्यक्तिको प्रयत्नले मात्र हुँदैन । एक व्यक्तिको मात्र प्रयत्नले हुने भए लोकतन्त्रको आवश्यकता पर्ने थिएन । लोकतन्त्र भनेकै नागरिकको विश्वास जितेर लोकतान्त्रिक संस्थाहरूलाई बलियो बनाई काम गर्ने प्रणाली हो । भ्युज बढाउन भाइरल बन्ने स्टन्टबाजीको जुनुनले न त सुशासन कायम हुन्छ, न त समृद्धि प्राप्त गर्न सकिन्छ । सुशासन र समृद्धिका लागि इमानदार प्रयत्न र देशमा लगानी वृद्धि गर्ने वातावरण सिर्जना गर्नुपर्छ । उद्योगीलाई आतंकित गराएर उत्पादन पनि बढ्दैन, रोजगारी सिर्जना पनि हुँदैन । स्वच्छता कायम गर्न पहिला आफैं स्वच्छ बनेर देखाउनुपर्छ । प्रधानमन्त्री तथा मन्त्रीहरूको सम्पत्ति विवरणमा देखिएको करोडौं मूल्यको पहेँलो तथा सेतो धातुको विश्वास लाग्दो स्रोत उल्लेख गर्न नपर्ने, उद्योग स्थापना गरी उत्पादन र रोजगारी वृद्धि गरेका उद्योगपतिहरूको कमजोरी खोज्दै मुद्दा चलाउनु ईर्ष्याबाहेक अरू केही हुन सक्दैन ।

बालेन शाह प्रधानमन्त्रीमा नियुक्त भएको पाँच महिना गुज्रिसकेको छ । अहिलेसम्मका उनका क्रियाकलापले प्रधानमन्त्रीको पदलाई काठमाडौं महानगरको नगरप्रमुखको जिम्मेवारीभन्दा बढी बुझेकोजस्तो लाग्दैन । संसद्‌प्रति जवाफदेहिता छैन । संसद्‌मा देशको सीमाको सम्बन्धमा गैरजिम्मेवार तथा तथ्यविपरीत बोलेपछि चार महिनादेखि सांसदहरूले स्पष्टीकरण माग गरेका छन् । तर उनको मौनता कायम छ । विशिष्ट भौगोलिक अवस्थामा रहेको नेपालले परराष्ट्र नीतिको सञ्चालनमा होसियारी अपनाउनुपर्नेमा उनको लहडीपनले विदेश सम्बन्ध असन्तुलित र जटिल बन्दै छ ।

सुनसरीको साम्प्रदायिक घटनाले तराई-मधेस जल्यो । सामाजिक सद्भाव खलबलियो । उनी गैरजिम्मेवार बनी घटना घटेको चौथो दिनसम्म फेसबुकमा भित्ता कोर्दै दिन बिताए । चौतर्फी आलोचना भएपछि मात्र एउटा भिडियो सन्देशमार्फत जनतालाई सम्बोधन गरे । राष्ट्रपतिको सक्रियता र सबै दल तथा धार्मिक-सामाजिक संस्थाको क्रियाशीलताले तनाव मत्थर भएको छ । 'ह्वाइ नेसन्स फेल'का लेखकद्वयले छोटो अवधिका लागि अधिनायकवादी शासनमा पनि आर्थिक वृद्धि हुने उदाहरण दिएका छन् । हाम्रै छिमेकी चीनमा देंग सियाओ पिङले चीनको कायापलट गरेर देखाइदिएका पनि छन् । काबिल व्यक्तिले शासनसत्ता सम्हालेको भए धेरै परिवर्तन नभए तापनि केही संकेत यो पाँच महिनामा देखिने थियो । यस्तो लाग्छ, हामी नेपाली एक व्यक्तिको चमत्कारबाट समृद्धि आउने अपेक्षाले निर्वाचित पात्रको उचित मूल्यांकन गर्न असमर्थ भएका छौं । व्यक्तिको रूपमा एउटा व्यक्ति असफल हुँदा राष्ट्रलाई धेरै फरक पर्दैन तर सरकार प्रमुख असफल हुँदा राष्ट्र नै असफल हुन्छ । समृद्धिका लागि आफ्नो सामर्थ्यमा विश्वास नगरी नायकको खोजी गर्ने नेपाली जनता कहिलेसम्म दिग्भ्रमित भइरहने हुन्, समयले बताउला ।

# मानव-बाघ द्वन्द्वले चुनौती

**शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत तथा सूचना अधिकारी पुरुषोत्तम वाग्लेका अनुसार ३०५ वर्ग किमि क्षेत्रफल रहेको यस निकुञ्जमा १४ वटा बाघ बढेका छन्। २०८२ सालमा गरिएको राष्ट्रिय बाघ सर्वेक्षणअनुसार शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पाटेबाघको संख्या ५० पुगेको छ। चार वर्षअघि सन् २०२२ को सर्वेक्षणमा ३६ वटा मात्र बाघ थिए।**

वसन्त ढुंगाना

*चितवन, साउन २०*

चितवन राष्ट्रिय निकुञ्जवरपरका बस्तीमा बाघ पसिरहन्छन्। पछिल्ला ६ वर्षमा बस्ती छिरेका ३१ वटा बाघ चितवन राष्ट्रिय निकुञ्जले नियन्त्रणमा लिइसकेको छ। उता बर्दिया राष्ट्रिय निकुञ्जले पनि मानिस तथा पशु चौपायामा क्षति पुऱ्याएका २५ वटा बाघ पाँच वर्षको अवधिमा नियन्त्रणमा लिएको तथ्यांक छ। नियन्त्रणमा परेका केही बाघलाई निकुञ्जको कोर क्षेत्रमा पुनः छाडिएको छ भने केहीलाई विशेष खोरमा राखिएको छ। नेपालमा बाघको संख्या बढेसँगै मानव-बाघ द्वन्द्व व्यवस्थापन संरक्षणको नयाँ चुनौती बन्दै गएको छ। बाघ संरक्षणमा नेपालले विश्वमै उदाहरणीय सफलता हासिल गरिरहेको छ। यद्यपि त्यससँगै स्थानीय समुदायको सुरक्षा, जीविकोपार्जन र सहअस्तित्वको प्रश्न पनि उत्तिकै गम्भीर बन्दै गएको छ।

यसको सबैभन्दा पीडादायी उदाहरण सन् २०२२ मा चितवनमा देखियो। त्यतिबेला जिल्लाका विभिन्न भागमा दुईवटा बाघले नौजनाको ज्यान लिएका थिए। मानिसमाथि आक्रमण गर्ने तीमध्ये एउटा बाघलाई कुमरोज मध्यवर्ती सामुदायिक वन र अर्को बाघलाई मेघौली क्षेत्रबाट नियन्त्रणमा लिइएको थियो।

चितवन राष्ट्रिय निकुञ्जमा प्रत्येक वर्ष बाघको संख्या बढिरहेको छ। यससँगै निकुञ्जबाट बस्तीमा बाघ पस्ने क्रम अझै रोकिएको छैन। बाघको संख्या बढ्दै जाँदा संरक्षणसँगै मानव सुरक्षामा पनि प्रश्न उठ्न थालेको छ। यद्यपि सन् २०२२ मा चितवनमा बाघले १६ जनाको ज्यान लिए पनि यस वर्ष भने एकजनाको पनि मृत्यु भएको छैन। केरुंगा मध्यवर्ती सामुदायिक वनका अध्यक्ष लालबहादुर दवाडी संरक्षणको सफलता मात्र पर्याप्त नहुने बताउँछन्। 'अहिले गाउँमा चितुवाले पनि सताएको छ। गाईवस्तु मारेका घटना दिनप्रतिदिन बढिरहेका छन्', उनी भन्छन्, 'सरकारले बाघसँगै जनताको पनि संरक्षण गर्नुपर्छ।'

बाघको संख्या बढ्दा यसले भोलि असर पार्ला भन्ने विषयमा समेत चिन्ता थपिएको छ। संरक्षणकर्मी अपिल घिमिरेले पटिहानी, जगतपुर क्षेत्रका वनमा आश्रित मानिस जंगल जान छाडेको बताए। 'हाम्रो क्षेत्रमा वनमा आश्रित ३१ टोलका मानिस जंगल जानु हुँदैन। उहाँहरूको आयस्रोत नै गुम्न थालेपछि अबको बाटो के हुन्छ ?', उनले प्रश्न गर्दै भने, 'यस्ता कुरामा बेलैमा नसोचेमा झन् खतरासमेत हुन सक्छ।' उनले मानिसलाई बाघको आनीबानीसम्बन्धी जनचेतना जगाउनुपर्ने धारणासमेत राखे।

बाघ विशेषज्ञ डा. बाबुराम लामिछाने भने सबै बाघलाई जोखिमपूर्ण रूपमा बुझ्नु उचित नहुने बताउँछन्। उनका अनुसार नेपालका करिब ९५ प्रतिशत बाघ मानिसको सम्पर्कमै आएका छैनन्। केवल पाँच प्रतिशत बाघ मात्रै विभिन्न कारणले बस्तीमा पस्ने गरेका छन्।

'बाघ मांसाहारी भए पनि हिंस्रक जनावर होइन', लामिछानेले भने, 'यो लजालु प्रजाति हो। मानिससँग एक्कासि जम्काभेट हुँदा आफूलाई असुरक्षित महसुस गरेपछि मात्रै आक्रमण गर्ने सम्भावना हुन्छ।' डा. लामिछानेका अनुसार मानव-बाघ द्वन्द्व कम गर्न बाघको प्राकृतिक बासस्थान संरक्षण, वन व्यवस्थापन र पर्याप्त आहार प्रजातिको संरक्षण अपरिहार्य छ।

बाघको क्षेत्राधिकार पनि निकै फराकिलो हुन्छ। एउटा पोथी बाघले करिब २० देखि सय वर्ग किमि क्षेत्र ओगट्न सक्छ भने भाले बाघले ६० देखि २५० वर्ग किमि, कतिपय स्थानमा चार वर्ग किमिसम्म आफ्नो इलाका बनाउँछ। तर चितवनजस्तो सिकार प्रशस्त भएको क्षेत्रमा २० देखि ६० वर्ग किमिमै बाघले सहजरूपमा जीवनयापन गर्न सक्छ। बाघ सामान्यतः १० देखि १५ वर्षसम्म बाँच्छ। खोरमा राखिएका बाघ भने २० वर्षसम्म पनि जीवित रहने गरेका छन्।

यता नेपालमा भने बाघको संख्या निरन्तर बढिरहेको छ। पछिल्लो राष्ट्रिय बाघ सर्वेक्षणअनुसार देशभर बाघको संख्या ४२९ पुगेको छ। सन् २०२२ मा यो संख्या ३५५ थियो। चार वर्षको अवधिमा नेपालमा ७४ वटा बाघ थपिएका छन्। चितवन राष्ट्रिय निकुञ्जमा मात्र चार वर्षमा १७ वटा बाघ बढेर संख्या १४५ पुगेको छ। सन् २०२२ मा यहाँ १२८ वटा बाघ थिए। नेपालमै सबैभन्दा धेरै बाघ पाइने निकुञ्ज पनि चितवन नै हो।



बाँके राष्ट्रिय निकुञ्जमा रहेका बाघ।

*तस्बिर : गणेश/नागरिक*

> 'जंगलको राजा' भनेर चिनिने बाघले जंगलमा निश्चित क्षेत्रफलको किल्ला छुट्याएर बसेको हुन्छ। उसले आफ्नो 'एरिया' छुट्याउन चारैतिर नाग्राले रुख कोतरेर दिसा-पिसाब छाड्ने गर्छ ताकि त्यस क्षेत्रभित्र अर्को बाघ नआओस्।

**बर्दियामा बाघको संख्या किन घट्यो ?**

बर्दिया नागरिककर्मी निर्मल घिमिरेका अनुसार बाघ गणनामा बर्दिया राष्ट्रिय निकुञ्जमा पाटे बाघको संख्या अघिल्लो गणनामा १२५ रहेको बाघको संख्याबाट घटेर ११२ मा झरेको तथ्यांक सार्वजनिक भएको छ। १३ वटा बाघ घटेपछि यसको कारणबारे विभिन्न प्रश्न उठ्न थालेका छन्। चार वर्षमा १३ वटा बाघ कसरी घट्यो भन्ने प्रश्न नागरिक स्तरबाट उठेको छ। प्राकृतिक कारणले आठवटा बाघ मरेको देखिन्छ। बर्दिया निकुञ्ज रम्मापुर र मुख्यालय ठाकुरद्वारामा गरी पाँचवटा बाघ उद्धार केन्द्र राखिएको र एउटा बाघ चिडियाखाना पठाएको अभिलेखमा देखिएको कर्मचारी बताउँछन्।

बर्दिया निकुञ्जबाट मध्यवर्ती क्षेत्रका बासिन्दालाई निकुञ्जको आम्दानीको ३० देखि ५० प्रतिशत समुदायमा खर्च गर्ने बाध्यकारी नभएका कारण पछिल्लो समय मानव र वन्यजन्तुबिच द्वन्द्व बढ्दै गएको छ। समुदायमा न्यायोचित रूपमा निकुञ्जले गरेको आम्दानीको स्रोतलाई समुदायमा विभिन्न अड्चनबिच पठाउन नसकिएको विषयमा स्थानीय आक्रोशित छन्। मानव-वन्यजन्तु द्वन्द्वको दबाब कम देखाउन निकुञ्ज प्रशासनले बाघको संख्या कम देखाएको हो कि भन्ने आंशका रहेको मध्यवर्तीका कृष्ण चौधरीले आंशका व्यक्त गरे। उनका अनुसार बाघ गणना अन्तर्राष्ट्रिय मापदण्डअनुसार क्यामेरा ट्र्याप, पगमार्क, बासस्थान विश्लेषण तथा वैज्ञानिक तथ्यांकका आधारमा गरिने भएकाले यसको विश्वसनीयता उच्च मानिन्छ।

**शुक्लाफाँटामा कम क्षेत्रफलमा बढी बाघ**

धनगढी नागरिककर्मी दिलबहादुर छत्यालका अनुसार 'जंगलको राजा' भनेर चिनिने बाघले जंगलमा निश्चित क्षेत्रफलको किल्ला छुट्याएर बसेको हुन्छ। उसले आफ्नो 'एरिया' छुट्याउन चारैतिर नाग्राले रुख कोतरेर दिसा-पिसाब छाड्ने गर्छ ताकि त्यस क्षेत्रभित्र अर्को बाघ नआओस्। विज्ञहरूका अनुसार एउटा भाले बाघ ५०-६० किमि क्षेत्रफल कब्जा गरेर बस्ने गर्छ। पोथी बाघ १० देखि ३० किमि क्षेत्रफलमा बस्ने गर्छ। एक भाले बाघको ठाउँमा तीन पोथी बाघ बस्न सक्ने बताउँछन्।

शुक्लाफाँटा निकुञ्ज ३०५ वर्ग किमि क्षेत्रफल रहेको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत तथा सूचना अधिकारी पुरुषोत्तम वाग्लेले बताए। शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा १४ वटा बाघ बढेका छन्। २०८२ सालमा गरिएको राष्ट्रिय बाघ सर्वेक्षणअनुसार शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पाटेबाघको संख्या ५० पुगेको छ। चार वर्षअघि सन् २०२२ को सर्वेक्षणमा ३६ वटा मात्र बाघ थिए। निकुञ्ज कार्यालयले सन् २०२४ मा गरेको गणनामा यहाँ बाघको संख्या ४३ थियो। शुक्लाफाँटा लालझाडी कम्प्लेक्समा २ गुणा २ किमि ग्रिड बनाएर हरेक ग्रिडमा एक जोडी स्वचालित क्यामेरा कम्तीमा १५ दिनसम्म राखिएको थियो। तिनै स्वचालित क्यामेराले कैद गरेको तस्बिरका आधारमा बाघको संख्या गणना गरिएको हो।

**आहार प्रजाति प्रशस्त**

शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज ५० बाघको संख्याबमोजिम क्षेत्रफल कम भए पनि आहार प्रजातिका लागि भने अनुकुल रहेको छ। नेपालमै सबैभन्दा ठूलो घाँसे मैदान रहेको शुक्लाफाँटामा बाघका लागि पर्याप्त आहार र खानेपानी उपलब्ध छ। शुक्लाफाँटामा प्रतिवर्ग किमि १४६ आहार प्रजाति छन्। शुक्लाफाँटामा बाघका लागि बासस्थानको पनि राम्रो व्यवस्था छ। निकुञ्जभित्र प्राकृतिक ताल छन् भने १४ वटा कृत्रिम तालसमेत बनाइएको छ।

**व्यवस्थापनमा ध्यान दिनुपर्ने**

वरिपरि बस्ती रहेको शुक्लाफाँटामा ३०५ वर्ग किमि क्षेत्रफलमै ५० बाघ भएपछि मानव र वन्यजन्तुको द्वन्द्व व्यवस्थापन गर्न ठुलो चुनौती देखिएको छ। यसअघि पनि बाघ बस्तीमा पसेर अथवा मेलापात गएकाहरूलाई बाघले आक्रमण गर्दा कयौंको ज्यान गइसकेको छ। पहिलो गणना भएका बेला १२१ बाघबाट दोब्बर बनाउने सरकारको घोषणा हो। अब बाघको संख्या बढाउनभन्दा पनि व्यवस्थापन गर्नुपर्ने विज्ञहरूको राय छ। विश्वमा १३ देशमा मात्र बाघ पाइन्छ। बाघ अढाई-तीन वर्षमा बयस्क भइसक्छ भने १६ देखि २० वर्ष यसको आयु हुने गरेको विज्ञ बताउँछन्।

## बाँकेमा शतप्रतिशतले बढे बाघ

बाँके नागरिककर्मी गणेश विशुका अनुसार नेपालका राष्ट्रिय निकुञ्जमध्ये बाँके राष्ट्रिय निकुञ्जले बाघ संरक्षणमा ऐतिहासिक सफलता हासिल गरेको छ। पछिल्लो बाघ गणनामा यहाँ बाघको संख्या शतप्रतिशतभन्दा बढीले बढेर २५ बाट ५१ पुगेको छ। बाघका लागि सुरक्षित बासस्थान, पर्याप्त आहार र पानी उपलब्ध हुँदा बाँके राष्ट्रिय निकुञ्जलाई बाघ संरक्षणमा ऐतिहासिक सफलता मिलेको हो। चितवन राष्ट्रिय निकुञ्जमा १४५, बर्दियामा ११२, पर्सामा ७१, बाँकेमा ५१ र शुक्लाफाँटामा ५० वटा बाघ रहेका छन्।

अघिल्लो गणनामा चितवनमा १२८, बर्दियामा १२५, पर्सामा ४१, शुक्लाफाँटामा ३६ र बाँकेमा २५ वटा बाघ थिए। यस आधारमा चितवनमा १७, पर्सामा ३०, शुक्लाफाँटामा १४ र बाँकेमा २६ वटा बाघ थपिएका छन् भने बर्दियामा १३ वटा घटेका छन्। बाँकेको चुरे-भावर क्षेत्र प्राकृतिक रूपमा सुख्खा भएकाले पानीको अभाव वन्यजन्तु संरक्षणको प्रमुख चुनौती थियो। यही समस्यालाई मध्यनजर गर्दै निकुञ्जले करिब ३० वटा कृत्रिम पोखरी निर्माण गरेको, विभिन्न स्थानमा पाइपमार्फत पानी पुऱ्याएर जलाशय तयार गरेको र वर्षभरि पानी उपलब्ध हुने व्यवस्था मिलाएको छ। यसबाट बाघसँगै चित्तल, जरायो, चौका, निलगाईलगायतका आहार प्रजातिलाई पनि प्रत्यक्ष लाभ पुगेको निकुञ्जको भनाइ छ। घाँसे मैदानको नियमित व्यवस्थापनले आहार प्रजातिको संख्या वृद्धि भएको छ। पर्याप्त आहार उपलब्ध भएपछि बाघको प्रजनन र स्थायित्वमा समेत सकारात्मक प्रभाव परेको संरक्षणकर्मी बताउँछन्। त्यससँगै चोरीसिकारी नियन्त्रणका लागि गस्तीलाई थप प्रभावकारी बनाइएको र वन्यजन्तुको बासस्थानमा हुने अतिक्रमण रोक्न विशेष ध्यान दिइएको छ।

# नारायणी अस्पतालका मेसु सर्वोत्तम अस्पतालमा पनि

उपेन्द्र यादव

*वीरगन्ज, साउन २०*

केही दिनअघि देशैभरिका चिकित्सकलाई हडतालमा उतार्ने वीरगन्जको नारायणी अस्पतालमा खासै सुधार देखिएको छैन। अस्पताल सुधारको जिम्मा लिएका निमित्त मेसु चितरञ्जन शाहले नियमविपरीत निजी अस्पतालमा समय दिइरहेको पाइएपछि अस्पताल सुधार हुन नसकेको रहस्य खुलेको छ। नारायणी मधेस प्रदेशकै एक प्रमुख संघीय र धेरै बिरामीको चाप हुने अस्पताल हो।

शाह वीरगन्जको पानीटंकी क्षेत्रस्थित सर्वोत्तम अस्पतालमा कार्यरत रहेको पाइएको छ। पथरी तथा मूत्ररोग विशेषज्ञ रहेका डा. चितरञ्जनसँग जचाउन बुधबार पर्साका अठराहा सुगौलीनिवासी वीरेन्द्र पण्डित पुगेका थिए। उनले सात सय रुपैयाँ तिरेर सर्वोत्तम अस्पतालको ओपिडीको टिकट काटी डा. चितरञ्जनसँग जचाएका थिए। किडनीमा पथरी भएको अन्य डाक्टरबाट जानकारी पाएपछि आफू यहाँ आएको पण्डितले बताए। डा. शाहसँग समस्या सुनाएपछि उनले रगत र पिसाब जाँच र अल्ट्रासाउन्ड गराएर ल्याउन पुर्जीमा लेखी सुझाएको पण्डितले बताए। सर्वोत्तम अस्पतालको काउन्टरबाट ११ सय रुपैयाँको रसिद काटेर रगत र पिसाब चेकजाँच गर्नका लागि दिएको र अस्पतालको अल्ट्रसाउन्ड बिग्रेकोले बाहिरबाट गराएर ल्याउन भनेको पडितले बताए।

पण्डितजस्तै डा. चितरञ्जनसँग जचाउन ४/५ जना बिरामी लाइनमा बसेका थिए। डा. शाहले दैनिक रूपमा बिहान ८ बजेदेखि ९:३० बजेसम्म र बेलुका ५ बजेदेखि ७:३० बजेसम्म सर्वोत्तम अस्पतालमा सेवा दिने गरेको अस्पताल प्रशासनले जनाएको छ। सर्वोत्तम अस्पताल प्रवेश गरेपछि भुइँतलाको ओपिडी १ नम्बर लेखिएको कोठाअगाडि डा. चितरञ्जन शाहको नामको बोड राखिएको छ। नारायणी अस्पतालको निमित्त मेडिकल सुपरिटेन्डेन्डको जिम्मेवारीमा रहेका शाहलाई निजी अस्पताल सर्वोत्तममा सेवा दिन रोक लगाइएको छ। तर पनि स्वास्थ्य मन्त्रालयले गरेको निर्णयविपरीत शाह निजी अस्पतालमा सेवा दिइरहेका छन्। स्वास्थ्य मन्त्रालयले गरेको निर्णयअनुसार सरकारी अस्पतालको नेतृत्वमा रहेका चिकित्सक निजी अस्पतालमा काम गर्नै पाउँदैनन्।

नियमविपरीत सर्वोत्तम अस्पतालमा काम गरेको विषयमा डा. शाहसँग प्रश्न गर्दा उनले आफू बाध्यले निमित्त मेसुको जिम्मेवारी पाएको तर्क गरे। निजी अस्पतालमा सेवा दिन नछाड्ने बरु मेसु पद छाड्न तयार रहेको डा. शाहले बताए।

## ४४ प्रतिशत शिशु पहिलो ६ महिनासम्म पूर्ण स्तनपानबाट वञ्चित

गणेश विशु

*बाँके, साउन २०*

नेपालमा पहिलो ६ महिनासम्म शिशुलाई आमाको दूध मात्र खुवाउने (पूर्ण स्तनपान) अभ्यास अझै सन्तोषजनक हुन नसकेको देखिएको छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण (एनडीएचएस) २०२२ अनुसार ० देखि ५ महिनासम्मका ५६ प्रतिशत शिशुले मात्र पूर्ण स्तनपान प्राप्त गर्ने गरेका छन् भने बाँकी ४४ प्रतिशत शिशु यसबाट वञ्चित छन्।

यही अवस्थालाई सुधार गर्ने उद्देश्यले विश्व स्तनपान सप्ताह- २०८३ को अवसरमा भेरी अस्पतालले 'दिगो जीवनको स्वास्थ्य सुरुवात, प्रभावकारी स्तनपानका लागि सबैको साथ' भन्ने मूल नारासहित जनचेतनामूलक कार्यक्रम आयोजना गरेको छ। कार्यक्रममा अस्पतालका प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट डा. नवीन दर्नाल, नर्सिङ प्रमुख, विभागीय प्रमुख, चिकित्सक, नर्सिङकर्मी तथा हालै शिशु जन्माएका आमाहरूको सहभागिता थियो।

सहभागीलाई जन्मेको पहिलो एक घण्टाभित्र स्तनपान सुरु गर्नुपर्ने, पहिलो ६ महिनासम्म शिशुलाई आमाको दूधबाहेक अन्य कुनै खानेकुरा वा पेय पदार्थ नदिनुपर्ने तथा ६ महिनापछि उपयुक्त पूरक आहारसँगै दुई वर्ष वा सोभन्दा बढी समयसम्म स्तनपानलाई निरन्तरता दिनुपर्ने विषयमा जानकारी दिइएको थियो।

अस्पतालका अनुसार एनडीएचएस २०२२ ले ० देखि २३ महिनासम्मका ५५ प्रतिशत शिशुले मात्र जन्मेको पहिलो एक घण्टाभित्र स्तनपान पाउने गरेको देखाएको छ। यद्यपि करिब ९९ प्रतिशत बालबालिकाले जीवनको कुनै न कुनै समयमा आमाको दूध पाउने गरेका छन्। यी तथ्यांकले समयमै स्तनपान सुरु गर्ने र पहिलो ६ महिनासम्म पूर्ण स्तनपान गराउने अभ्यासलाई अझ प्रभावकारी बनाउन समुदायस्तरसम्म जनचेतना विस्तार गर्नुपर्ने आवश्यकता औँल्याएको अस्पतालले जनाएको छ।

कार्यक्रममा स्तनपान गराउने सही तरिका, आमाको दूधका पोषण तथा रोग प्रतिरोधात्मक फाइदा, शिशुको शारीरिक, मानसिक र बौद्धिक विकासमा स्तनपानले खेल्ने भूमिका तथा आमाको स्वास्थ्य संरक्षणमा यसले पुऱ्याउने योगदानबारे जानकारी गराइएको थियो। सहभागी आमाहरूका जिज्ञासाको चिकित्सक तथा स्वास्थ्यकर्मीले समाधान गर्दै सही स्तनपान अभ्यास अपनाउन आग्रह गरेका थिए। भेरी अस्पतालले सुरक्षित मातृत्व, नवजात शिशुको स्वास्थ्य तथा स्तनपान प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै यस्ता जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिँदै आएको जनाएको छ।

## मिर्गौला प्रत्यारोपणमा कीर्तिमान

कृष्ण किसी

*काठमाडौं, साउन २०*

भक्तपुरस्थित सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले मिर्गौला प्रत्यारोपणमा नयाँ रेकर्ड कायम गरेको छ। आर्थिक वर्ष २०८२/८३ मा २०२ जनाको सफल रूपमा मिर्गौला प्रत्यारोपण गरी नयाँ रेकर्ड राखेको अस्पतालले जनाएको छ।

यस्तो उपलब्धिले नेपालमा अंग प्रत्यारोपण सेवा सुदृढीकरणमा ऊर्जा मिल्नुका साथै आगामी दिनमा गुणस्तरीय, सुरक्षित र प्रभावकारी सेवा प्रवाह गर्ने थप मार्गप्रशस्त गर्ने विश्वास केन्द्रले गरेको छ। सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रकी कार्यकारी निर्देशक डा. कल्पनाकुमारी श्रेष्ठले १४ वर्षको अवधिमा केन्द्रले ९९ प्रतिशतभन्दा बढी सफलता प्राप्त गर्दै हालसम्म एक हजार ६ सय ७० जनाको मिर्गौला तथा ३७ जनाको कलेजो सफलतापूर्वक प्रत्यारोपण गरिसकेको जनाइन्।

केन्द्रमा मिर्गौला प्रत्यारोपणको नेतृत्व डा. दीपेश श्रेष्ठले गरिरहेका छन्। यो उपलब्धि नेपालमा मानव अंग प्रत्यारोपण सेवामा ऐतिहासिक कदमका रूपमा स्थापित भएको केन्द्रको भनाइ छ। यो सफलता प्रत्यारोपण सेवामा कोसेढुंगा साबित भएको केन्द्रको दाबी छ। अंग प्रत्यारोपण क्षेत्रमा प्राप्त उपलब्धिप्रति खुसी व्यक्त गर्दै केन्द्रले प्रत्यारोपण सेवामा प्रत्यक्ष तथा परोक्षरूपमा संलग्न चिकित्सक, नर्सिङ कर्मचारी, प्राविधिक तथा सहयोगी कर्मचारीको अथक् मेहनत र



समर्पणको खुलेर प्रशंसा गरेको छ।

सामान्य बहिरंग सेवालगायत हेमोडायलासिसबाट सेवा सुरु गरेको केन्द्रले हाल मिर्गौला प्रत्यारोपणका साथै विश्वमै जटिल मानिएको कलेजो प्रत्यारोपण, अत्याधुनिक युरोलोजी तथा विभिन्न रोगको उपचार (पेट, मुटु, नाक, काँन, घाँटी), अंगदान सेवा, फिजियोथेरापी, रेडियो डायग्नोसिसको समेत सेवा प्रदान गर्दै आइरहेको छ। केन्द्रले नेपालमै पहिलोपटक सफल कलेजो प्रत्यारोपण गरेको छ भने मस्तिष्क मृत्यु भएका व्यक्तिहरूबाट मिर्गौला प्रत्यारोपणको सुरुवात गरेर नेपालको चिकित्सा क्षेत्रमा गहन भूमिका निर्वाह गरेको छ। स्थापनाकालको चौधौं वर्षमा आइपुग्दा एक हजार ६ सय बढी बिरामीको मिर्गौला प्रत्यारोपण तथा ३६ जनाको कलेजो प्रत्यारोपण गरेको केन्द्रले जनाएको छ। केन्द्रका अनुसार प्रत्येक दिन १५० भन्दा बढी बिरामीलाई हेमोडायलासिस सेवा दिइरहेको छ।

## सेती अस्पतालका डाक्टर निजी क्लिनिकमा

दिलबहादुर छत्याल

*धनगढी, साउन २०*

सुदूरपश्चिम प्रदेशकै रेफरल अस्पतालका रूपमा रहेको सेती प्रादेशिक अस्पतालका चिकित्सकहरू अस्पतालमा नबस्दा सर्वसाधारण बिरामीले सास्ती खेप्नुपरेको छ। चिकित्सकहरूले कार्यालय समयमा पनि निजी क्लिनिक र अस्पतालहरूमा समय दिने गर्दा आर्थिक अवस्था कमजोर भएर उपचार गर्न सेती अस्पताल पुगेका बिरामीले सास्ती खेप्नुपरेको हो।

धनगढीमा च्याउजस्तै खुलेका निजी अस्पताल र क्लिनिकमा सेती प्रादेशिक अस्पतालका अधिकांश चिकित्सकले काम गर्दै आएका छन्। निजी अस्पताल र क्लिनिकमा काम गर्ने हुँदा सेती प्रादेशिक अस्पतालमा पुग्ने बिरामीको उपचारमा उनीहरूको बेवास्ता देखिने गरेको स्थानीय बताउँछन्। 'बुबाको पत्थरीको उपचार गर्न ल्याएको थिएँ, यहाँ मंसिरमा मात्र शल्यक्रियाको पालो आउँछ। छिटो गर्ने हो भने बाहिर लैजानू भन्यो', सेती अस्पताल आएका हरि साउदले भने। पैसो नहुने हामीजस्ता सर्वसाधारणका बिरामीलाई निजी अस्पतालको उपचार धेरै महँगो पर्ने स्थानीय शेरबहादुर चौधरी बताउँछन्।

सर्वसाधारणले प्रधानमन्त्री कार्यालयको हेलो सरकार, मुख्यमन्त्रीको कार्यालय, सेती अस्पतालकै क्युआरमा गुनासो गर्ने गरेको र गुनासोका आधारमा पटकपटक कार्यालय समयमा नबस्ने चिकित्सकलाई लिखित रूपमा स्पष्टीकरण सोधिएको सेती प्रादेशिक अस्पातलका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. हेमराज पाण्डेले बताए। सेती प्रादेशिक अस्पातलका प्रायः सबै फाँटका चिकित्सक र कर्मचारीका बारेमा गुनासो आउने गरेको उनको भनाइ छ। 'कार्यालय समयमा निजी किल्निकमा बस्ने चिकित्सकलाई अस्पताल प्रशासनले कारबाही गर्ने छ', उनले भने।

# आइएनजिओमा नेपाल अगाडि

भुवन शर्मा

*काठमाडौं, साउन २०*

दक्षिण एसियामा भारतपछि सबैभन्दा बढी गैरसरकारी संस्था (एनजिओ) तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आएनजिओ) नेपालमा कार्यरत रहेको पाइएको छ। जनसंख्याको हिशाबले तुलना गर्ने हो भने भारतभन्दा पनि नेपाल अगाडि छ। करिब तीन करोड हाराहारी जनसंख्या भएको देशमा २५० आइएनजिओ छन् भने डेढ अर्ब जनसंख्या हाराहारी भएको भारतमा आइनजिआको संख्या ६ सयजति रहेको विभिन्न तथ्यांकले देखाएको छ।

यसैगरी १७ करोड हाराहारी जनसंख्या भएको बंगलादेश र नेपालमा आइजिओको संख्या उस्तै-उस्तै छ। त्यहाँ पनि २५० आइएनजिओ रहेको विभिन्न तथ्यांकले पुष्टि गरेको छ। जनसंख्याका आधारमा तुलना गर्दा बंगलादेशभन्दा नेपाल धेरै अगाडि छ। नेपालमा समाज कल्याण परिषद्मा आबद्ध करिब ६० हजार गैरसरकारी संस्था (एनजीओ) मध्ये १० हजार सक्रिय रहेको तथ्य सार्वजनिक भएको छ। बुधबार प्रतिनिधिसभाअन्तर्गत कानुन, न्याय तथा मानवअधिकार समितिको बैठकमा समाज कल्याण परिषद्का सदस्य-सचिव तथा महिला, बालबालिका एवं ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव चक्रबहादुर बुढाले यस्तो जानकारी दिएका थिए। बुढाका अनुसार परिषद्मा हालसम्म ६० हजार एनजिओ आबद्ध भए पनि अधिकांश निष्क्रिय अवस्थामा छन्। यस्तै हालसम्म २५० अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आइएनजिओ) ले नेपालमा काम गरेको रेकर्ड रहे पनि १३६ वटा संस्था मात्रै सक्रिय आयोजनासहित सञ्चालनमा रहेका छन्।

बैठकमा बुढाले दिएको जानकारीअनुसार इन्टरनेसनल कमिसन अफ जुरिस्ट (आइसिजे) ले सन् २००९ देखि नेपालमा काम सुरु गरेको र पछिल्लोपटक २५ फेब्रुअरी २०२२ मा पाँच वर्षका लागि सम्झौता नवीकरण गरिएको छ। आइसिजेले संक्रमणकालीन न्याय, मानवअधिकार, सर्वोच्च अदालतका नजिर तथा पीडित समूहको कानुनी अधिकारका क्षेत्रमा काम गर्दै आएको उनको भनाइ छ।

एम्नेस्टी इन्टरनेसनल नेपाल २०६२ सालदेखि समाज कल्याण परिषद्मा आबद्ध रहेको र यसको आबद्धता २०८३ असार मसान्तसम्म कायम रहने उनले बताए। उनका अनुसार एम्नेस्टीले सन् २०२६ का लागि पाँच करोड १५ लाख ४२ हजार ५४० रुपैयाँ बजेटको मानवअधिकार अभियान तथा वकालतसम्बन्धी आयोजना स्वीकृत गराएको छ। उक्त आयोजनाका लागि आवश्यक वैदेशिक सहायता लन्डनस्थित अन्तर्राष्ट्रिय सचिवालयबाट प्राप्त हुने परिषद्को अभिलेखमा उल्लेख रहेको पनि उनले बैठकमा बताएका थिए।

**के भन्छ, एनजिओ फेडेरेसन ?**

एनजिओ फेडेरेसन नेपालका अध्यक्ष अर्जुन भट्टराईले दक्षिण एसियामै एनिजओ तथा आइएनिजओको संख्या र तिनीहरूले भित्र्याएका पैसाका बारेमा आजसम्म कसैले औपचारिक अध्ययन नगरेको बताए। उनले भने, 'नेपालमा एनजिओ खोल्नु संवैधानिक अधिकार हो। संघ, संस्था खोल्ने अधिकार संविधानले नै दिएको छ', उनले भने, 'नेपालमा आमा समुह, महिला समुह, बा समुह, गुम्बा, मस्जिदलगायत सबै क्षेत्रमा खोलिएका संघसंस्थालाई एनिजओभित्र परिभाषा गर्ने भएकाले एनजिओको संख्या बढी भएको देखिएको हो।' संघसंस्था लोकतन्त्रका पिलर भएको उनको भनाइ छ। नेपालमा भित्रिएको वैदेशिक सहायताको पाटोमा भने नियमन र अनुगमनको विषयलाई प्रभावकारी बनाउनुपर्ने उनको भनाइ छ।

### दक्षिण एसियामा कति छन् ?

विभिन्न स्रोतबाट थाहा भएअनुसार अफगानिस्तानमा गैरसरकारी संस्थाहरू (एनजिओ) दुई हजारभन्दा बढी, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू (आएनजिओ) दुई सयभन्दा बढी कार्यरत छन। त्यहाँ आइएनजिओको मुख्य प्राथमिकता मानवीय राहत, शिक्षा, स्वास्थ्य सेवा, महिला अधिकार आदि रहेको जनाइएको छ। बंगलादेशमा एनजिओ ३० हजारभन्दा बढी र आइएनजिओ २५० भन्दा बढी रहेका छन्। बंगलादेशमा आइएनजिओको मुख्य प्राथमिकता गरिबी न्यूनीकरण, लघुवित्त, विपद् व्यवस्थापन, शिक्षा आदि रहेको जनाइएको छ। यसैगरी भुटानमा एनजिओ एक सयभन्दा बढी र आइएनजिओ ३० भन्दा बढी रहेका छन्। उनीहरूको प्राथमिकता वातावरण, युवा विकास, ग्रामीण विकास रहेको जनाइएको छ।

भारतमा एनजिओ ३३ लाखभन्दा बढी र आइएनजिओ ६ सयभन्दा बढी छन्। उनीहरूको मुख्य प्राथमिकता शिक्षा, स्वास्थ्य, वातावरण, मानवअधिकार, ग्रामीण विकास आदि रहेका छन्। माल्दिभ्समा एनजिओ तीन सयभन्दा बढी र आइएनजिओ २० भन्दा बढी रहेका छन्। उनीहरूको मुख्य प्राथमिकता जलवायु परिवर्तन, स्वास्थ्य, युवा विकास आदि रहेको पाइएको छ। नेपालमा आइएनजिओको मुख्य प्राथमिकता विपद् राहत, शिक्षा, सामुदायिक विकास, महिला सशक्तीकरण रहेको जनाइएको छ।

पाकिस्तानमा एनजिओ पैंतालीस हजारभन्दा बढी र आइएनजिओ १५० भन्दा बढी छन्। उनीहरूको मुख्य प्राथमिकता स्वास्थ्य सेवा, शिक्षा, गरिबी निवारण, विपद् प्रतिकार्य आदि रहेको पाइएको छ। यसैगरी श्रीलंकामा एनिजओ २५ हजारभन्दा बढी र आइएनजिओ एक सयभन्दा बढी रहेका छन्। उनीहरूको मुख्य प्राथमिकता शान्ति निर्माण, जीविकोपार्जन, विपद् व्यवस्थापन, बाल कल्याण आदि रहेको पाइएको छ।

**बजार**

सुन तोला - २८८,०००

चाँदी तोला - ४४७५

| | विदेशी मुद्रा | खरिद | बिक्री |
|---|---|---|---|
| $ | अमेरिकी डलर - | १५१.९० | १५२.५० |
| € | युरो - | १७५.२६ | १७५.९५ |
| £ | पाउन्ड स्टर्लिङ - | २०४.५७ | २०५.३८ |



मध्यपुर थिमि सिद्धिकाली मार्गको एक पसलमा बिक्रीका लागि राखिएका माटोका गमला र अन्य घरायसी सामग्री । *तस्बिर : रत्न श्रेष्ठ/रासस*

# कोसीका आठ जिल्लामा १४०० सिँचाइ योजना सम्पन्न



**भीम चापागाईं**

*इलाम, साउन २०*

कोसी प्रदेशका ५९ स्थानीय तहमा एक हजार चार सय ४० साना सिँचाइ आयोजना निर्माण गरिएका छन्। यी स्थानीय तहका २५ हजार ९३ हेक्टरमा सिँचाइ सुविधा पुगेको छ।

स्विस सरकारको ३० प्रतिशत, संघीय सरकार र प्रदेश सरकारको २०-२० प्रतिशत, स्थानीय सरकारको २० प्रतिशत र स्थानीय जल उपभोक्ता संस्थाको १० प्रतिशत लगानीमा आयोजना निर्माण गरिएका हुन्। आयोजनाबाट ६१ हजार ४० घरका उपभोक्ता लाभान्वित भएको कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयन सहयोग परामर्शदाताको तथ्यांक छ। इलाम, पाँचथर, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ, उदयपुर र ओखलढुंगाका यी आयोजना सम्पन्न गर्न पाँच अर्ब तीन करोड रुपैयाँ खर्च भएको छ।

यी आयोजना सम्पन्न भई सिँचाइ सुविधा पुग्दा बर्खेधानको उत्पादकत्व ४४ प्रतिशत र बसन्ते मकै ५९ प्रतिशत वृद्धि भएको जानकारी परामर्शदाताका टोली नेता गुणराज श्रेष्ठले दिए। उनका अनुसार सिँचाइ सुविधा पुगेपछि किसानले एकै वर्षभित्र पटक-पटक बाली लगाउन पाएका छन्। 'बाली सघनता (बाली लगाउने संख्या) ३३ प्रतिशत बढेको देखिएको छ', श्रेष्ठले भने, 'यो भनेको किसानले एउटै जमिनमा पटक-पटक बाली लगाउन पाएका छन्।' निर्माण सम्पन्न भएको तीन वर्षपछि ९४ प्रतिशत आयोजना सञ्चालनमा छन् भने बाँकी आयोजनामा बाढी, पहिरो, तथा सडक विस्तारका कारण क्षति पुगेको परामर्शदाता निकायले जनाएको छ। आयोजनाअन्तर्गत इलाम र पाँचथरका १४ स्थानीय तहमा दुई अर्ब २५ करोड रुपैयाँका आयोजना सम्पन्न भएका छन्। यो क्षेत्रको १० हजार १७२ हेक्टरमा सिँचाइ सुविधा पुगेको जानकारी आयोजनाको फिक्कल क्लस्टरका केशव लामाले दिए। इलामका चुलाचुलीबाहेक नौ स्थानीय तह तथा पाँचथरका फालेलुङ, मिक्लाजुङ, फाल्गुनन्द, याङ्वरक, फालेलुङ गाउँपालिका र फिदिम नगरमा यी आयोजना निर्माण गरिएका छन्। १४ स्थानीय तहका २० हजार २२२ परिवारले सिँचाइ सुविधा पाएको तथ्यांकमा उल्लेख छ।

सिँचाइ सुविधा पुगेपछि किसानले राहत पाएका छन्। इलाम फाकफोकथुम-६, एकतप्पाका इन्द्र श्रेष्ठले पानी नहुँदा सुक्खा लागेर बाली उत्पादन नहुने गरेकामा अहिले त्यो समस्या नभएको बताए। 'घर-गाउँमै कुलो आएपछि हामी खुसी छौं', उनले भने, 'कुलोले धेरैलाई राहत मिलेको छ।' निर्माण सम्पन्न भइसकेको कुलो स्थानीय जल उपभोक्ता संस्थाले दीर्घकालीन रूपमा मर्मत र संरक्षण गर्ने लामाको भनाइ छ।

अहिले सम्पन्न गरिएका आयोजना दोस्रो चरणअन्तर्गत हुन्। अब विभिन्न पालिकामा तेस्रो चरणका आयोजना सञ्चालन गर्ने तयारी भइरहेको परामर्शदाताले जानकारी दिएका छन्।


## वर्गीकृत विज्ञापन/डिस्प्ले

### काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना

पहिलो पटक प्रकाशन मिति
२०८३/०४/२१

यस कालावेलभार सामुदायिक वन उपभोक्ता समुह बारबर्दिया न. पा. ११, वेलभार बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा विभिन्न प्रजातीको काठ ३३१२।५० घ.फि. र दाउरा १०।०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरि संचालनमा रहेको उद्योगहरुले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सूचना यस समुहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री कालावेलभार सामुदायिक वन उपभोक्ता समुह,**
बारबर्दिया न.पा. ११ वेलभार, बर्दिया
मो.नं. ९८२५५५६०२०

### मोटरसाइकल हरायो

मिति २०८३/०४/१७ गते बेलुका अन्दाजी १६:०० बजे देखि १९:०० बजेको समयमा का.जि.तारकेश्वर न.पा. वडा नं. ९, गणेस्थान मन्दिरनजिकै घर बाहिर पार्किङ्ग गरिराखेको कालो रातो रंगको बा.प्र.०२-०६७ प. ०९२८ नम्बरको **Bajaj Pulsar 220** मोटरसाइकल हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

***सवारी धनी: हुलास फिन सर्भ हायर पर्चेज लि. (ऋणी: सुसन अवाले)***
***इन्जीन नं.:*** DKXCTL25768
***च्यासिस नं.:*** MD2A13EX3TCL83177
***ठेगाना: तारकेश्वर न.पा.-९, काठमाडौं***
***फोन:*** ९८१३४०४९००

### स्कुटर हरायो

मिति २०८३/०४/१५ गते दिउँसो १२:०० बजे देखी राती ११:०० बजेको समयमा बु.न.पा. वडा नं. ८ मण्डीखाटार, हलेसी मार्गबाट मेरो निम्न व्यहोरा भएको स्कुटर हराएको हुदाँ फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

**सवारी साधनको विवरण:**
सवारीधनी: **काशीराम महत क्षेत्री**
स्कुटरको नाम: **TVS NTORQ 125CC**
स्कुटर नं: **भे ११ प ९१५**
स्कुटरको रङ्ग: कालो रातो
ईन्जिन नं : **AG7KL2601861**
च्यासिस नं: **MD626AG73L2L00679**
सर्म्पक नं.: ९८१००७०३२९

### काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना

पहिलो पटक प्रकाशन मिति
२०८३/०४/२१

यस कर्नसवा सामुदायिक वन उपभोक्ता समुह बारबर्दिया न. पा. ०५, धोविया, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको विभिन्न जात र ग्रेडको गोलिया थान ४९८ को १५७८.८१ घ.फि. काठ र दाउरा चट्टा ३.५जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेको उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:००बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि बिस्तृत जानकारीको लागी यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सूचना यस समुहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री कर्नसवा सामुदायिक वन उपभोक्ता समुह,**
बारबर्दिया न.पा. ०५ धोविया, बर्दिया।
मो.नं. ९८४८२६६२५१

### काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना

पहिलो पटक प्रकाशन मिति
२०८३/०४/२१

यस श्रृजनशिल सामुदायिक वन उपभोक्ता समुह बारबर्दिया न. पा. ५, बर्दिया, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा उत्पादन भएको विभिन्न प्रजातिको काठ ११३२.९७ घ.फि. जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ/ दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेको उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सूचना यस समुहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री श्रृजनशिल सामुदायिक वन उपभोक्ता समुह,**
बारबर्दिया न.पा. ५, बर्दिया।
मो.नं. ९८१६५६९५४१

### सर्टिफिकेट हरायो

मेरो राष्ट्रिय परीक्षा बोर्डबाट जारी भएको +२ को स्थायी प्रमाणपत्र/मूल प्रमाणपत्र बागबजारबाट नयाँठिमी भक्तपुरसम्म जाँदा हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा बुझाई दिनुहुन अनुरोध गर्दछु।

नाम: पार्वती नेपाल
र.नं. ७८३२२३०३१००११
सि.नं. २२३०१४८०
सम्पर्क: ९८६०६५४८५६

### वर्गीकृत डिस्प्ले

**कलर प्रति बक्स**
१X५ = रू.१८००/-* मात्र
१X१० = रू.४०००/-* मात्र

**श्याम/श्वेत प्रति बक्स**
१X५ = रू.१२५०/-* मात्र
१X१० = रू.२८००/-* मात्र

*मू.अ.क. बाहेक

मार्केटिङ विभाग: ४२६५१०० एक्सटेन्सन ३१२
email: classified@nagariknews.com


# सम्भावित डेपुटी गभर्नरको खोजीमा अर्थमन्त्री र बैंकका निर्देशकहरूबिच छलफल

**नागरिक संवाददाता**

*काठमाडौं, साउन २०*




अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नेपाल राष्ट्र बैंकका निर्देशकहरूसँग बुधबार सामूहिक छलफल गरेका छन्। अर्थमन्त्री वाग्लेले मंगलबार २० वटा वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरूसँग करिब तीन घण्टा लामो छलफल गरेका थिए।

अर्थ मन्त्रालयका अनुसार छलफलको उद्देश्य अर्थतन्त्रको वर्तमान अवस्था, मौद्रिक नीतिको प्रभावकारिता, वित्त नीतिसँगको समन्वय र वित्तीय प्रणालीका चुनौतीबारे प्रत्यक्ष सुझाव लिनु रहेको जनाइएको छ। सहभागी निर्देशक र कार्यकारी अधिकृतहरूले भने यो बैठक नियमित छलफलमा सीमित नभई रिक्त रहेको डेपुटी गभर्नर पदका सम्भावित उम्मेदवारहरूको सोच, क्षमता र नेतृत्व शैली बुझ्ने अवसरसमेत बनेको बताएका छन्।

छलफलको सुरुमा अर्थमन्त्रीले आफ्नो धारणा राखेका थिए। त्यसपछि प्रत्येक कार्यकारी निर्देशकले आफूले नेतृत्व गरिरहेको विभागको अनुभव, मौद्रिक नीति कार्यान्वयन, अर्थ मन्त्रालयसँगको समन्वय, वित्तीय क्षेत्रका चुनौती तथा आफ्नो व्यावसायिक अनुभवका आधारमा धारणा राखेका थिए।

सहभागीका अनुसार बैठकमा अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकबिचको सम्बन्ध, केन्द्रीय बैंकको संस्थागत संरचना, सरकारको अपेक्षा तथा विभागगत जिम्मेवारीका विषयमा केन्द्रित छलफल भएको थियो। छलफलमा राष्ट्र बैंकको स्वायत्तताको विषय पनि उठेको थियो। सहभागीहरूले केन्द्रीय बैंकले स्वतन्त्र रूपमा काम गर्न पाउनुपर्नेमा जोड दिँदै स्वायत्तता भनेको जवाफदेहीबाट मुक्त हुनु नभएको धारणा राखेका थिए।

बैठकको अर्को विशेष पक्ष समय व्यवस्थापन बन्यो। सुरुमा बोल्ने कार्यकारी निर्देशकहरूले १०-१२ मिनेटसम्म धारणा राख्ने अवसर पाए पनि अर्थमन्त्री मन्त्रिपरिषद् बैठकमा जानुपर्ने भएपछि समय छोट्याइएको थियो। त्यसपछि बोल्नेहरूलाई पाँच मिनेट र अन्तिमतिर बोल्नेहरूलाई दुई-तीन मिनेटमै धारणा टुंग्याउन भनिएको थियो। यसले सबैलाई समान अवसर नदिएको गुनासो केही सहभागीले गरेका छन्।

स्रोतका अनुसार छलफलको क्रममा अर्थमन्त्री वाग्लेले डेपुटी गभर्नर नियुक्तिको प्रसंग पनि उठाएका थिए। उनले कार्यकारी निर्देशकहरूसँग प्रत्यक्ष भेट्नुको उद्देश्य उनीहरूलाई व्यक्तिगत रूपमा चिन्नु र क्षमता बुझ्नु रहेको बताएका थिए। सम्भावित उम्मेदवारहरूको योग्यता, सुझाव र कार्यशैली नबुझी सिफारिस गर्नु उचित नहुने भन्दै उनले भेटघाटलाई 'चिनजान' र 'सुझाव संकलन'को अवसरका रूपमा व्याख्या गरेको स्रोतको दाबी छ।

छलफलमा अर्थतन्त्रलाई चलायमान बनाउन वित्त नीति र मौद्रिक नीतिबीच प्रभावकारी समन्वय आवश्यक रहेको विषयमा विशेष जोड दिइएको थियो। बैंकका कार्यकारी निर्देशकहरूले आर्थिक गतिविधि र समग्र माग बढाउन वित्त नीतिले मुख्य भूमिका निर्वाह गर्नुपर्ने सुझाव दिएका थिए। उनीहरूले पुँजीगत खर्च प्रभावकारी बनाउन केन्द्र, प्रदेश र स्थानीय तहको करिब ८०० अर्ब रुपैयाँ बजेट परिचालनमा समन्वय आवश्यक रहेको बताएका थिए।

त्यस्तै सहुलियतपूर्ण कर्जालाई थप पारदर्शी र पहुँचयोग्य बनाउन वाणिज्य बैंकहरूको आधारदर (बेस रेट) र ब्याजदरबिचको अन्तर सूक्ष्म रूपमा समीक्षा गर्नुपर्ने, अधिक तरलतालाई उत्पादनमूलक क्षेत्र तथा रोजगारी सिर्जनामा रूपान्तरण गर्ने नीति लिनुपर्ने सुझाव पनि बैठकमा आएको थियो।

अर्थमन्त्री वाग्लेले राष्ट्र बैंक नियामक निकायमा मात्र सीमित नरही आर्थिक रूपान्तरणको सहयात्री बन्नुपर्ने धारणा राखेका थिए। उनले नियन्त्रणमुखी नियमनभन्दा उत्पादनशील आर्थिक गतिविधिलाई टेवा दिने र निजी क्षेत्रको आत्मविश्वास बढाउने नीति आवश्यक रहेको बताए। डिजिटल वित्त, फिनटेक र स्टार्टअपलाई प्रोत्साहन गर्ने वातावरण निर्माण गर्न आग्रह गर्दै 'सम्भव छैन' भन्ने सोच त्यागेर समाधानमुखी दृष्टिकोण अपनाउनुपर्नेमा उनले जोड दिएका थिए।

अर्थमन्त्री वाग्लेले वाणिज्य बैंकका कार्यकारी अधिकृतहरूसँग गरेको छलफलमा व्यवसायीमाथि भइरहेको धरपकड, ऋण लगानी विस्तारमा आएको सुस्तता र निजी क्षेत्रको कमजोर मनोबल प्रमुख विषय बनेका थिए। बैंकरहरूले सरकारी निकायको धरपकडले लगानीको वातावरण प्रभावित भएको गुनासो गरेका थिए भने अर्थमन्त्रीले त्यस्ता कारबाहीबारे आफू पूर्ण रूपमा जानकार नरहेको बताएका थिए।

पछिल्ला दुई दिनमा बैंकिङ क्षेत्रका कार्यकारी अधिकृत र राष्ट्र बैंकका निर्देशकहरूसँग गरिएको छुट्टाछुट्टै संवादलाई सरकारले अर्थतन्त्र पुनः चलायमान बनाउने अभियानअन्तर्गतको परामर्श शृंखलाका रूपमा प्रस्तुत गरेको छ। रिक्त रहेको डेपुटी गभर्नर पद, अर्थमन्त्रीको 'तपाईंहरूलाई चिन्नुपर्ने पनि थियो' भन्ने अभिव्यक्ति तथा सम्भावित उम्मेदवारहरूको क्षमता बुझ्ने उद्देश्यबारे सहभागीहरूको बुझाइका कारण यो छलफलले वित्तीय वृत्तमा थप राजनीतिक तथा संस्थागत अर्थसमेत पाएको छ।

# लगानी बोर्डको सिइओमा यांकी उक्याब

**मधुजंग पाण्डे**

*काठमाडौं, साउन २०*

सरकारले लगानी बोर्ड नेपालको प्रमुख कार्यकारी अधिकृत (सिइओ) मा विकास अर्थशास्त्री यांकी उक्याबलाई नियुक्त गरेको छ। मन्त्रिपरिषद्‌को बुधबार बसेको बैठकले विकास अर्थशास्त्री यांकी उक्याबलाई आगामी चार वर्षका लागि बोर्डको सिइओ नियुक्त गर्ने निर्णय गरेको हो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको प्रस्तावमा भएको यो निर्णयसँगै विदेशी लगानी आकर्षित गर्ने, ठूला पूर्वाधार परियोजनाको सहजीकरण गर्ने र लगानीमैत्री वातावरण निर्माण गर्ने जिम्मेवारी अब उक्याबको काँधमा आएको छ। सरकारका प्रवक्ता सस्मित पोखरेलले मन्त्रिपरिषद्‌ले उक्याबलाई लगानी बोर्डको सिइओ नियुक्त गरेको जानकारी दिए। यसअघि बोर्डको नेतृत्व राधेश पन्त, महाप्रसाद अधिकारी, सुशील भट्ट र सुशील ज्ञवालीले सम्हालिसकेका छन्। सरकारले गत वैशाखमा ल्याएको कानुनी व्यवस्थापछि तत्कालीन सिइओ सुशील ज्ञवाली पदमुक्त भएपछि नयाँ नियुक्ति प्रक्रिया अघि बढाइएको थियो।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेको संयोजकत्वमा गठित सिफारिस समितिले आवेदन परेका उम्मेदवारमध्ये आठ जनालाई सर्टलिस्ट गरी अन्तर्वार्ता र कार्ययोजना प्रस्तुतीकरणपछि यांकी उक्याब, मनोज पौडेल र जितेन्द्र धितालको नाम मन्त्रिपरिषद्‌लाई सिफारिस गरेको थियो। सरकारले अन्ततः उक्याबलाई नियुक्त गरेको हो।

लगानी बोर्डको नेतृत्वमा पुगेकी उक्याबले यसअघि पनि सन् २०१२ देखि २०१६ सम्म



*तस्बिर : एआई सिर्जित*

लगानी बोर्डमै आर्थिक विश्लेषण एकाइ प्रमुखका रूपमा काम गर्दै माथिल्लो कर्णाली र अरुण-३ जस्ता रणनीतिक जलविद्युत् आयोजनाको व्यावसायिक वार्ता तथा लगानी संरचनामा भूमिका निर्वाह गरेकी थिइन्। पछिल्लो समय उनी संयुक्त राष्ट्रसंघअन्तर्गत कम्बोडियामा साझेदारी तथा विकास वित्त विशेषज्ञका रूपमा कार्यरत थिइन्।

उक्याबले बेलायतको अक्सफोर्ड विश्वविद्यालयबाट सार्वजनिक नीतिमा स्नातकोत्तर, अमेरिकाको मिसौरी-कोलम्बिया विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर तथा ट्रुमन स्टेट विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातक गरेकी छन्। पूर्वाधार वित्त, विकास अर्थशास्त्र, सार्वजनिक नीति तथा अन्तर्राष्ट्रिय विकास साझेदारी क्षेत्रमा १५ वर्षको अनुभव सँगाली सकेकी उनले युएनडिपी नेपाल, फिजी र प्रशान्त क्षेत्रीय कार्यालयमा समेत काम गरिसकेकी छिन्।

लगानी बोर्ड नेपालको नेतृत्वलाई अर्थतन्त्रसँग प्रत्यक्ष जोडिएको जिम्मेवारी मानिन्छ। प्रधानमन्त्री अध्यक्ष र अर्थमन्त्री उपाध्यक्ष रहने बोर्डले ठूला स्वदेशी तथा विदेशी लगानी स्वीकृत गर्ने, रणनीतिक परियोजनाको सहजीकरण गर्ने तथा लगानीसम्बन्धी नीतिगत समन्वय गर्ने काम गर्छ। पछिल्ला वर्षहरूमा अपेक्षित मात्रामा प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) आकर्षित गर्न नसकेको र स्वीकृत ठूला परियोजनाको कार्यान्वयन सुस्त रहेको अवस्थामा नयाँ नेतृत्वको कार्यसम्पादनमाथि विशेष चासो रहने देखिन्छ।

उक्याबका लागि अबको मुख्य परीक्षा विदेशी लगानीकर्ताको विश्वास बढाउने, स्वीकृत परियोजनाको कार्यान्वयन गति तीव्र बनाउने र नेपाललाई प्रतिस्पर्धी लगानी गन्तव्यका रूपमा स्थापित गर्ने हुनेछ। त्यसैले उनको नियुक्तिलाई ऐतिहासिक रूपमा पहिलो महिला नेतृत्वका रूपमा मात्र नभई लगानी बोर्डको प्रभावकारिता मापन गर्ने नयाँ अवसरका रूपमा समेत हेरिएको छ।

# कर्णालीमा दुई महिनादेखि ग्यासको हाहाकार

गोविन्द केसी
*वीरेन्द्रनगर, साउन २०*




कर्णाली प्रदेशका सुर्खेतसहित विभिन्न जिल्लामा दुई महिनादेखि एलपी ग्यासको अभाव हुँदा जनजीवन प्रभावित बनेको छ। ग्यास सिलिन्डर पाउन राती २ बजेदेखि पसलअगाडि उपभोक्ताको लामो लाइन लाग्ने गरेको छ भने पालो कुर्दा पनि ग्यास नपाएपछि सर्वसाधारण, विद्यार्थी र व्यवसायी दिक्क भएका छन्।

वीरेन्द्रनगरका ग्यास डिलरहरूमा दैनिक सयौं उपभोक्ताको भिड लाग्ने गरेको छ। पाँच दिनसम्म लगातार लाइनमा बस्दा पनि ग्यास नपाएको गुनासो विद्यार्थीहरूले गरेका छन्। ग्यास अभावका कारण दैनिक खाना पकाउनसमेत समस्या हुन थालेपछि उपभोक्तामा चिन्ता बढेको छ।

वीरेन्द्रनगरका स्थानीय अगुवा भीमप्रसाद शर्माका अनुसार वास्तविक अभावसँगै केही उपभोक्ताले आवश्यकताभन्दा बढी सिलिन्डर घरमै भण्डारण गर्न थालेकाले समस्या झन् जटिल बनेको बताए। ग्यास नपाइने हो कि भन्ने त्रासले धेरैले दुई वा दुईभन्दा बढी सिलिन्डर घरमै राख्न थालेका भनाइ उनको छ।

एलपी ग्यासको अभावले होटल तथा रेस्टुरेन्ट व्यवसायसमेत प्रभावित भएका छन्। व्यवसाय सञ्चालनका लागि दैनिक ठूलो परिमाणमा ग्यास आवश्यक पर्ने भए पनि पर्याप्त आपूर्ति नहुँदा कतिपय होटल बन्द हुने अवस्थामा पुगेको व्यवसायीले बताएका छन्। होटल व्यवसायका लागि छुट्टै व्यवस्थापन नहुँदा समस्या थप गम्भीर बन्दै गएको उनीहरूको भनाइ छ। सरकारले निजी व्यवसायीहरूका लागि छुट्टै ग्यास सिलिन्डर वितरण व्यवस्था गर्नुपर्ने हो वा व्यवसायको नाममा कोटा दिनुपर्ने हो त्यता ध्यान दिनुपर्ने वीरेन्द्रनगरका होटल व्यवसायी समिर लामाले बताए।

> वीरेन्द्रनगरका ग्यास डिलरहरूमा दैनिक सयौं उपभोक्ताको भिड लाग्ने गरेको छ। पाँच दिनसम्म लगातार लाइनमा बस्दा पनि ग्यास नपाएको गुनासो विद्यार्थीहरूले गरेका छन्।

बढ्दो भिड व्यवस्थित गर्न वीरेन्द्रनगरमा नागरिकताको आधारमा कुपन वितरण गरी पालोअनुसार सिलिन्डर उपलब्ध गराउने व्यवस्था गरिएको छ। वितरणलाई निष्पक्ष र व्यवस्थित बनाउन ग्यास डिलरमा नेपाल प्रहरीसमेत परिचालन गरिएको छ।

ग्यास अभाव र बजारमा देखिएको असहज अवस्थाप्रति कर्णाली प्रदेश सरकार पनि गम्भीर बनेको छ। मुख्यमन्त्री मंगलबहादुर शाहीले आफ्नो कार्यालयमा सुरक्षा निकाय, बजार अनुगमन टोली र सम्बन्धित निकायसँग बैठक गर्दै कृत्रिम अभाव सिर्जना गर्ने, आवश्यकताभन्दा बढी ग्यास भण्डारण गर्ने र बढी मूल्य असुल्ने गतिविधिप्रति कडा निगरानी गर्न निर्देशन दिएका छन्।

मुख्यमन्त्री शाहीले बजारमा एलपी ग्यासको सहज आपूर्ति सुनिश्चित गर्न सुरक्षा निकाय र बजार अनुगमन टोलीलाई तत्काल सक्रिय रूपमा परिचालन हुन निर्देशन दिँदै कृत्रिम अभाव सिर्जना गर्ने जो-कोहीमाथि कानुनअनुसार कारबाही गर्नुपर्ने बताएका छन्। साथै सर्वसाधारणलाई आवश्यकताभन्दा बढी ग्यास भण्डारण नगरी संयमित रूपमा खरिद गर्न आग्रह गरेका छन्।

कर्णालीमा एलपी ग्यासको अभाव लम्बिँदै जाँदा दैनिक उपभोगदेखि होटल व्यवसायसम्म प्रभावित बनेका छन्। समयमै आपूर्ति सहज नभए जनजीवन अझ कष्टकर बन्ने भन्दै उपभोक्ताले सम्बन्धित निकायसँग तत्काल प्रभावकारी पहलको माग गरेका छन्। ग्यास अभाव भएको बेला सधैं सस्तोमा पाइने दाउराको मूल्यसमेत आकासिएको छ। दुई सय रुपैयाँ भारी पर्ने दाउरा २५० देखि तीनसय रुपैयाँसम्म पुगेको छ।

## नेप्सेमा सामान्य सुधार
# चार अर्ब ४० करोडभन्दा बढीको कारोबार



काठमाडौं, साउन २० (नागरिक)- साताको चौथो कारोबार दिन बुधबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक सामान्य अंकले सुधारिएको छ। यद्यपि अधिकांश कम्पनीको सेयर मूल्य घट्नु, आठ उपसमूह रातामै हुनु र कारोबार रकम मध्यम स्तरमै सीमित रहनुले बजारमा लगानीकर्ताको मनोबल पूर्ण रूपमा बलियो भइनसकेको संकेत गरेको छ।

नेपाल स्टक एक्सचेन्जका अनुसार बुधबार नेप्से परिसूचक ४.७९ अंकले बढेर दुई हजार ६६७.९७ बिन्दुमा पुगेको छ। ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ०.६० अंकले उकालो लाग्दै ४६७.३६ बिन्दुमा पुगेको छ। फ्लोट परिसूचक ०.०३ अंकले घटेर १८३.२९ बिन्दुमा झरेको छ भने सेन्सेटिभ फ्लोट परिसूचक ०.३० अंकले घट्दै १५८.२६ बिन्दुमा सीमित भएको छ। मुख्य परिसूचक बढे पनि फ्लोट सूचक घट्नुले बजारमा सीमित कम्पनीको प्रभाव बढी देखिएको संकेत गर्छ।

बुधबार एक करोड ६७ हजार ७३२ कित्ता सेयर चार अर्ब ४० करोड ९८ लाख ८६ हजार ४५७ रुपैयाँमा खरिदबिक्री भएको छ। कारोबार रकम चार अर्ब रुपैयाँ नाघे पनि पछिल्ला सक्रिय कारोबार भएका दिनको तुलनामा यो उत्साहजनक स्तरमा पुग्न सकेन। यसले बजारमा ठूलो मात्रामा नयाँ लगानी प्रवेश गर्नुभन्दा विद्यमान लगानीकर्ताबिच नै खरिद-बिक्री केन्द्रित रहेको देखाउँछ।

> बुधबार परिसूचक ४.७९ अंकले बढ्दा पनि अधिकांश कम्पनीको मूल्य ओरालो, बजारमा मिश्रित संकेत

बजारको वास्तविक अवस्था भने परिसूचकभन्दा कम्पनीहरूको प्रदर्शनले स्पष्ट पार्छ। बुधबार कारोबार भएका १३ उपसमूहमध्ये पाँच उपसमूह मात्रै बढेका छन् भने आठ उपसमूह घटेका छन्। त्यस्तै १२२ कम्पनीको सेयर मूल्य बढ्दा १४३ कम्पनीको मूल्य घटेको छ भने ११ कम्पनीको मूल्य स्थिर रहेको छ। अर्थात् परिसूचक हरियो देखिए पनि बजारको सुधार व्यापक नभई सीमित कम्पनीमा केन्द्रित रहेको देखिन्छ।

बजार विश्लेषणका दृष्टिले हेर्दा परिसूचक बढ्नु सकारात्मक भए पनि बढ्नेभन्दा घट्ने कम्पनीको संख्या धेरै हुनु र फ्लोट सूचकसमेत घट्नुले लगानीकर्ताको आत्मविश्वास अझै पूर्ण रूपमा फर्किन बाँकी रहेको संकेत गर्छ। पछिल्ला दिनमा ब्याजदर घट्दो क्रममा रहनु र बैंकिङ प्रणालीमा तरलता सहज हुनु पुँजी बजारका लागि सकारात्मक आधार भए पनि लगानीकर्ता तत्काल आक्रामक तवरले सेयर खरिद गर्न उत्रिएको देखिएन। सूचीकृत कम्पनीहरूको आगामी वित्तीय विवरण, नाफा र लाभांशको अपेक्षाले पनि लगानीकर्ताको निर्णयलाई प्रभावित गरिरहेको देखिन्छ।

बुधबार सोलु हाइड्रोपावर लिमिटेड, शिखर पावर डेभलपमेन्ट लिमिटेड र रिडी पावर कम्पनी लिमिटेडका लगानीकर्ताले सर्वाधिक कमाएका छन्। यता एभरेष्ट कलर लिमिटेड, कामना सेवा विकास बैंक डिबेञ्चर र मञ्जुश्री फाइनान्स लिमिटेड डिबेञ्चरका लगानीकर्ताले सर्वाधिक गुमाएका छन्।

समग्रमा बुधबारको कारोबारले बजारमा तीव्र बिक्री दबाब केही कम भएको संकेत गरे पनि दिगो सुधारको आधार अझै बलियो बनिनसकेको देखिएको छ। आगामी कारोबारमा परिसूचकसँगै कारोबार रकम, बढ्ने कम्पनीको संख्या र अधिकांश उपसमूहमा एक साथ सुधार देखिए मात्रै बजारले स्पष्ट उकालो यात्रा समातेको निष्कर्ष निकाल्न सकिने देखिन्छ।

# सहकारी-सरकार साझेदारीमा बिउ प्रशोधन उद्योग सञ्चालन



काठमाडौं, साउन २० (नागरिक)- सुदूरपश्चिम प्रदेशमा कृषि उत्पादनको व्यावसायिकरण र गुणस्तरीय बिउ आपूर्तिलाई सुदृढ बनाउने उद्देश्यले सहकारी र सरकारी साझेदारीमा बिउ प्रशोधन तथा भण्डारण उद्योग सञ्चालन गरिएको छ। कैलालीको लम्कीमा केन्द्रीय कार्यालय रहेको किसान बहुउद्देश्यीय सहकारी संस्थाले स्थापना गरेको उद्योगको उद्घाटन बुधबार सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले गरेका हुन्।

एक करोड ४१ लाख ३० हजार रुपैयाँको लगानीमा स्थापना भएको उद्योगले धान, गहुँ, मकै, तोरीलगायतका बिउको प्रशोधन, ग्रेडिङ, प्याकेजिङ र भण्डारण सेवा स्थानीय स्तरमै उपलब्ध गराउनेछ। यसबाट किसानले गुणस्तरीय बिउ सहज रूपमा प्राप्त गर्नुका साथै आफ्ना उत्पादनको बजारीकरणमा समेत लाभ पुग्ने अपेक्षा गरिएको छ।

उद्घाटन कार्यक्रममा मुख्यमन्त्री शाहले सहकारीमार्फत किसानलाई बिउ उत्पादनमा प्रोत्साहन र प्राविधिक सहयोग उपलब्ध गराउने प्रयासले कृषि उत्पादन वृद्धि तथा आत्मनिर्भरता अभियानलाई टेवा पुग्ने बताए। उत्पादनपछि गुणस्तरीय बिउको प्रशोधन र बजार व्यवस्थापनले कृषकको आम्दानी बढाउन सहयोग पुग्ने विश्वास पनि उनले व्यक्त गरे।

सहकारीका महाप्रबन्धक डम्बरबहादुर शाहका अनुसार उद्योगको मुख्य उद्देश्य किसानलाई उचित मूल्यमा गुणस्तरीय बिउ उपलब्ध गराउनुका साथै कृषकले उत्पादन गरेका बिउ उचित मूल्यमा खरिद गरी बजारसम्म पुर्‍याउने हो। उद्योग सञ्चालनमा आएपछि यस क्षेत्रका किसानले प्रशोधनका लागि अन्य जिल्लामा जानुपर्ने बाध्यता हट्ने उनको भनाइ छ।

उद्योग स्थापना सहकारी, स्थानीय सरकार र प्रदेश सरकारको संयुक्त वित्तीय साझेदारीमा भएको हो। भवन निर्माणका लागि लम्कीचुहा नगरपालिकाले २५ लाख रुपैयाँ सहयोग गरेको छ भने मेसिनरी खरिदका लागि सुदूरपश्चिम प्रदेश सरकारले १७ लाख १५ हजार रुपैयाँ अनुदान उपलब्ध गराएको छ। बाँकी लगानी सहकारी संस्थाले व्यहोरेको जनाएको छ।

बिउ उत्पादन विस्तारका लागि सहकारीले ४१ जना कृषक र एक कृषि सहकारी संस्थासँग सहकार्य गर्दै आवश्यक स्रोत-साधन उपलब्ध गराएको छ। उनीहरूको सहभागितामा हाल १४० बिघा क्षेत्रफलमा धानको मूल बिउ उत्पादनका लागि खेती सुरु भइसकेको सहकारीले जनाएको छ।

कृषि क्षेत्रका जानकारहरूका अनुसार स्थानीय स्तरमै बिउ प्रशोधन उद्योग सञ्चालनमा आउनुले ढुवानी लागत घट्ने, बिउको गुणस्तर कायम रहने र बाह्य बजारमा निर्भरता कम हुने अपेक्षा गरिएको छ। यसले कृषिमा मूल्य शृंखला (भ्यालु चेन) विस्तार गर्नुका साथै ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना, सहकारीको व्यावसायिक क्षमता अभिवृद्धि र प्रदेशको कृषि अर्थतन्त्रलाई समेत सकारात्मक योगदान पुर्‍याउने विश्वास गरिएको छ।

# थाइल्यान्डमा यामाहा नेपाल पार्टनर्स मिट सम्पन्न



काठमाडौं, साउन २० (नागरिक)- यामाहा नेपालले थाइल्यान्डमा 'ब्लु सर्ज-पावरिङ अहेड टुगेदर पार्टनर्स मिट २०२६' सम्पन्न गरेको छ। त्यसक्रममा सहभागी साझेदार तथा कम्पनीको टोली पाँचदिने थाइल्यान्ड भ्रमण सम्पन्न गरी स्वदेश फर्किएको छ। जुलाई २७ देखि ३१ सम्म पटायादेखि बैंककसम्म आयोजित कार्यक्रममा साझेदारबिचको व्यावसायिक सम्बन्ध सुदृढ गर्नुका साथै उत्कृष्ट डिलरलाई सम्मान गरिएको कम्पनीले जनाएको छ।

पार्टनर्स मिटको नेटवर्किङ सेसन र 'गाला डिनर'मा विभिन्न विधामा उत्कृष्ट प्रदर्शन गर्ने डिलरहरूलाई पुरस्कृत गरिएको थियो। विराटचोकस्थित बी एन्ड बी अटो ट्रेडर्सले 'बेस्ट सोसल मिडिया प्रेजेन्स', नेपालगञ्जको एमएडब्लु प्रालिले 'बेस्ट रिटेल फाइनान्स पेनिट्रेसन' र हेटौंडाको राज मोटर्सले 'बेस्ट सर्भिस अवार्ड' प्राप्त गरेका थिए। कार्यक्रमलाई सम्बोधन गर्दै यामाहा मोटर इन्डिया ग्रुपका अध्यक्ष हाजिमे अओटाले नेपाल यामाहाका लागि सबैभन्दा महत्त्वपूर्ण बजारमध्ये एक रहेको बताए। उनले भारतबाहिर पहिलो पटक यामाहाको 'इ-जिरो सेरिज' विद्युतीय मोटरसाइकल नेपाली बजारमै सार्वजनिक गर्ने जानकारी दिँदै नेपाललाई विद्युतीय सवारी विस्तारका लागि उच्च सम्भावना भएको बजारका रूपमा व्याख्या गरे।

# एनसेलको मनसुन अफर २० प्रतिशतसम्म क्यासब्याक




काठमाडौं, साउन २० (नागरिक)- एनसेलले प्रिपेड ग्राहकलाई लक्षित गर्दै योग्य प्याक वा नयाँ सिम कार्ड खरिदमा २० प्रतिशतसम्म क्यासब्याक प्रदान गर्ने 'मनसुन अफर' सार्वजनिक गरेको छ। कम्पनीका अनुसार सीमित अवधिका लागि लागु हुने यो योजनाले डिजिटल सेवा प्रयोग बढाउनुका साथै ग्राहकलाई थप बचतको सुविधा दिने लक्ष्य राखेको छ।

योजनाअन्तर्गत ५० वा सोभन्दा माथिको योग्य प्याक सक्रिय गर्ने ग्राहकले खरिद रकमअनुसार ५ देखि २० प्रतिशतसम्म क्यासब्याक प्राप्त गर्नेछन्। प्याक सक्रिय गरेपछि ग्राहकले एसएमएसमार्फत सूचना प्राप्त गर्नेछन् भने क्यासब्याक एनसेल एपमा रहेको खातामा जम्मा हुनेछ। ग्राहकले उक्त रिवार्ड २४ घण्टाभित्र दाबी गर्नुपर्ने र प्राप्त क्यासब्याक एक साताभित्र प्रयोग गरिसक्नुपर्ने व्यवस्था गरिएको कम्पनीले जनाएको छ। कम्पनीका अनुसार ५० देखि ९९ रुपैयाँसम्मको प्याकमा पाँच प्रतिशत, १०० देखि २०० रुपैयाँसम्ममा १० प्रतिशत, २०१ देखि ४९९ रुपैयाँसम्ममा १५ प्रतिशत र ५०० रुपैयाँ वा सोभन्दा माथिको प्याकमा २० प्रतिशतसम्म क्यासब्याक उपलब्ध हुनेछ। प्रत्येक योग्य खरिदमा क्यासब्याक पाइने भए पनि यसलाई नगदमा रूपान्तरण वा अन्य ग्राहकलाई हस्तान्तरण गर्न भने मिल्ने छैन।

# साओमीको 'वाच एस फाइभ' स्मार्टवाच सार्वजनिक



काठमाडौं, साउन २० (नागरिक)- विश्वप्रसिद्ध प्रविधि कम्पनी साओमीले नेपाली बजारमा नयाँ साओमी वाच एस फाइभ (४६ एमएम) सार्वजनिक गरेको छ। प्रिमियम डिजाइन, लामो ब्याट्री क्षमता, स्वास्थ्य निगरानी तथा खेलकुदसम्बन्धी उन्नत सुविधासहित ल्याइएको यो वेयरेबल स्मार्ट डिभाइसले बजारमा कम्पनीको उपस्थितिलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ।

स्टेनलेस स्टिल फ्रेम, विभिन्न बेजेल तथा स्ट्र्याप विकल्प र करिब ४६ ग्राम तौलका कारण यो आकर्षक र प्रयोगमैत्री रहेको कम्पनीले जनाएको छ।

स्मार्टवाचमा रहेको ४८६ एमएएच ब्याट्रीले सामान्य प्रयोगमा एक पटकको चार्जमै २१ दिनसम्म साथ दिने दाबी कम्पनीले गरेको छ। यसमा मुटुको धड्कन, रगतमा अक्सिजनको मात्रा (एसपीओ$_2$), निद्रा तथा अन्य स्वास्थ्य सूचकहरूको निगरानी गर्ने सुधारिएका सेन्सर र एल्गोरिदम समावेश छन्। साप्ताहिक तथा मासिक निद्रा प्रतिवेदनसहितका स्वास्थ्य विश्लेषण सुविधाले प्रयोगकर्तालाई आफ्नो स्वास्थ्य अवस्थाबारे विस्तृत जानकारी उपलब्ध गराउने कम्पनीको भनाइ छ।

# अवकाशमा जान लागेका कटवाललाई कर्मचारी सञ्चय कोषको प्रशासक बनाउने तयारी

काठमाडौं,साउन २० (नागरिक)- कर्मचारी सञ्चय कोषको नयाँ प्रशासक नियुक्ति प्रक्रिया अन्तिम चरणमा पुगेका बेला अर्थ मन्त्रालयले केही दिनमै अनिवार्य अवकाशमा जान लागेका सहप्रशासक जीवनकुमार कटवाललाई पाँच वर्षका लागि प्रशासक नियुक्त गर्ने तयारी गरेको छ।

सुशासनको नारा दिएर विभिन्न निकायमा आफ्ना मानिस भर्ना गर्दै आएको सरकारले कटवाललाई कोषको प्रशासक बनाउन यस्तो तयारी गरेको भन्दै आलोचना हुन थालेको छ। यसअघि यस्तै प्रकृतिका नियुक्ति दुई पटक विवादमा परेर सरकारले बिचैमा प्रशासक हटाउनुपरेकाले अहिलेको निर्णय पनि अदालतसम्म पुग्ने संभावना देखिएको छ।

कोषको प्रशासक पदका लागि २०८३ असार ८ मा आवेदन आह्वान गरिएको थियो। सो पदका लागि कोषभित्रका ११ जना कर्मचारीले आवेदन दिएका थिए। त्यसपछि अर्थ मन्त्रालयले गत साउन १३ गते पाँचजनाको नाम छनोट गरी सोमबार र मंगलबार अन्तर्वार्ता लिएको थियो। कोष स्रोतकाअनुसार उम्मेदवार छनोट तथा सिफारिस समितिले कट्वालसहित तीनजनाको नाम सरकारसमक्ष सिफारिस गरेको छ। जसमध्ये कटवाल पहिलो नम्बरमा सिफारिस भएको स्रोतको दाबी छ। अर्थ मन्त्रालयले कोषमा भइरहेको यस सिफारिस सूचीबारे कुनै औपचारिक जानकारी सार्वजनिक गरेको छैन।

**अवकाशमा जाँदै गरेकालाई पाँचवर्षको नियुक्ति**

अहिले सबैभन्दा ठूलो विवाद कटवालको सेवा अवधिलाई लिएर देखिएको छ। उनी २०८३ भदौ २ गते उमेरहदका कारण कर्मचारी सञ्चय कोषको सहप्रशासक (तह-११) पदबाट अनिवार्य अवकाशमा जाँदैछन्। अर्थात् मन्त्रिपरिषद्ले अहिले नियुक्ति गरे पनि उनको नियमित सेवाअवधि दुई साताभन्दा कम मात्रै बाँकी छ। यसैबीच, अर्थ मन्त्रालयले कटवाललाई नै पाँच वर्षका लागि प्रशासक नियुक्त गर्ने प्रस्ताव आगामी मन्त्रिपरिषद्मा लैजाने तयारी गरेको सो स्रोतको दाबी छ।

**ऐनले के भन्छ ?**

कर्मचारी सञ्चय कोष ऐन-२०१९ अनुसार प्रशासक कोषमा कार्यरत बहालवाला कर्मचारी हुनुपर्ने व्यवस्था रहेको छ। ऐनमा प्रशासक संस्थाको सञ्चालक पनि हुने व्यवस्था छ भने सञ्चालकको परिभाषाले बहालवाला कर्मचारीलाई नै संकेत गर्ने कानुनविदहरूको तर्क छ।

यसै आधारमा सरकारले विगतदेखि कोषभित्र कार्यरत बहालवाला कर्मचारीलाई मात्र प्रशासक नियुक्त गर्दै आएको छ। त्यसैले लियन रहेको पदबाट अवकाश पाएपछि प्रशासकको हैसियत पनि स्वतः समाप्त हुने कानुनी अभ्यास स्थापित भइसकेको दाबी गरिन्छ।

यसअघि डा. रमेशकुमार भट्टराईलाई २०६५ सालमा पाँच वर्षका लागि प्रशासक नियुक्त गरिएको थियो तर उनी आफ्नो लियन पदबाट उमेरहदका कारण अवकाश भएपछि सरकारले २०६८ सालमा प्रशासक पदबाट समेत हटाएको थियो। परिणामतः उनी पाँच वर्ष होइन, करिब तीनवर्ष तीन महिना मात्र प्रशासक रहन पाए।

त्यस्तै, तुलसीप्रसाद गौतमलाई पनि २०७५ सालमा पाँचवर्षका लागि नियुक्त गरिएको थियो। उनी लियन पदबाट अवकाश पाएपछि सो विषयमा सर्वोच्च अदालतमा मुद्दा परेको थियो। अन्ततः सरकारले २०७८ सालमा उनलाई प्रशासक पदबाट हटाएको थियो। उनले पनि करिब तीनवर्ष चार महिना मात्र काम गर्न पाएका थिए। यी दुई घटनाक्रमले पनि लियन पदबाट अवकाश पाएपछि प्रशासकको पदमा निरन्तर रहन नसकिने सरकारी अभ्यास र निर्णयलाई पुष्टि गर्ने भनाइ कानुनविद्हरूको छ।

सर्टलिस्टमा परेका अन्य उम्मेदवारमध्ये भरतराज वस्ती २०८५ सालसम्म, विजयकुमार श्रेष्ठ २०८६ सालसम्म, दामोदरप्रसाद सुवेदी र सागरकुमार सिंहको पनि कटवालभन्दा लामो सेवा अवधि बाँकी रहेको छ। त्यसैले सेवा अवधि सकिन लागेका उम्मेदवारलाई प्राथमिकता दिनुको औचित्यमाथि समेत प्रश्न उठ्न थालेको सम्बन्धित सरोकारवालाको दाबी छ। सरोकारवालाका अनुसार अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले कटवालसँगको पुरानो सम्बन्धका कारण कटवाललाई नै नियुक्त गर्न चाहेको चर्चा अर्थ मन्त्रालयभित्र चलिरहेको छ। यो दाबीबारे अर्थमन्त्री वा मन्त्रालयले कुनै प्रतिक्रिया दिएको छैन।

यस्तो अन्योलबिच सरकारले कटवाललाई पाँच वर्षका लागि प्रशासक नियुक्त गर्ने निर्णय गरे त्यसविरुद्ध अदालतमा रिट दायर हुने सम्भावना रहेको कानुन व्यवसायीको भनाइ छ। सुशासन र विधिको शासनलाई प्राथमिकता दिने प्रतिबद्धता जनाएको सरकारले विगतमा आफैंले स्थापित गरेका नजिरविपरीत निर्णय गरे त्यसले थप विवाद निम्त्याउने उनीहरूको धारणा छ।

**झरना बचत तथा ऋण सहकारी संस्था लि.**
*सातदोबाटो-१५, ललितपुर, फोन नं. ०१-५४३८९४७*

**सहकारीको गैह्र बैकिङ्ग सम्पत्ति लिलाम बिक्रि सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ३५ दिने सूचना**

*प्रथम पटक प्रकाशित मितिः २०८३।०४।२१ गते*

*यस सहकारीको नाममा भूमि प्रशासन कार्यालय ललितपुर, लगनखेलमा एकलौटी दर्ता प्रमाणित भएको ललितपुर जिल्ला साविक धापाखेल गा.वि.स. वडा नं. ५ (क) कित्ता नं. ६८० को क्षेत्रफल ०-३-०-० जग्गा र सो जग्गामा बनेको जस्ताको छानो भएको एकतले कच्ची घर हाल जे जस्तो अवस्था र भोगमा छ सोही अवस्थामा बढाबढ मूल्यमा बिक्रि गरिने हुनाले खरिद गर्न ईच्छुक ब्यक्ति/फर्म/कम्पनी/ संघ/संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र सहकारीको कार्यालयमा आईपुग्ने गरी के-कति दररेटमा उक्त घर जग्गा खरिद गरि लिन कबुल गरेको हो, सो कुरा खुलाई तोकिएको शर्त बन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन ईच्छुक सबैलाई आव्हान गरिन्छ। उक्त अबधि भित्र पर्न आएका बोलपत्रहरु स्थानीय निकायका प्रतिनिधी, नेपाल सरकारका प्रतिनिधी, बोलपत्रवाला वा बोलपत्रवालाको आधिकारिक प्रतिनिधीहरुको रोहवरमा सहकारीको कार्यालयमा ३६ औं दिन अर्थात मिति २०८३।०५।२५ गते कार्यालय बन्द हुने समय भन्दा १ घण्टा अगाडी खोलिने छ। बोलपत्र फारम संस्थाबाट रु १,०००।- (अक्षरेपी एक हजार रुपैया) तिरी संस्थाबाट खरिद गर्न सकिनेछ। अन्य सर्तहरु बोलपत्र फारममा समाबेश गरिएको छ।*

**बीमा सेवा खरीद सम्बन्धी शिलवन्दी बोलपत्र आव्हान**

सूचना प्रकाशित मिति : २०८३/०४/२१

यस विकास बैंकको बैंकरको क्षतिपूर्ति बीमा (Banker's Indemnity), स्वर्ण तथा चाँदी कर्जा सुरक्षण (Gold and Silver Loan collateral) कर्मचारीहरुको सामुहिक दुर्घटना बीमा (Group Personal Accident) तथा स्वास्थ उपचार बीमा (Group Hospital Indemnity/Medical) गर्नुपर्ने भएकोले यस सम्बन्धी सेवा प्रदान गर्ने इच्छुक बीमा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। माथि उल्लेखित बीमा सेवाहरु सम्बन्धी शर्त तथा बन्देजहरु लगायतका विस्तृत जानकारीको लागि यस बैंकको सामान्य सेवा विभागमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

शिलबन्दी बोलपत्र फारम यस बैंकको सामान्य सेवा विभाग, केन्द्रिय कार्यालय, डिल्लीबजार काठमाडौंबाट रु २,०००।०० (पछि फिर्ता नहुने गरि) बुझाई प्राप्त गर्न सकिने छ। शिलबन्दी बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र फारममा उल्लेख गरिएको छ।

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)
केन्द्रीय कार्यालय, चौथो तल्ला। सनराईज बिज पार्क, डिल्लीबजार, काठमाडौं
फोन नं.: ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६, ४५२१६९८

# टोटेनहमको संकट उकास्ने आशामा डे जेर्बी

**उथलपुथलपूर्ण सिजन (२०२५-०२६) को अपमानजनक अवस्थाबाट क्लबलाई माथि उठाउन ४७ वर्षे प्रशिक्षक डे जर्बी आफू सक्षम रहेको विश्वास गर्छन्। निराश ड्रेसिङ रुमबाट अहिले टोलीको अवस्था भने पूर्ण रूपमा फरक देखिन्छ। प्रिसिजन भ्रमणका क्रममा सिड्नीको होटलमा टोलीको माहोलले पनि त्यही संकेत गर्छ।**



लन्डन, साउन २० (नागरिक)- गत सिजन एउटा यस्तो क्षण आएको थियो जहाँ रोबर्टो डे जर्बीले इङ्लिस प्रिमियर लिग क्लब टोटेनहमका आफ्ना खेलाडीतर्फ फर्केर सोधे, 'के हामी मरेका थियौं र ?'

उनको प्रशिक्षणमा पहिलो खेलमै सन्डरल्यान्डसँग १-० को हारपछि टोटेनहमको टिममा निकै निराशा थियो। सन्डरल्यान्डको घरेलु मैदान स्टेडियम अफ लाइटमा भएको त्यो हारपछि ड्रेसिङ रुममा खेलाडीहरू ढल्किएर बसिरहेका थिए। केही खेलाडी त हारको पीडाले रोए पनि। टोटेनहमको प्रिमियर लिग अस्तित्व जोगाउन डे जर्बीसँग सात खेल बाँकी थिए र त्यो हार ती सात खेलमध्ये पहिलो थियो। अन्ततः अन्तिम दिन मात्रै टोली रेलिगेसनबाट बच्न सफल भयो। उथलपुथलपूर्ण सिजन (२०२५-०२६) को अपमानजनक अवस्थाबाट क्लबलाई माथि उठाउन ४७ वर्षे प्रशिक्षक आफू सक्षम रहेको विश्वास गर्छन्। निराश ड्रेसिङ रुमबाट अहिले टोलीको अवस्था भने पूर्ण रूपमा फरक देखिन्छ। प्रिसिजन भ्रमणका क्रममा सिड्नीको होटलमा टोलीको माहोलले पनि त्यही संकेत गर्छ।

हार्बर ब्रिज र विश्वप्रसिद्ध ओपेरा हाउसबाट केही दूरीमै डे जर्बीका खेलाडीहरू हाँसिरहेका छन् र रमाइरहेका छन्। कफीको स्वाद उनीहरूले लिइरहेको देखिन्छ। क्लब रेकर्ड (२३७ मिलियन पाउन्ड) मा भित्र्याइएका नयाँ खेलाडी टोलीमा घुलमिल भइरहेका छन्। त्यहाँ प्रतिस्पर्धात्मक टेबल टेनिसका खेलहरू हुँदै थिए। सबैले टोटेनहमलाई फेरि इङ्लिस फुटबलको माथिल्लो स्तरमा पुर्‍याउने र उपाधिका लागि चुनौती दिने सपना देखिरहेका छन्। क्लब रेकर्ड रकममा अनुबन्धित सान्ड्रो टोनालीसँगै मातेउस फर्नान्डेस, जान पाउल भान हेके, एन्ड्र्यु रोबर्टसन र मार्टिन डुब्राभ्काले स्पर्स उपनामले पनि परिचित टोटेनहमको प्रिसिजन भ्रमणमा खेलिसकेका छन्। फिफा विश्वकप फाइनल खेलेका अर्जेन्टिनाका मार्कोस सेनेसी भने बिदामा थिए। त्यसैले उनी अस्ट्रेलिया र न्युजिल्यान्ड भ्रमणमा सहभागी भएनन्।

'म उत्कृष्ट खेलाडी चाहना गर्न योग्य छु। किनभने अहिले टोटेनहम पनि उत्कृष्ट टोली निर्माण गर्न योग्य क्लब बनेको छ,' डे जर्बीले भने। असामान्य स्थितिमा क्लबले दुई फरक स्थानान्तरण (ट्रान्सफर मार्केट) योजना तयार पारेको थियो। एक रेलिगेसन भएमा लागू हुने र अर्को प्रिमियर लिगमै रहे गरिने योजना हो। रेलिगेसन परे स्पर्समै प्रशिक्षकका रूपमा रहने डे जर्बीले बताएका थिए। उनी अहिले 'प्लान ए' अनुसार काम गरिरहेकोमा खुसी छन्। कप्तान क्रिस्टियन रोमेरो र गोलकिपर गुग्लिएल्मो भिकारियोको क्लब छाड्ने इच्छालाई पनि क्लबले सम्मान गर्‍यो। 'क्लबमा आएपछि उनीहरूसँग धेरैपल्ट कुरा गरैं। उनीहरूले क्लबमा बस्न नचाहेको बताए। टोलीलाई प्रिमियर लिगमा बचाउन सहयोग गर, त्यसपछि तिमीहरूलाई जान सहयोग गर्छु भनैं,' जर्बीले भने,'सहयोग गरेनौ भने, तिमीहरू पनि मसँगै डुब्नेछौ भनेको थिएँ।'

सन्डरल्यान्डसँग हारपछि कोचिङ स्टाफमा पनि निराशा र नकारात्मक सोच फैलिएको थियो। 'त्यो हारपछि भोलिपल्ट खेलाडीबिना बैठक बोलाएँ। अबदेखि नकारात्मक कुरा गरेमा घर पठाइदिन्छु भनैं,'उ नले खुलासा गरे। अहिले उनको मुख्य उद्देश्य गत सिजनको पीडाबाट गुज्रिएका खेलाडी र कर्मचारीहरूको व्यवहार, सोच र टोलीको भावना परिवर्तन गर्नु हो। यसअघि एन्जे पोस्टेकोग्लुको प्रशिक्षणमा युरोपा लिग जिते पनि टोटेनहम प्रिमियर लिगमा १७औं स्थानमा रह्यो। त्यसपछिको सिजन पनि टोली रेलिगेसनको डर झेल्दै अन्ततः १७औं स्थानमै सीमित भयो। गत सिजनका अन्तिम चरणका खेलहरूमा टोटेनहम दुर्भाग्यशाली रह्यो र टोलीले धेरै पहिले नै प्रिमियर लिगमा आफ्नो स्थान सुरक्षित गर्न सक्ने उनको विश्वास थियो। 'त्यो समयमा खेलाडीले आफूलाई कमजोर ठाने,' डे जर्बीले भने,'घाउ निको हुने प्रक्रिया अझै जारी छ।'



## 'ट्रान्सफर मार्केटमा सार्कजस्तो'

गत १२ महिनामा टोटेनहम हटस्परमा व्यापक परिवर्तन छ। समर्थकहरूको असन्तुष्टिबीच क्लबको नेतृत्व लुइस परिवार ट्रस्टको तर्फबाट नयाँ प्रमुख कार्यकारी अधिकृत भिनाइ भेन्कटेसमले सम्हालेका छन्।

भेन्कटेसमले प्राविधिक निर्देशक जोहान लाडेसँग मिलेर खेलाडी भित्र्याउने वार्ताको नेतृत्व गरे। अघिल्लो व्यवस्थापन टोलीबाट वरिष्ठ तहको पदमा कायम रहने लाडे मात्रै हुन्। फुटबल अपरेसन निर्देशक राफी मोएर्सेन र नयाँ प्रदर्शन निर्देशक ड्यान लेभिन्डनको साथ उनीहरूलाई रह्यो। दुवै जना म्यानचेस्टर सिटीको मातृसंस्था सिटी फुटबल ग्रुपबाट टोटेनहम आएका हुन्। लेभिन्डनलाई विशेष गरी टोलीमा चोटग्रस्त खेलाडीको संख्या घटाउने जिम्मेवारी दिइएको छ। यद्यपि जर्बी क्लबका हरेक क्षेत्रमा प्रत्यक्ष रूपमा संलग्न छन्। 'ट्रान्सफर बजारमा कुनै खेलाडी चाहेको खण्डमा म शार्कजस्तै बन्छु। त्यसपछि 'होइन' भन्ने कुनै सम्भावना हुँदैन,' उनले भने। यही शैलीले वेस्ट ह्यामबाट ८५ मिलियन पाउन्डमा फर्नान्डेस र न्युक्यासलबाट १०० मिलियन पाउन्डमा टोनालीलाई क्लबमा ल्याउन सहयोग गर्‍यो।

'मलाई ट्रान्सफर बजारमा काम गर्न अत्यन्तै मन पर्छ। यो मेरो लागि दबाब होइन। मेरो कामको सबैभन्दा रमाइलो पक्षमध्ये एक हो,' डे जर्बी भन्छन्। फर्नान्डेसलाई अनुबन्ध गर्नुअघि उनले खेलाडीका बुबा र आमासँग पनि कुरा गरेका थिए। टोटेनहमले चेल्सीको चासोका बावजुद डिफेन्डर भान हेक्केलाई पनि अनुबन्धित गर्न सफल भयो। यसअघि क्लबले म्यानचेस्टर युनाइटेड र म्यानचेस्टर सिटीलाई पछि पार्दै दुई कीर्तिमानी मूल्यका मिडफिल्डर भित्र्याइसकेको थियो। ट्रान्सफर बजारलाई धेरैले रणनीति र मनोवैज्ञानिक खेलको रूपमा हेर्छन्। यसमा सुरुदेखि नै टोटेनहमले आक्रामक र तीव्र रूपमा काम गर्नुपर्ने निष्कर्ष निकालेको थियो। ठूलो ट्रान्सफर शुल्क, आकर्षक तलब प्रस्ताव र खेलाडीलाई मनाउन डे जर्बीको व्यक्तिगत सक्रियता महत्वपूर्ण रह्यो।

गत अप्रिलमा ब्राइटनसँग २-२ को बराबरीपछि डे जर्बीले एउटा रोचक घटना सुनाएका थिए। उक्त खेलमा जर्जिनियो रुटरले ९५औं मिनेटमा गोल गर्दै टोटेनहमको रेलिगेसनबाट बच्ने आशामा धक्का दिएका थिए, जसको असिस्ट भान हेक्केले गरेका थिए। त्यसपछि डे जर्बीले भान हेक्केलाई सन्देश पठाएका रहेछन्। 'तिमीले रुटरलाई असिस्ट गरेर टोटेनहमलाई तल धकेल्न खोज्यौ। अब तिमी मैरै टोलीमा आउनुपर्छ र अर्को विकल्प छैन,' डे जर्बीले आफूले पठाएको सन्देश सम्झिए। टोनालीको अनुबन्धनका लागि पनि उनले विशेष भूमिका खेले। टोटेनहमले अन्तिम खेलमा एभर्टनलाई हराएर प्रिमियर लिगमा स्थान सुरक्षित गरेको भोलिपल्ट उनले टोनालीलाई सन्देश पठाए। इटालीको ब्रेसियास्थित उनको घरमै पुगेर भेट गरे र जुन अन्ततः निर्णायक वार्ता साबित भयो।

डे जर्बी अहिले पनि समर्थकलाई नयाँ 'बोम्बा' अर्थात् ठूलो अनुबन्धनको संकेत दिइरहेका छन्। टोटेनहमले थप दुई फरवार्ड भित्र्याउने तयारी गरिरहेको छ। त्यसमा सिटीका साभिन्होलाई अनुबन्धित गर्ने प्रयास छ। टोटेनहमले गैरजिम्मेवार ढंगले खर्च गरिरहेको भन्नु गलत हुने डे जर्बीको बुझाइ छ।

## अन्तरविद्यालय फुटसल बिहीबारदेखि

काठमाडौं साउन २० (नागरिक)- काष्ठमण्डप विद्यालयको आयोजनामा दोस्रो क्युकेएस अन्तरविद्यालय फुटसल प्रतियोगिता बिहीबारदेखि हुने भएको छ। क्वालिटी काठमाडौं स्कुल (क्युकेएस) को कार्यक्रमअनुसार हुन लागेको प्रतियोगितामा तीन विधामा प्रतिस्पर्धा हुने काष्ठमण्डपका इसिए इन्चार्ज सुन्दर बुढाथोकीले जानकारी दिए। जुनियर ब्वाइजमा १५, सिनियर ब्वाइजमा १६ र सिनियर गर्ल्समा १२ टोली सहभागी हुनेछन्। जुनियर ब्वाइजको समूह 'ए' मा काष्ठमण्डप 'ए', भक्तपुर निस्ट, त्रियोग र संस्कृति तथा समूह 'बी' मा अक्षरा, बिआइएस, युरो, छाउनी र रोजबर्ड छन्। समूह 'सी' मा काठमाडौं युरो, बानियाँटार, काठमाडौं प्रज्ञा कुञ्ज र कान्जिरोवा तथा समूह 'डी' मा काष्ठमण्डप 'बी', मेरिडियन, युरो, हात्तीगौडा र इम्पेरियल वर्ल्ड छन्।

सिनियर ब्वाइजको समूह 'ए' मा काष्ठमण्डप 'ए', भक्तपुर निस्ट, रोजबर्ड र जोन डेवी तथा समूह 'बी' मा मेरिडियन, युरो, हात्तीगौडा, संस्कृति र दीक्षालय, समूह 'सी' मा युरो, आउनी, बीआईएस, काठमाडौं प्रज्ञा कुञ्ज, काठमाडौं युरो, बानियाँटार तथा समूह 'डी' मा काष्ठमण्डप 'बी', इम्पेरियल वर्ल्ड, जिनियस आइबी र कान्जिरोवा रहेका छन्। सिनियर गर्ल्सको समूह 'ए' मा काष्ठमण्डप 'ए', त्रियोग र भक्तपुर निस्ट तथा समूह 'बी' मा जोन डेवी, एलआरआई र मेरिडियन रहेका छन्। काठमाडौं युरो, बानियाँटार, इम्पेरियल वर्ल्ड र संस्कृति समूह 'सी' तथा काष्ठमण्डप 'बी', युरो, छाउनी र काठमाडौं प्रज्ञा कुञ्ज समूह 'डी' मा छन्। तीनै विधाका सहभागी टोलीलाई ४ समूहमा विभाजन गरी लिग कम नकआउटका आधारमा खेल खेलाइनेछ। आठदिने प्रतियोगिताका खेल मण्डिखाटारस्थित आयोजक काष्ठमण्डपमा हुनेछ। पहिलो दिन १० खेल हुनेछ।

## फुटसलको क्वार्टरफाइनल समीकरण पूरा

काठमाडौं, साउन २० (नागरिक)- संस्कृति शिक्षा सदनको आयोजनामा जारी १०औं टोप्स अन्तरविद्यालय फुटसल प्रतियोगिताको सिनियर ब्वाइजतर्फ बुधबार क्वार्टरफाइनल समीकरण तयार भएको छ । गण्डकी बोर्डिङ स्कुल र संस्कृति, निम्बल एकेडेमी र ल्यान्डमार्क एकेडेमी, ह्वाइट हेभेन एकेडेमी र किन्डर गार्टेन तथा श्वेता सदन र इडिफाइ इन्टरनेसनल स्कुलबिच क्वार्टरफाइनल हुनेछ।

टिम अफ प्रोग्रेसिभ स्कुल (टोप्स) को वार्षिक कार्यक्रमअनुसार भइरहेको प्रतियोगिताको सिनियर गर्ल्स र जुनियर ब्वाइजमा भने सेमिफाइनल समीकरण पूरा भइसकेको छ । सिनियर गर्ल्समा तेजस्वी एकेडेमीले इडिफाई तथा संस्कृतिले ल्यान्डमार्क विरुद्ध खेल्नेछन् । जुनियर ब्वाइजमा ह्वाइट हेभेनले बेलमोन्ट इन्टरनेसनल एकेडेमी तथा ल्यान्डमार्कले इडिफाइसँग प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगिता बिहीबार सम्पन्न हुनेछ।




## पदक वितरणमा चरम लापरबाही र मिलेमतो

सन्देश श्रेष्ठ

*पोखरा, साउन २०*



गण्डकी खेलकुद परिषद् (गखेप) को पदक वितरणमा चरम लापरबाही भएको पाइएको छ। गण्डकी खेलकुद परिषद्ले गत असार ३० गते वितरण गरेको खेलकुद पदकमा चरम लापरबाहीसँगै मिलेमतोसमेत भएको पाइएको हो।

गखेपले २०८१/८२ मा खेलकुद पत्रकारितातर्फ केशव पाठक, खेलाडीतर्फ भलिबलकी अरुणा साही, आइटिएफ तेक्वान्दोकी सुस्मिता थापामगर, अन्तर्राष्ट्रिय आर्चरी खेलाडी योगेन्द्र शेरचन, असीम शेरचन, क्रिकेट प्रशिक्षकतर्फ रिजन प्रजु र संघसंस्थातर्फ नेपाल भूतपूर्व खेलाडी मञ्चलाई पदक वितरण गरेको थियो।

त्यसबाहेक सर्वोत्कृष्ट प्रदेश खेलबाट गण्डकी प्रदेश टेनिस संघलाई नगद १ लाख २० हजारसहित सम्मान गरिएको थियो भने गण्डकी प्रदेश ह्यान्डबल संघ र गण्डकी प्रदेश फेन्सिङ संघलाई उत्कृष्ट खेल संघ घोषणा गर्दै नगद ९०/९० हजारसहित सम्मान गरिएको थियो।

गखेप सदस्यसचिव श्रीधर शर्माले एकल र मनोमानी रूपमा पदक वितरण गर्दा सिफारिस समितिका सदस्यहरू भने पदक प्राप्त गर्ने कोको हुन् र कहिले वितरण भएको हो भन्नेमै बेखबर बनेका छन्। अर्कोतर्फ पदक सिफारिस समितिमै बसेकाले पदक लिएको रहस्य पनि खुलेको छ। सिफारिस समितिमा बसेर पदक प्राप्त गर्ने व्यक्ति केशव पाठक हुन्। उनले खेलकुद पत्रकारिता पदक प्राप्त गरेका थिए।

त्यस्तै, पदक सिफारिस समितिमै रहेका हरि पराजुली र चित्रबहादुर थापाले पनि आफ्नो संस्थालाई पदक पार्न सफल भएका छन्। पदक सिफारिस समितिमा रहेका पराजुलीले आफू निवर्तमान अध्यक्ष रहेको भूतपूर्व खेलाडी मञ्च र थापाले आफू अध्यक्ष रहेको ह्यान्डबल संघलाई पदक सदलाउन सफल भएका हुन्।

पदक सिफारिस समितिका अध्यक्ष मदन केसीले पदक वितरण गर्ने निर्णय नभएको बताए। आफूहरूले पदक प्राप्त गर्ने नामावली सिफारिस नगरेको बरु प्रारम्भिक सूची मात्र तयार गरेको उनको दाबी छ। 'हामीले आवेदक १८ मध्ये १३ जनाको प्रारम्भिक सूची बनाएका थियौं,' उनले अगाडि भने, 'पर्याप्त आवेदन नआएकाले थप ३५ दिनको समय दिएर पुनः आवेदन आह्वान गर्न आग्रह गरेका थियौं, तर हामीलाई थाहै नदिई हतारहतार पदक वितरण गरियो।'

गखेप सदस्यसचिव श्रीधर शर्मा भने आफ्नो अध्यक्षतामा बसेको गखेप बोर्ड बैठकले पदक सिफारिस समितिले पठाएको नामलाई निर्णय गरेर पदक वितरण गरेको जिकिर गर्छन्।

सिफारिस समितिमा बसेका व्यक्ति आफैंले पदक लिनु गलत भएको सिफारिस समितिका अर्का सदस्य दुर्गा अधिकारीले बताइन्। बैठकमा आफू एक पटक मात्र सहभागी भएको बताउँदै उनले भनिन्,'त्यस बेला सिफारिस समितिमै बसेका व्यक्तिलाई पदक दिने कुरा थाहा पाएपछि आफूले सम्बन्धित व्यक्तिलाई नलिन आग्रह गरेको तर ती व्यक्तिले पहिल्यै सिफारिस गरेको भन्दै लिइछाड्ने जबाफ दिए।'

गण्डकी प्रदेशकी सामाजिक विकास तथा खेलकुद मन्त्री रेखा गुरुङले सिफारिस बिना नै पदक वितरण गरेको भए कारबाही हुने बताइन्। 'सदस्यसचिव खराब रहेछन्,' उनले भनिन्, 'सिफारिसबिना नै पदक वितरण भएको भए त्यसको छानबिन गरेर कारबाही हुन्छ।'

गण्डकी प्रदेशका सामाजिक विकास तथा खेलकुद मन्त्रालयका सचिव शेषनारायण पौडेलले आफूहरू छात्रवृत्ति वितरण होला भनेर कार्यक्रममा गएको तर पदक वितरण भएको देखेर छक्क परेको बताए। 'पदक वितरण गर्ने भए मन्त्रीस्तरीय निर्णय हुनुपर्थ्यो,' उनले भने,'तर हामीलाई समेत थाहा नदिई पदक वितरण गर्ने निर्णय भएको रहेछ।'

## टेक्निकल अफिसरको भूमिकामा समसुद्दिन

काठमाडौं, साउन २० (नागरिक)- नेपालका सिद्दिकी समसुद्दिन उब्जेकिस्तानमा हुने एसियन युथ तथा जुनियर भारोत्तोलन च्याम्पियनसिपमा टेक्निकल अफिसरको भूमिका निर्वाह गर्ने भएका छन्।

उक्त च्याम्पियनसिपमा उज्बेकिस्तानको तासकेन्टमा साउन २२ देखि २९ तारिखसम्म हुँदै छ। सिद्दिकीले उक्त च्याम्पियनसिपमा टेक्निकल अफिसरको रूपमा सहभागी हुने भएका हुन्। नेपाल ओलम्पिक कमिटी (एनओसी)का अध्यक्ष जीवनराम श्रेष्ठले बुधबार एक कार्यक्रमका बिच सिद्दिकीलाई बिदाई गरेका थिए। एनओसी अध्यक्ष श्रेष्ठले हरेक विधाका टेक्लिनल अफिसरहरू खेलकुदको महत्त्वपूर्ण खम्बा रहेको बताए। 'खेलाडीहरू सबैको केन्द्रमा रहन्छन्।

तर खेलकुदको विकासमा प्राविधिक जनशक्तिहरू टेक्निकल अफिसर, रेफ्री, प्रशिक्षक, मेनेजर र अन्य सहयोगीको पनि उत्तिकै भूमिका रहेको हुन्छ' अध्यक्ष श्रेष्ठले भने। उनले नेपाल भारोत्तोलन संघको निरन्तर प्रयासले नेपालका टेक्निकल अफिसियलहरूले लगातार अन्तर्राष्ट्रियस्तरमा आफ्नो क्षमता देखाउन सफल भइरहेकोमा त्यस्तो श्रेय संघका अध्यक्ष रामकृष्ण श्रेष्ठलाई दिए।

### २०औं एसियाली खेलकुद

## नेपालबाट १ सय ३६ खेलाडी सहभागी हुने

**हाङझाउ एसियाडमा नेपालले समान १ रजत र कांस्य पदक जितेको थियो। ऐतिहासिक पदक जित्ने क्रममा करातेकी एरिका गुरुङले रजत तथा महिला कबड्डी टोलीले कांस्य जितेका थिए। एसियाडमा दुवैको पहिलो सहभागिता थियो।**

काठमाडौं, साउन २० (नागरिक)- जापानको आइची/नागोयामा हुने २०औं एसियाली खेलकुदमा नेपालबाट २२ खेलमा १ सय ३६ खेलाडीले सहभागिता जनाउने भएका छन् । ८० पुरुष र ५६ महिला गरी १ सय ३६ खेलाडी सहभागी हुने राष्ट्रिय खेलकुद परिषद्अन्तर्गत खेलकुद विकास विभागका प्रमुख सरोजकुमार पोखरेलले जानकारी दिएका छन्। प्रशिक्षक संख्या ३२ रहेको छ।

नेपालबाट आर्चरीमा १/१ पुरुष एवं महिला, एथलेटिक्समा ४ पुरुष र २ महिला, ब्याडमिन्टनमा २/२ पुरुष र महिला, बक्सिङमा ४ पुरुष र ३ महिला, क्यानोइ स्लालममा २ पुरुष, पुरुष क्रिकेट १५, साइक्लिङमा १/१ पुरुष र महिला तथा डान्स एन्ड स्पोर्ट्समा १ पुरुष खेलाडी सहभागी हुँदै छन्।

त्यस्तै गल्फमा ३ पुरुष र १ महिला, जुडोमा ३/३ पुरुष एवं महिला, कबड्डीमा समान १२ पुरुष र महिला, करातेमा ३ पुरुष र ५ महिला, स्केटबोर्डमा २ पुरुष, सफ्ट टेनिसमा ३ पुरुष र १ महिला, स्क्वासमा १/१ पुरुष र महिला, पौडीमा ३ पुरुष र २ महिला, टेबल टेनिसमा ३/३ पुरुष र महिला, तेक्वान्दोमा २ पुरुष, टेनिसमा ३ पुरुष र २ महिला, महिला भलिबलमा १२, कुस्तीमा ४ पुरुष र २ महिला तथा उसुमा ८ पुरुष र ३ महिला खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्नेछन्।

चीनको हाङझाउमा भएको १९औं एसियाडमा नेपालबाट २९ खेलमा २ सय ५३ खेलाडी सहभागी भएका थिए। १ सय २६ पुरुष र १ सय २७ महिला खेलाडीले भाग लिएका थिए।

हाङझाउ एसियाडमा नेपालले समान १ रजत र कांस्य पदक जितेको थियो । ऐतिहासिक पदक जित्ने क्रममा करातेकी एरिका गुरुङले रजत तथा महिला कबड्डी टोलीले कांस्य जितेका थिए । एसियाडमा दुवैको पहिलो सहभागिता थियो । २०औं एसियाड असोज ३ गतेदेखि सुरु हुँदै छ।




नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, सम्पादक : बालकृष्ण अधिकारी